
असार १५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# सुरुवात लाल भिडन्तको

मूल्य रु. २५



प्रधानमन्त्री र माओवादी अध्यक्षबीच भएको शिखर वार्तापछि आयोजित पत्रकार सम्मेलनमा बाबुराम भट्टराई, प्रचण्ड र एमाले महासचिव माधवकुमार नेपाल

भास्वर ओझा




वर्ष ३, अंक ११२, असार ९–१५, २०६३




आवरण : एमाले महासचिव माधवकुमार नेपाल र माओवादी अध्यक्ष प्रचण्ड बेग्लाबेग्लै तस्वीरमा *तस्वीरः भास्वर ओझा*


**आवरण :** सात दल र विद्रोही शान्ति प्रक्रियामा द्रुततर रूपमा अघि बढिरहेका बेला शक्तिशाली वामपन्थी घटक एमालेसँग माओवादीको भिडन्त सुरु भएको छ । माओवादीलाई काखा लगाएर आफूलाई पाखा लगाइने हो कि भन्ने त्रास एमालेमा देखिएको छ । लाल भिडन्तको यो सुरुवात चर्केला वा साम्य होला ? २८

## विशेष रिपोर्ट

माओवादीको मजदुर संगठनका गतिविधिका कारण बहुराष्ट्रिय कम्पनी कोकाकोलाले आफ्नो लगानी फिर्ता लैजाने तयारी गरिरहेको छ ३२

## रिपोर्ट

राजप्रासाद कर्मचारी निजामतीमा १२
चर्किंदै छ बन्दी आन्दोलन १३
पर्यटक आउलान् अब जिरीमा ? १४
कसरी होला हतियार व्यवस्थापन ? १६
घर फर्किंदै छन् विस्थापितहरू १८
अझै फेरिएको छैन माओवादी चाला २०
कश्मीरको कहरमा रोएको गाउँ २३

## अन्तर्वार्ता

बेलायती राजदूत किथ ब्लुमफिल्ड भन्छन्– शान्ति प्रक्रियाका कारण नेपालबाट खुसी भएर फर्कंदै छु २४

## राजनीति

माओवादीसँगको सहमतिले सात दलमा असन्तुष्टि चुलिँदै छ २६




तेजबहादुर बस्नेत


**जीवनशैली :** अब खाना खान परिवारै घरबाट बाहिर निस्केर रेस्टुराँ जाने चलन नौलो रहेन ३८

| | |
|---|---|
| सम्पादकीय | ५ |
| डाँक | ८ |
| मुलुक | १० |
| खेलकुद | ४७ |
| साहित्य | ५१ |
| रंग | ५४ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# भुटानी शरणार्थीको बिजोग

**विश्व शरणार्थी दिवस** अर्को एउटा औपचारिकताका रूपमा मनाइएको छ। तर, विगतमा जस्तै १४ वर्षदेखि झापा तथा मोरङका शिविरमा दयनीय जीवन बिताउन बाध्य एक लाखभन्दा बढी भुटानी शरणार्थीहरूको जीवनमा यस वर्ष पनि कुनै सुखद परिवर्तन आउने संकेत देखा परेको छैन।

शरणार्थीसम्बन्धी राष्ट्रसंघीय उच्चायोगले भुटानी शरणार्थीहरूतर्फ उनीहरूको मातृ थलो भुटान र हालको आतिथेय मुलुक नेपालबाहेकका अन्य मुलुकमा शरणार्थीहरूलाई बसोवास गराउने प्रशस्त सम्भावना भएको बताउँदै त्यसका लागि अग्र सक्रियता पनि देखाउँदै आएको छ। शिविरमा अनिश्चित जीवन बिताइरहेका भुटानीहरूका लागि यो राम्रो विकल्प हो निश्चय पनि तर सर्वोच्च विकल्प भने यो होइन।

उच्चायोगले अन्य मुलुकमा बसोवास सम्बन्धी सम्भावना कार्यान्वयन हुन नसक्नुमा मुख्य गरी नेपाललाई दोष दिएको छ। अन्य सम्भावनाहरूको खोजी या कार्यान्यनपूर्व नेपाल-भुटान द्विपक्षीय सहमतिअनुसार केही भुटानीहरू स्वदेश फर्काइनु पर्ने अडान नेपालले राख्दै आएको छ। र, भुटानी शरणार्थीहरूको नेतृत्ववर्ग पनि यही चाहन्छ।

## सम्पादकीय


आशाका अनुहारहरू : शरणार्थी बालबालिका
एजेन्सी

स्वभाविकरूपमा भुटानी शरणार्थीहरूको संघर्ष भुटानमा मानवअधिकार र प्रजातन्त्रको स्थापनासँग जोडिएको छ। निरंकुश राजतन्त्रले असंगठित अल्पसंख्यक तथा प्रजातन्त्रका हिमायतीहरूलाई केही समयका लागि प्रताडित गर्न सक्छन्। तर, अन्तिम विजय जनता र प्रजातन्त्रकै हुन्छ भन्ने कुरा शरणार्थीहरूको आतिथेय मुलुक नेपालले हालै प्रस्तुत गरेको छ। दुर्भाग्यवश भुटानभित्र प्रजातन्त्रको पक्षमा दरिलो आन्दोलन हुन नसक्दा त्यहाँका राजाको दमनकारी नीतिले अरू हौसला पाएको छ अहिले।

प्रजातान्त्रिक र छिमेकी मुलुक भारत लगायत राष्ट्रसंघले भुटानी राजाको अल्पसंख्यक मानवअधिकार तथा प्रजातन्त्रविरोधी नीतिलाई परोक्ष वा प्रत्यक्षरूपमा सघाउँदै आएका छन्।

शरणार्थीका रूपमा रहेका भुटानीहरू खास गरी महिला तथा बालबालिकाहरूको सुरक्षित भविष्यका लागि तात्कालिक दृष्टिकोणले निश्चय पनि तेस्रो मुलुकको बसोवास उचित देखिन्छ। तर, आफ्नो मुलुक, समाज, संस्कृति तथा परिवारबाट अलगिनु र उनीहरूको राष्ट्रिय भाव विखण्डित हुने स्थिति निश्चय पनि अन्तिम विकल्पका रूपमा मात्र अपनाइनुपर्छ।

नेपाल तथा भुटानबीच हाल बन्द रहेको द्विपक्षीय मन्त्रिस्तरीय वार्ताद्वारा शरणार्थीहरूको भविष्यबारे किटानका साथ निर्णय गर्नुपर्ने बेला भएको पनि छ। भारतले आफ्नो औपचारिक तटस्थताद्वारा भुटानी राजालाई पुऱ्याउँदै आएको समर्थन नेपाली मूलका भुटानी शरणार्थीहरूविरुद्ध रहेको तथ्यलाई पनि सरकारले स्पष्टरूपमा भारतसमक्ष राख्न सक्नुपर्छ। आ-आफ्ना हिसाबले भारत र नेपाल दुवैद्वारा भुटानी राजालाई आश्वस्त गर्ने प्रयास हुनु आवश्यक छ। यस्तो दमनले दक्षिण एसियालाई आतंकवादको छायाँबाट मुक्त राख्ने प्रतिबद्धता पराजित हुनसक्छ। मुलुकमा प्रजातन्त्र स्थापित गर्ने राजा जिग्मे सिग्मे वाङचुकको इमानदारीका लागि चुनौती पनि हो। अल्पसंख्यक नागरिकहरूलाई मानवअधिकार तथा न्यूनतम आवश्यकताबाट वञ्चित गरेर प्रजातन्त्र स्थापित गर्न सकिँदैन। त्यो प्रजातन्त्रका नाममा अर्को धोखा मानिनेछ। ■




## समय साता

**असार १ गते**

- सिन्धुपाल्चोकको चौतारामा माओवादीद्वारा एक स्कुले छात्रको हत्या ।
- राजाको कामको पनि छानबिन हुने उच्चस्तरीय छानबिन समितिका अध्यक्ष कृष्णजंग रायमाझीको भनाइ ।

**२ गते**

- माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री निवास बालुवाटारमा सार्वजनिक, सात दल-माओवादी शिखर वार्ता ।
- नेपालको शान्ति कार्यक्रम र संविधानसभा निर्वाचनका लागि डेनमार्कले २ अर्ब सहयोग गर्ने ।

**३ गते**

- टेलिकमले प्रिपेड मोवाइल वितरणका लागि बिर्तामोडमा खोलेको कार्यालयमा आवेदन फारम बुझाउन जानेको भीडमा च्यापिएर १२ घाइते ।
- कपिलवस्तुको पत्थरकोटमा यात्रुवाहक बस पल्टँदा ६ को मृत्यु, ३७ हुँदा घाइते ।

**४ गते**

- सात दलका शीर्ष नेताहरूले माओवादीसित गरेको सहमतिप्रति दलहरूमा गम्भीर असन्तुष्टि ।
- थुनामा रहेका शाही सरकारका दुई मन्त्री टंक ढकाल र कमल थापा रिहा ।

**५ गते**

- सात दल-माओवादी ८ बुँदे सहमतिप्रति दलहरूमा असन्तुष्टि तीव्र । हतपतमा काम भएको स्विकार्दै आइन्दा यस्तो गल्ती नहुने गृहमन्त्री कृष्णप्रसाद सिटौलाको स्वीकारोक्ति ।
- अन्तरिम संविधान निर्माण समितिमा महिला सहभागिता गराउन माग गर्दै महिलाहरूद्वारा आन्दोलन जारी ।
- भुटानी शरणार्थी अनशनमा, मानवअधिकार मामिलामा कुनै पनि निकायले चासो नदेखाएको आरोप ।

**६ गते**

- हतियार व्यवस्थापन नभई अन्तरिम सरकार नबन्ने वार्ताटोलीका संयोजक तथा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको स्पष्टोक्ति ।
- नेपाल मानवअधिकार संगठनका तर्फबाट प्रधानसेनापति प्यारजंग थापाको निलम्बनको माग गर्दै सर्वोच्चमा रिट ।
- सुर्खेतमा बेवारिसे बम विस्फोटन हुँदा घरबिदामा आएका एक सैनिक र एक बालकको मृत्यु ।

**७ गते**

- सुर्खेतबाट जुम्लाका लागि उडेको यती एयरको ट्विनअटर विमान जुम्ला विमानस्थलमा अवतरण गर्न लाग्दा डाँडोमा ठोकिएर दुर्घटना हुँदा चालकसहित नौजनाको मृत्यु ।
- एमाले महासचिव माधवकुमार नेपालद्वारा नेपालको शान्ति प्रक्रियामा सहयोग गर्न आग्रह गर्दै राष्ट्रसंघलाई पत्राचार गरिसकिएको खुलासा ।
- राजधानीको लैनचौरमा मंगलबार साँझ भएको घटनामा शाही पार्श्ववर्ती भरतकेशर सिंहलाई हतकडी लगाएको अभियोगमा वडा प्रहरी कार्यालय दरबारमार्गका प्रहरी निरीक्षक आभूषण तिमिल्सिनामाथि कारबाही ।




## भाषाले बिझायो

*समय*को वर्ष ३, अंक ११० सुरुदेखि अन्तसम्म पढियो । विशेष गरी सोही अंकमा छापिएको तृष्णा राज्यलक्ष्मी कुँवरको कथा 'सेराज अहमद'को बारे छोटो टिप्पणी गर्दै छु । कुँवरको कथा उत्कृष्ट लाग्यो । लेखिकाले गरिबी र पछौटेपनबाट ग्रसित नेपालको अवधी भाषी मुस्लिम समाजको बारेमा कलम चलाएकोमा सलाम । कथा पढेर मलाई आफ्नै गाविसको जेहन्दार विद्यार्थी अनवारुल हक खाँको याद आयो, जो गरिबीका कारण बीचैमा पढाइ छाडी रिक्सा चलाउन बाध्य भएको थियो ।

लेखिकाले कथाको बीच बीचमा सम्फनाका प्रसंगहरूमार्फत अवधी भाषाको समेत प्रयोग गरेकी पाइयो । उनले भोजपुरी भाषाको प्रयोग गरेकोमा भने आँखामा बिजाएजस्तै लाग्यो ।

■ **इद्रिस सायल**
प्रधान सम्पादक : घमनिया साहित्यिक पत्रिका
सोनपुर-९, बाँके

## नियमित होस् खेल समाचार

म एक खेलप्रेमी भएका कारण खेल समाचर मेरो रुचिको विषय हो । *समय* बजारमा आएदेखि निरन्तर मैले खेल समाचार पढ्ने गरेको छु । यसका लागि *समय*लाई विशेष धन्यवाद नदिइरहन सक्दिनँ । साथै खेलको नाममा ब्रह्मलुट गर्नेहरूविरुद्ध निरन्तर पर्दाफास गर्ने आँट *समयले* गरेकोमा सम्पादकलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि खेल र योसँग सम्बन्धित समाचारलाई *समयले* स्थान दिँदै जानेछ भन्ने आशा गरेको छु ।

■ **विनोद कंसाकार**
मैतीदेवी, काठमाडौं

## प्रकाश ओझा दोषी प्रमाणित भएका हुन्

*समय* राष्ट्रिय साप्ताहिक पत्रिकाको सुरुदेखिकै नियमित पाठक रहेकोले यसमा प्रकाशित लेख, रचना एवं विश्लेषणसँग म प्रत्येक हप्ता सामीप्य राख्छु । यसै क्रममा यस पत्रिकाको वर्ष ३, अंक १११ को पृष्ठ ५६ मा 'कुँडियो मन' शीर्षकअन्तर्गत कसैले गल्ती गर्छ भने उसले कानुनबमोजिम सजाय पाउँछ भनी उल्लेख गरिएको पहिलो अनुच्छेदको वाक्य सही लेख्दा लेख्दै पनि त्यसको दोस्रो अनुच्छेदमा उल्लिखित सुनसरी जिल्ला अदालतले प्रकाश ओझालाई दुई साताअघि नै निर्दोष सावित गर्दै सफाइ दिइसकेको छ भन्ने तथ्य उक्त व्यक्तिविरुद्धको मुद्दामा पीडितको तर्फबाट निःशुल्क प्रतिनिधित्व गर्ने कानुनव्यवसायीको हैसियतमा अर्धसत्य लागेकाले यहाँको लोकप्रिय पत्रिकामार्फत नै पूर्ण सत्य उजागर गरी पीडितहरूलाई थोरै मात्र भए पनि राहत प्रदान गर्नु हुन आग्रह गर्दछु ।

निज प्रकाश ओझाविरुद्ध सरकारबाट दुईवटा ज्यू मास्ने बेच्ने मुद्दा एवं बालिकालाई अनैतिक पेसामा लगाउने फोटो खिच्ने कार्यउपर आवश्यक कारबाही गर्न उजुरी दायर गरिएकोमा सुनसरी जिल्ला अदालतबाट २०६२ जेठ १० गते फैसला गरिएको थियो । उक्त फैसलामा ज्यू मास्ने बेच्नेसम्बन्धी दुवै मुद्दामा निजले सफाइ पाएको सत्य हो । तर, बालबालिका ऐन २०४८ अनुसार १२ वर्षे बालिकाको अर्धनग्न फोटो खिचिएको आरोपमा निजलाई ६ महिना कैद, रु. ५,०००/- जरिवाना र पीडितलाई रु. १०,०००/- क्षतिपूर्ति निज प्रकाश ओझाबाट भराई दिने गरी निर्णय नं. ४९३ मार्फत अदालतले दोषी ठहऱ्याएबाट निज निर्दोष होइनन् भन्ने पुष्टि हुन्छ ।

आफ्नी छोरी सरहकी नाबालिकाको अर्धनग्न फोटो खिच्ने अपराधीलाई हाल विद्यमान रहेको १ वर्षसम्म सजाय गर्नसक्ने कानुनी प्रावधानविपरीत ६ महिना मात्रै कैद गरिएको अदालती निर्णय अपुग भएको भनी व्यापक जनगुनासो रहेको परिदृश्यमा निजले अदालतबाट समेत सफाइ पाएको भनी नागरिकको सूसूचित हुने अधिकार संरक्षण गर्न दत्तचित्त रहेको पाक्षिक पत्रिकामा गलत तथ्य छापिनु दुर्भाग्यपूर्ण भएकोले आगामी दिनमा यस्तो विषयमा संवेदनशील भई सूसूचित गराउन *समय* परिवार सदा अग्रसर रहोस् ।

■ **अधिवक्ता किशोर सिलवाल सेलर्ड**
काठमाडौं

## अझ खोजिनु पर्छ यस्ता कर्तुत

*समय* वर्ष ३, अंक १११ को एमबिबिएस तयारी कक्षाको नाममा गरिएको लुट पढ्ने मौका पाएँ । म जस्ता विद्यार्थीलाई सचेत बनाइदिएको *समय* परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु । अहिले राजधानीमा पैसाकै भरमा डाक्टर र इन्जिनियर बन्न सकिन्छ भन्ने सपना बाँडेर पैसा असुल्ने यस्ताखाले तयारी कक्षाहरू बढ्दा छन् । जानकारी नभएका कारण म जस्ता विद्यार्थी पनि यस्ता कक्षामा ठगिन पुग्नु पर्ने बाध्यता बढ्दो छ । आगामी दिनमा यस्ता खाले समाचार बाहिर ल्याएर हामीजस्ता विद्यार्थीलाई *समयले* सहयोग गर्दै जाओस् । हाम्रो शुभकामना ।

■ **देवान पराजुली**
पुतलीसडक, काठमाडौं

## गजल

■ **क्षेत्रप्रताप अधिकारी**

विकृतिहरू बढारेर फाल्नुहोस् अब
विधिको व्याख्या थाल्नुहोस् अब ।

निमुखा जनहरू अँधेरा छन् अझै
न्यायको ज्योति बाल्नुहोस् अब ।

एउटै ड्याडको मुला हुँदैनन सबै
सज्जन खोजी खोजी पाल्नुहोस् अब ।

इमानदार मनहरू फाटेका छन् यहाँ
तेरो मेरो नभनी टाल्नुहोस् अब ।

यो वनमा विष-वृक्ष रोपिए कि कतै
छानेर एक-एक ढाल्नुहोस् अब ।

भ्रष्टहरू सितिमिति गल्दैनन् अरे
अगुल्टोले डामेर गाल्नुहोस् अब ।

देश दुहेर दौलत लुकाउनेको त
अगेनोको खरानी पनि चाल्नुहोस् अब ।

राष्ट्रिय ढुकुटी रित्याउनेलाई त
जुनीभरि जेल नेल हाल्नुहोस् अब ।

## धन्यवादका पात्र

*समय* वर्ष ३, अंक १११ को जुम्लाको रिपोर्ट 'पारदर्शिताको बाटोमा' पढ्दा मुक्तिसिंह ठकुरीबाट पो हामी नेपालीले धेरै पाठ सिक्न बाँकी छ कि जस्तो लाग्यो । विकट ठाउँमा विकास र पारदर्शिताको नमुना पेस गर्ने आँट गरेकोमा ठकुरीलाई बधाई । गैससले सरकारलाई समेत पारदर्शिताको बाटोतर्फ उन्मुख हुन सघाएँझैं आफू पनि पारदर्शितातिर लागिदिए देशकै भलो हुने थियो ।

■ **अमर विरही**
तुल्सीपुर, दाङ
हाल : काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**



▲ खेतमा काम गर्दै माओवादी छापामार

# खेतमा जनसेना

**मुलुकमा एकातिर** माओवादीको 'जनसेना'लाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा व्यापक बहस चलिरहँदा मध्यपश्चिमको दुर्गम जिल्ला रुकुमका माओवादी 'जनसेना' अहिले खेत रोपाइँमा जुटेका छन् । देशमा स्थायी शान्तिका बहाली गर्नका लागि सरकार-माओवादीबीच शान्तिवार्ता चलिरहेका बेला हतियार बिसाएर फुर्सदिला बनेका माओवादीका 'जनसैनिकहरू' अहिले खेत रोपाइँमा जुटेका हुन् ।

जीउमा माथिल्लोपट्टि टि-सर्ट र तल युद्धका बेला लगाइने कम्ब्याट ड्रेस नै लगाएर, जेठ महिनाको प्रचण्ड गर्मीमा शरीरबाट खलखल्ती निस्किरहेको पसिनाले माटो भिजाउँदै एकोहोरो रूपमा कोदालाले भुइँ फुटालिरहेका माओवादी जनसेनालाई पहिलो पटक झट्ट देख्ने जो सुकैलाई पनि अचम्म लाग्न सक्छ । बाहिरी मात्र होइन खोलीगाउँकै स्थानीय बासिन्दा समेत माओवादी जनसेनाको यो रूप देखी आफूहरूलाई आश्चर्य लागेको बताउँछन् ।

'हिजोसम्म हातमा हतियार समातेर युद्धमोर्चामा बस्नेहरू आज कुटो, कोदालो समातेर यस्तो टन्टलापुर घाममा खनजोत गरेको देख्दा हामीलाई पनि अचम्म मात्र होइन खुसी पनि लागेको छ', स्थानीय एक वृद्धले भने, 'अब यी हतियार चलाउने हातहरूले हतियार छाडी बरु हलोजुवा नै भए पनि चलाएको हेर्ने मन छ, त्यो स्थिति चाँडै आओस् ।' आफूले विगत ११ वर्षे अवधिमा हत्याहिंसाका धेरै घटना देखे-सुनेको बताउने ती वृद्धले कामना गरे, 'रगत जसको बगे पनि मन सबैको भतभती पोल्दो रै'छ । अब यो माटो रगतले होइन पसिनाले भिजोस् ।'

अब मुलुकमा दिगो शान्ति कायम हुने आशामा रहेका माओवादी सैनिक आफूहरू अहिले फुर्सदमा भएकाले खाली समय सदुपयोग गर्न रोपाइँमा जुटेको बताउँछन् । 'हतियार मात्र चलाइरहँदा कुटो कोदालो चलाउन बिर्सिएँ कि जस्तो लागेको थिए, धन्न बिर्सेको रहेनछु ।' खनिरहेका एकजना माओवादी सैनिकले एक हातले निधारको पसिना पुछ्दै भने, 'आफू त किसानको छोरो परियो, सानैदेखि गरिआएको काम कसरी भुल्न सकिन्थ्यो र !'

धेरै वर्षपछि रोपाइँका लागि तयार पारिएको हिलाम्मे खेतमा खुट्टा हालेको बताउने एक महिला छापामारले भने अहिलेको रोपाइँले आफ्नो घरको रोपाइँको सम्झना ताजा गराएको अनुभव बताइन् । 'मलाई त यो रोपाइँले घरको सम्झना पो गरायो ।' उनले भनिन्, 'अघिल्ला वर्षका रोपाइँ देख्दा पनि कटक्क मन खान्थ्यो, एकै छिनका लागि भए पनि हतियार राखेर बीउ समातौं कि जस्तो पनि लाग्थ्यो ।' भूमिगत अवस्थामा हतियारसँग मात्र खेल्न पाउने माओवादी सैनिकहरू अहिले एकपटक फेरि कुटो, कोदालो र हलोजुवासँग साइनो गाँस्न पाउँदा निकै खुसी र उत्साहित देखिन्थे । एकले भने, 'शान्ति प्रक्रिया अघि बढेकै छ । अब यसरी नै कुटाकोदालो गर्ने दिन फिर्लान् नि !'

अहिलेको वार्ता सफल भई मुलुकमा शान्ति बहाली होला भन्ने आशा माओवादी सेनामा जत्तिको छ त्योभन्दा बढी शंका पनि । दिगो शान्तिको कामना गर्दै दुर्गम भेगमा खेत रोपाइँमा जुटेका यी माओवादी सैनिकहरूमध्ये स्थायी शान्ति स्थापना हुने कुरामा भने अझै पनि शंका कायमै रहेको माओवादी सैनिक शिव बताउँछन् । 'शान्तिको लागि हामी जुनसुकै काम गर्न पनि तयार छौं तर शान्ति हुन्छ भन्ने कुरामा हामीलाई अझै शंका छ', उनले भने । किन र के कारणले शान्ति स्थापना हुँदैन भन्ने कुराको जवाफ भने उनले दिन चाहेनन् ।

माओवादीका सैनिकहरू आफ्नो व्यक्तिगत या जनताको खेत रोपाइँमा सहयोगभन्दा विगतमा गाउँका केही व्यक्तिहरूबाट विभिन्न आरोपमा आफ्नो पार्टीले कब्जामा लिएका जग्गामा रोपाइँ गर्न लागेका छन् । विगतमा कब्जा गरिएका जनताको जमिन फिर्ता गरी विस्थापितलाई गाउँ फर्कने वातावरण मिलाउने कुरामा माओवादी पार्टीबाट पटक-पटक प्रतिबद्धता भए पनि उनीहरूले हालसम्म पनि फिर्ता गरेका छैनन् र अहिले ती जग्गामा आफ्नो सेना प्रयोग गरी आफ्नै लागि खेती लगाउने काम गरिरहेका छन् ।

जनसेनाका कमान्डरहरू पार्टीको बैठकमा व्यस्त भएको हुनाले भेट्न नसकिए पनि फुर्सदमा रहेका माओवादी सैनिकहरू अहिले खेत रोपाइँमा मात्र होइन भूमिगत युद्धको लामो समयपछि आफ्नो घर-परिवारसँग भेटघाटमा पनि गएको उनीहरू बताउँछन् । फुर्सदको समयमा जनमुक्ति सेना गोठाला, कृषक र कार्यकर्ता जुनसुकै काम पनि गर्न तयार भएको खेत रोपाइँको एउटा उदाहरण भएको माओवादी सेनाका एक कमान्डरले बताए ।

त्यस क्षेत्रमा माओवादीले कब्जामा लिएको करिब ५० रोपनी जग्गामा अहिले दैनिक ९० जनाभन्दा बढी माओवादी सैनिकले काम गरिरहेका छन् । जसमा महिला र पुरुषको संख्या करिब बराबर रहेको छ ।

■ **गणेशकुमार कार्की/खोलीगाउँ** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| धरानबाट | बिहान ४.२० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |
| वीरगञ्जबाट | बेलुका ८.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# राष्ट्रसंघ महासचिवमा नेपाली ?

**संयुक्त राष्ट्रसंघको** महासचिव पदमा कोफी अन्नानका उत्तराधिकारीको छनोट प्रक्रियाले औपचारिकता हासिल गर्न थालेका बेला कयौं एसियाली मुलुकहरूले यसपल्ट आफ्नो दाबी पेस गरेका छन् । भारतले शशि थरुरको उम्मेदवारी घोषणा गरेलगत्तै पाकिस्तानले पनि प्रधानमन्त्री सौकत अजिजलाई अगाडि सारेको छ । यसैक्रममा अर्को वर्ष हुने निर्वाचनका लागि नेपालले पनि उक्त पदमा आफ्नो दाबी पेस गर्न गृहकार्य सुरु गरेको बुझिएको छ ।

थरुर र सौकत अजिजको नाम सार्वजनिक हुनुपूर्व नै श्रीलंकाले राष्ट्रसंघका लागि आफ्ना राजदूत जयन्त धनपाला र दक्षिण कोरियाले विदेशमन्त्री वान कि मोनको उम्मेदवारी घोषणा गरिसकेका छन् । नेपालमा जनआन्दोलनको सफलता र अन्तर्राष्ट्रियजगत्मा उसले हासिल गरेको प्रतिष्ठाका साथै अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय देखिनुपर्ने आन्तरिक मान्यताले यसपल्ट उक्त पदका लागि औपचारिक दाबी पेस गर्ने सम्भावना बढेको हो । 'हामी यसबारे सोचिरहेका छौं', एक मन्त्रीले नाम उल्लेख नगर्ने सर्तमा *समय*सँग भने । राष्ट्रसंघको उच्चतम पदमा आफ्नो दाबी पेस गर्नुपर्ने मान्यता सत्ताधारी दलहरूले पनि राखेका छन् । यद्यपि, त्यसबारे औपचारिक निर्णय भइसकेको छैन ।

नेपाल राष्ट्रसंघको उच्चतम पदमा पुग्न सकिने यसअघिका महत्त्वपूर्ण अवसरबाट वञ्चित भएकाले अहिले अवसर हातमा लिनुपर्छ भन्ने सोच आएको हो । सन् ६० को प्रारम्भमा तत्कालीन महासचिव ड्याग हवारसोल्डको हवाई दुर्घटनामा मृत्युपछि राष्ट्रसंघमा नेपालका तत्कालीन स्थायी प्रतिनिधि ऋषिकेश शाहको नाम अन्य मुलुकले चर्चा गरेका थिए । तर, दरवारले त्यसप्रति कुनै चासो नदिएपछि नेपाल त्यो दाबीबाट बाहिरिएको थियो । पछि प्राध्यापक यदुनाथ खनालको नाम सम्भावित उम्मेदवारको रूपमा अन्य मुलुकहरूले संकेत गरेका थिए । तर, त्यसलाई पनि दरवारले वास्ता गरेन ।

त्यसैगरी सन् ८० को दशकमा विभिन्न मुलुकमा कूटनीतिक पद तथा राष्ट्रसंघमा आवासीय प्रतिनिधिका रूपमा अनुभव हासिल गरेका डा. भेषबहादुर थापाको नाम उप-महासचिव पदमा अनौपचारिक रूपमा आएको थियो । त्यस बेला पनि दरवारले नकारात्मक भूमिका खेलेको थियो । अहिले पनि नेपालीहरूमध्येबाट सबभन्दा माथिल्लो तहमा कुलचन्द्र गौतम राष्ट्रसंघमा कार्यरत छन्, सहायक महासचिवका रूपमा । विगत केही वर्षयता उनी नेपालमा द्वन्द्व समाधानका लागि राष्ट्रसंघलाई भूमिका दिन सक्रिय रहँदै आएका छन् ।

■ विश्वमणि/काठमाडौं

## नक्कली चन्दाको बिगबिगी



**राजधानीमा चन्दा** उठाउने नक्कली माओवादीको बिगबिगी फैलिएको छ । समयलाई प्राप्त चारवटा पत्रहरूले उनीहरू कम्तीमा ३५ लाख रुपैयाँ चन्दा उठाउन सफल भएको देखाएको छ ।

नेकपा (माओवादी) उपत्यका विशेष संगठन समिति इन्चार्ज सूर्यकिरणका नाममा २० लाखभन्दा बढी र प्रभाकिरणका नाममा १५ लाख रुपैयाँ उठाएको देखिएको छ । प्राप्त रसिदमा उक्त रकम साम्लिङ र रान्नाका नाममा दुईपटक गरी २० लाखभन्दा बढी लिइएको छ । र, सुनिल श्रेष्ठबाट १५ लाख रुपैयाँ लिएको देखिन्छ । माओवादी स्रोतका अनुसार ती रसिदहरू पूर्णरूपमा नक्कली हुन् र माओवादीलाई बदनाम गर्ने उद्देश्यका साथ यसरी रकम उठाइएका विवरण तयार पारिएका हुन् । राजधानीमा नक्कली नामबाट रकम उठाउने काममा एउटा गिरोह नै सक्रिय रहेको दाबी माओवादी स्रोतको रहेको छ ।



**प्रतिनिधिसभा घोषणाद्वारा** राजप्रासाद सेवा खारेजी भएपछि त्यहाँ कार्यरत नौ सय कर्मचारीको व्यवस्थापनसम्बन्धी एक महिना लामो अन्योल असार ७ गतेदेखि समाप्त भएको छ । कानुनमन्त्री नरेन्द्रविक्रम नेम्वाङ संयोजक रहेको घोषणा कार्यान्वयन सुझाव समिति राजदरवारका कर्मचारीलाई निजामती सेवाअन्तर्गत राजप्रासाद सेवा गठन गरी समूहीकृत गर्नुपर्ने निर्णयमा पुगेपछि अन्योल सकिएको हो ।

राजप्रासाद सेवा गठन गरी राजदरवारको कर्मचारी व्यवस्थापन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन समितिले सरकारसमक्ष बुझाइसकेको छ । निजामती सेवा ऐन नियम संशोधन गरी सेवा गठन गरेपछि तत्कालीन राजप्रासाद सेवाका कर्मचारी औपचारिक रूपमा निजामतीकृत हुनेछन् ।

'दरवारका कर्मचारीलाई राजप्रासाद सेवा गठन गरी निजामतीकृत गर्ने सुझाव हामीले दिएका छौं', समितिका सदस्य श्रीकान्त रेग्मी भन्छन्, 'उनीहरूको पद बहाल गर्दा लोकसेवा आयोगको परामर्शमा गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ ।' निजामती कर्मचारीको नियुक्तिमा लोकसेवा आयोगको भूमिकालाई संविधानले अनिवार्य गरेकाले समितिले यस्तो व्यवस्था सुझाएको बताइएको छ ।

राजालाई राजनीतिक महत्त्वाकांक्षाको भोक जगाउन राजप्रासादका उच्च कर्मचारीले उत्प्रेरकको भूमिका निर्वाह गरेकाले त्यस्तो प्रवृत्ति जोगिन नदिन राजप्रासाद खारेज गरी त्यसलाई निजामती सेवाको अंग बनाउनुपर्ने घोषणा प्रतिनिधिसभाले गरेको थियो ।

राजाको अस्तित्वको विषयमा संविधानसभाको परिणाम नआइन्जेल दरवारलाई पारदर्शी, जनताप्रति वफादार र शोभनीय मात्र तुल्याउन त्यहाँको कर्मचारीतन्त्रलाई सरकार मातहत ल्याउन अपरिहार्य भएकाले २ सय ३७ वर्षको अभ्यासमा परिवर्तन ल्याउनुपरेको विश्लेषण जानकारहरूको छ ।

निजामतीकरणको पृष्ठभूमिमा अन्तरनिहित त्यस्तो उद्देश्य राजप्रासाद सेवाको अलग्गै समूहबाट हासिल हुने देखिँदैन । समितिको सुझावअनुसार दरवारको प्रशासनमा माथिल्लोदेखि तल्ला कर्मचारीसम्म उही अनुहार यथावत् रहनेछन् ।

'दरवारका कर्मचारीसमेत प्रशासन सेवामा आउने इच्छा जाहेर गरेका थिए', रेग्मी भन्छन्, 'तर सर्वस्वीकार्यता, विवेक र प्रशासन सेवाको कार्यक्षमता पर्ने नकारात्मक असरलाई दृष्टिगत गरेर छुट्टै सेवामार्फत निजामतीकरणको निर्णयमा पुगेका हौं ।'

राजप्रासाद सेवाका कर्मचारीलाई निजामतीकरण गर्ने प्रतिनिधिसभाको जेठ ४ को घोषणालगत्तै सांगठनिक रूपमा कर्मचारी संघ-संगठन र व्यक्तिगत रूपमा कर्मचारी संघ-संगठनले सशक्त विरोध कार्यक्रम संचालन गरेका थिए ।

राजप्रासाद सेवाका कर्मचारी निरंकुशताको पक्षपाती हुन्, कृपाको आधारमा जागिर खाने र वृत्ति विकास हुने परिपाटीले गर्दा अयोग्य, निर्णय प्रक्रियामा सामेल हुनु नपर्ने हुँदा नेतृत्व क्षमताहीन हुन्छन् भन्ने आवाज कर्मचारी संघ-संगठनहरूले जोडदार रूपमा बुलन्द गरिरहेकाले प्रशासन सेवामा जाने दरवारका अधिकांश कर्मचारीको मनसुवामा ठेस लागेको छ । दरवारका कर्मचारी नयाँ बोतलमा पुरानै रक्सीको रूपमा रहनेछन् ।

घोषणाको मनसायलाई सरकारले शिरोपर गर्ने हो भने प्रशासन सेवाको सामान्यप्रशासन समूहमा आफूहरूको मिलान हुनुपर्ने माग राजदरवारका केही कर्मचारीले समिति, सामान्यप्रशासन मन्त्रालय र लोकसेवा आयोगमा समेत पुऱ्याएका थिए । 'राजदरवारका कर्मचारीका सन्दर्भमा गर्नुपर्ने कार्यहरू' भन्ने शीर्षकमा २ पृष्ठ लामो बेनामी विवरण बनाएर ती निकायका अधिकारीहरूको हात हातमा पुऱ्याइएको छ ।

उनीहरूको माग उपयुक्त आकारमा ल्याउनुपर्ने, राजदवार सेवाअन्तर्गत प्रशासनतर्फका कर्मचारीलाई सामान्य प्रशासन समूहमा लानुपर्ने लगायतका छन् । राजदरवारको चौघेराबाट मुक्ति खोजेका ती कर्मचारीले राजदरवारका कर्मचारीलाई बाहिर र बाहिरकालाई राजदरवार ओहोर दोहोर गराउने हो भने मात्र घोषणाको मर्मको पालना हुने दाबी गरेका छन् ।

राजप्रासाद सेवाको रूप परिवर्तन गरेर सार यथावत् राख्ने हो भने दरवारको गोपनीयता, अदक्ष कर्मचारीको वर्चस्व, शक्तिको दुरुपयोग जस्ता अवगुण यथावत् रहने उनीहरूको तर्क छ । 'प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद् सचिवालय जस्तै कर्मचारीको आवत जावत खुला राख्न सकिएन भने कुनै हालतमा पारदर्शी हुँदैन', राजदरवारका एक सहसचिवले *समय*सँग भने समितिले अलग्गै सेवा गठन गर्ने सुझाव दिइसकेको सन्दर्भमा राजदरवार प्रशासनमा तत्काल नवीनता आउने देखिँदैन । तर, यसको स्वरूप व्यापक साँघुरो हुने निश्चित छ । निजामती हुनेबित्तिकै ५८ वर्ष उमेरका कारण प्रशासनतर्फका पाँच दर्जन अधिकृतले अवकाश पाउँछन् । तीनमा सचिव वा सोभन्दा माथि ७, सहसचिव ३ र अन्य तह ५० रहनेछ । प्रशासनतर्फका ३०० मध्ये अवकाश योजना ल्याउने हो भने आधाभन्दा बढी घर जान इच्छुक रहेका बताइएको छ । बगैंचे, बैठके, भान्छे, सुसारे लगायतका सेवा सुसारमा खटिनुपर्ने निजीतर्फका कर्मचारीको संख्या ६०० रहेको छ । प्राविधिक कामका कर्मचारीसमेत अधिकांश निजीतर्फ नै पर्छन् ।

राजदरवारभित्र उमेर र जागिरको अवधिको समेत हदबन्दी नहुने र राजाको स्वविवेकमा नियुक्ति, बढुवा र सरुवा संचालन हुँदै आएकाले निजामती ऐन आउनेबित्तिकै व्यापक हलचल सुरु हुने देखिन्छ ।

लोकसेवा आयोगको परामर्श अनिवार्य भनिएकाले उनीहरूलाई समूहीकृत गर्दा कस्तो विधि अबलम्बन गरिन्छ भन्ने अझ अन्योल छ । आयोगका अध्यक्ष तीर्थमान शाक्यका अनुसार राजप्रासादका कर्मचारीलाई निजामतीमा लैजाने विषयमा आयोगको सकारात्मक सहयोग रहनेछ । 'संवैधानिक व्यवस्थालाई अनुसरण गर्दै सरल प्रक्रिया अबलम्वन गर्न हामी तयार छौं', उनी भन्छन् ।

■ **किरण भण्डारी/काठमाडौं**

# बल्ल हट्यो अन्योल



राजदरबार

समय




भाष्कर ओझा

▲ डिल्लीबजारस्थित सदरखोर

# चर्किंदै बन्दी आन्दोलन

**परिवर्तित सन्दर्भमा** आफूहरूलाई पनि सुध्रिने मौका दिन जिकिर गर्दै त्यसका लागि देशभरका कारागारका थुनुवाले आम माफी पाउनुपर्ने मागसहित आन्दोलन थालेका छन्। दुई साताअघि उपत्यकाका कारागारबाट सुरु भएको यो आन्दोलनले अहिले देशव्यापी रूप लिएको छ। उपत्यका र तराईका ठूला कारागारमा आन्दोलनका विभिन्न कार्यक्रम जारी छन्।

'आतंककारी क्रियाकलाप'मा संलग्न भएको नाममा कैद सजाय भोगिरहेका माओवादी कार्यकर्तालाई आम माफी सहित रिहा गरिएलगत्तै यो आन्दोलनको वीजारोपण भएको हो।

थुनुवाहरूले आन्दोलनका विभिन्न चरण र मोडेलका कार्यक्रम सार्वजनिक गरी संघर्ष अघि बढाइरहेका छन्। मोफसलका केही कारागारमा बन्दीहरूले आन्दोलनबारे पत्रकार सम्मेलनसमेत गरेका छन्।

भोक हडताल, थुनुवा आवात जावत बन्द, अवज्ञा लगायतका विभिन्न खाले कार्यक्रम भइरहेका छन्। केन्द्रीय कारागारमा आन्दोलनकारी कैदी समूहहरूबीच नै मतभिन्नता भएपछि मुठभेडको अवस्थासमेत सिर्जना भएको छ।

केन्द्रीय कारागार, डिल्लीबजार, नख्खु, झापा, मोरङ, सप्तरी, सिराहा, महोत्तरी, रौतहट, पर्सा, चितवन, कास्की, गोरखा, सुर्खेत, कञ्चनपुरस्थित कारागारमा आन्दोलन सशक्त रूपमा अघि बढिरहेको छ।

सबै ठाउँमा आम माफीका माग साझा छन्। कहीं एकसूत्रीय र कतै सिधा, रासन, पोसाक लगायत कारागार व्यवस्थापनसम्बन्धी मागसमेत गाँसिएका छन्। सरकारले आधिकारिक रूपमा कैदीहरूको मागप्रति खासै चासो देखाएको छैन।

माओवादी जनयुद्ध राजनीतिक गतिविधि भएकाले छुटकारा पाएका बन्दीसरह अधिकार माग गरी विभिन्न अपराधको अभियोग प्रमाणित भएका व्यक्तिले समेत उन्मुक्ति खोज्दैमा पाइँदैन भन्दै गृह मन्त्रालयले भने जारी आन्दोलनलाई प्राथमिकताको सूचीमा राखेको छैन।

कारागार ऐन नियममा व्यवस्था भएको प्रक्रिया पूरा गरी असल चालचलन भएका कैदीको सजाय छुट गर्नेबाहेक अन्य व्यवस्था नभएकाले पनि विद्यमान कानुनी संरचनाबाट यो माग पूरा हुने सम्भावना छैन।

**कारागार नियमावली २०२० अनुसार असल चालचलन भएको कैदीलाई तोकिएको सजायको ५० प्रतिशतसम्म छोट्याउन सकिन्छ। तर, निम्नलिखित अभियोगमा सजाय काटिरहेका व्यक्तिहरूको भने सजाय छोट्याइनेछैन :**

- ❑ जीउ मास्ने बेच्ने
- ❑ जबरजस्ती करणी
- ❑ कैदबाट भागे भगाएको
- ❑ भन्सार चोरी निकासी-पैठारी
- ❑ लागूऔषध
- ❑ भ्रष्टाचार
- ❑ जासुससम्बन्धी

कारागार विभागका महानिर्देशक दीपकराज जोशीका अनुसार चालचलन हेरेर ५० प्रतिशतसम्म कैद माफी गर्न सम्भव छ। जोशीका अनुसार विद्यमान कानुनको परिधिभित्रबाट त्यो छुटभन्दा अधिक गर्न सक्ने व्यवस्था सरकारको पनि छैन।

देशभरमा वैशाख मसान्तसम्म कैदी संख्या ६ हजार ५ सय २६ रहेको छ। तीमध्ये अदालतबाट सजाय भएर कैद भुक्तान गरिरहेकाको संख्या अधिक छ भने केही संख्यामा पुर्पक्षको लागि थुनामा राखेकाहरू पनि छन्।

कारागार प्रशासनले जारी आन्दोलनमा आम मानिसको ध्यानाकर्षण भइरहेका बेला जेल सुधारका अन्य विषय उठान गरेका छन्। महानिर्देशक जोशीले कारागारको भौतिक संरचनामा सुधार अपरिहार्य भइसकेको बताएका छन्। 'कारागारको भौतिक पूर्वाधार र कैदीहरूलाई उपलब्ध भइरहेको सुविधाबारे पुनरावलोकन गर्न आवश्यक छ', उनले भनेका छन्।

अधिकांश जेलको जीर्ण अवस्था रहेकाले तिनीहरूको भौतिक सुधार आवश्यक भएको छ। थुनुवा वा कैदीहरूलाई जति सक्यो बढी दुःख दिनुपर्छ भन्ने मान्यता फेरिएर कारागार विशुद्ध सुधार गृह हुनुपर्नेमा त्यसो हुन सकेको छैन।

७१ जिल्लामा ७३ वटा कारागार छन्। धनुषा, सुनसरी, बारा, भक्तपुरमा कारागार छैन।

■ **किरण भण्डारी/काठमाडौं**




# दिन फर्कने आशा

कहिलेकाहीं भ्रमण र अध्ययनका लागि गैरसरकारी संस्थाले ल्याउने आन्तरिक पर्यटकबाहेक अन्य पर्यटकको अनुहार देख्न पाएका छैन जिरीले ।

■ ज्योति देवकोटा/दोलखा, जिरी (तस्वीर पनि)

**राजधानीमा माओवादी** र सरकारको वार्ताले सकारात्मक मोड लिइरहेका बेला सगरमाथाको ढोका मानिने दोलखाको जिरीमा आशाको नयाँ लहर फैलिँदै थियो । टेलिभिजनको पर्दामा माओवादी नेता प्रचण्डले शान्ति अब माओवादीको समेत महत्त्वपूर्ण एजेन्डा भएको भाषा बोलिरहँदा जिरीमा विदेशीका लागि भनेर खुलेका सानदार होटलका मालिकका अनुहारमा पनि उज्यालोको चमक थपिँदै थियो । जिरी हुँदै पैदल मार्गबाट सगरमाथाको आधार शिविर पुग्नका लागि सहज समयको पर्खाइमा रहेका र बारम्बार टेलिफोन र चिठीबाट 'अब पैदलबाट आउन सकिने अवस्था छ कि छैन ?' भनेर नियमित सोधिरहने विदेशी पर्यटकहरूलाई जवाफ फर्काउन उत्साहित देखिन्थे, उनीहरू ।


२०१४ सालमा स्विस सरकारको सहयोगमा यस क्षेत्रलाई विकासको नमुना बनाउने ध्येयका साथ उतैबाट आएको १२ जनाको टोलीको नियमित र अथक प्रयासमा जिरी सगरमाथाको मूल ढोकाका रूपमा विकसित भएको थियो । त्यही टोलीका नायक थिए टोनी ह्यागन । उनी र उनको टोलीले जिरीमा पर्यटन विकासका लागि कोरेको रेखाचित्रलाई अहिले पनि स्थानीय बासिन्दाहरूले बिर्सेका छैनन् । 'स्विजरल्यान्ड जस्तै बनाउने भन्थ्यो उसबेला आएको त्यो टोलीले, यो गाउँभरी विदेशीको मात्र चहलपहल हुन्थ्यो', जिरीमा खुलेको पहिलो होटल गाविलाका सञ्चालक केशरबहादुर जिरेल भन्छन् ।

जिरीमा यसै ताका बडेमानका होटलहरूमात्र खुलेनन् । काठमाडौंका व्यापारीहरू समेत व्यापार गर्नका लागि जिरीतर्फ ओइरिएको सम्झना गर्दै स्थानीय होटल व्यवसायी सोनाम शेर्पा भन्छन्, 'ऊ बेला स्विसले नै बनाइदिएको जिरी विमानस्थलमा ओर्लने विदेशीलाई मात्र खानबस्न व्यवस्था गर्न हम्मे पर्थ्यो यहाँका होटल व्यवसायीलाई ।'

स्विसहरूको सहयोगमा उनीहरूको सिको गर्दै जिरी नमुना गाविसका रूपमा विकसित भयो चालीसको दशकभित्रै । गाउँलेले विकासको अर्थ बुझ्न थालेका थिए । पर्यटकको आगमन बढ्दै जाँदा निम्नस्तरको जीवन गुजारिरहेका नाम्चे, सल्लेरी, थुतुम्छेली र सोलुका स्थानीय बासिन्दाहरूको जीवनस्तरमा सुधार आउने थाल्यो । तर, यो क्रम एक दशक पनि चल्न पाएन ।

सदरमुकाम चरीकोटमाथि निरन्तर चलिरहने माओवादीको धावा र छिमेकी रामेछापमा देखिएको माओवादीको बढ्दो प्रभावबाट जिरी पनि अछुतो रहन सकेन । माओवादीले २०५६ साल माघ २६ गते एयर अनन्याको हेलिकोप्टर जलाइदिएपछि उडेर जिरी पुग्ने पर्यटकको संख्यालाई यो घटनाले शून्यमा झारिदियो । फाट्टफुट्ट सडकबाट जिरी पुग्नेहरूलाई सेवा दिएर मन बुझाइरहेका जिरीवासीलाई गत दुई वर्षअगाडि मैनापोखरीमा भएको घटनाले काठमाडौं

▼ अब जिरीका होटलहरूमा पर्यटक आउलान् कि !



झर्दाझर्दै जिरीतर्फ हुइँकिन आतुर देखिने पर्यटकहरूका लागि ढोका नै लागेझैं भयो । ‘मैनापोखरीमा माओवादीले राखेको बम विस्फोटनबाट एक बसचालक र दुई खलासीको मृत्युले पाएको राष्ट्रिय चर्चा र मैनापोखरी नजिकै रहेको नामदुङमा भइरहने माओवादीको चहलपहले पर्यटन व्यवसायमा सन्नाटा छायो’, सोनाम शेर्पा भन्छन् ।

कहिलेकाहीँ भ्रमण र अध्ययनका लागि गैरसरकारी संस्थाले ल्याउने आन्तरिक पर्यटकबाहेक अन्य पर्यटकको अनुहार देख्न पाएका छैनन् जिरीले । दुई हप्ता हिँडेर रमाउँदै सगरमाथाको आधार शिविरमा जान खोज्ने पर्यटकले बाटोमा खेप्नुपर्ने सास्तीका कारण सीधै हवाई यातायात हुँदै लुक्लातिरको टिकट खरिदमा आकर्षित हुन थालेपछि यहाँको व्यापार र योसँग जोडिएको निम्नवर्गीय परिवारको पीडा बढ्न थालेको थियो । राजनीतिक चहलपहलभन्दा सधैं टाढा रहने जिरीको पर्यटन आगमनमा देखिएको कमीसँगै सदरमुकाम जिरीमा ज्यालादारी गरेर जीविकोपार्जन गर्नेहरू क्रमशः विस्थापित हुन थालेका छन् ।

पर्यटकको आगमन र उनीहरूले दिने सहयोगले आधुनिक बनिसकेको जिरी अस्पतालको अहिलेको अवस्था हेर्दा पनि स्थानीयवासीलाई पीडा हुन्छ । विदेशीले दिएको एक्सरे मेसिन र एउटा जेनेरेटर आँगनमा घाम तापेको अवस्था छ । ‘उनीहरूकै सहयोगबाट भित्रिएका यी सामान उनीहरूको आगमनमा कमी हुँदै जाँदा थोत्रा बन्न थालेका छन्’, जिरी अस्पतालका रेडियोलोजी प्रमुख डिवी गुरुङ भन्छन् ।

नियमित आइरहने पर्यटकलाई सेवा गर्दै आएका गरिब दुखीहरूका बालबच्चाका लागि रात्रिकालीन स्कुल समेत व्यवस्था गरिदिएका थिए, जिरीमा । दिनभरि काम गरे पनि भरियाले रात्रि पढ्न पाऊन् भनेर अरन्ड्रा स्कुल स्थापना गरिएको थियो । अहिले पर्यटकको आगमन कम हुँदै जाँदा स्कुल पढ्न आउने विद्यार्थीको संख्यामा पनि कमी आएको छ । ‘अशक्त र निम्न परिवारका लागि भनेर स्विसहरूले रात्रि स्कुल समेत स्थापना गरिदिएका थिए । अहिले निम्न परिवारका सदस्यहरूलाई गाँसवासको बन्दोबस्त गर्न कठिन बन्दै गएपछि दिनभरि काम गरेर रात्रि पढ्ने साना नानीहरूसमेत सहरतिर हानिएका छन् । विद्यालयमा विद्यार्थीको संख्या घट्दो छ’, स्थानीय धन जिरेल बताउँछन् ।


एक दशकदेखि पर्यटकको खडेरी खेपिरहेको जिरीमा सरकार र माओवादीको वार्ताले सकारात्मक परिणाम देखाउने आशाले फेरि स्थानीय व्यवसायीबीच खुसीको तरंग प्रसारित हुन थालेको छ । अहिले जिरीमा रहेका दुई दर्जन राम्रा होटलहरूमध्ये एक दर्जन जतिले ढोकामा ताल्चा लगाएका छन् । अन्य खुलेका होटलका कोठामा गाउँबाट विस्थापित भएर आएका आफन्त र कार्यालयहरू राखिएका छन् ।

पर्यटकहरूले गरिबहरूको खाने र बस्नेसम्मको मेलो मिलाइदिने भएकाले ५५ किलोमिटरको दूरीमा रहेको सदरमुकाम चरीकोटलाई कहिल्यै ताक्नु पर्दैनथ्यो जिरीले । ‘कति स्थानीय विकास अधिकारी र सिडियोले जिरी नै नदेखेर सरुवा भएको खबर सुन्नु पर्थ्यो ।’ जिरी उद्योग वाणिज्य महासंघका अध्यक्ष भूमिराज खड्का भन्छन् । जिरीका स्थानीयवासीहरू नागरिकता र जग्गाको लालपुर्जाको लागि बाहेक अन्य कामका लागि सदरमुकाम धाउनुपर्ने अवस्था थिएन । ‘अहिले स्विसले बनाएको विमानस्थल पनि चल्न छोड्यो, विदेशीको अनुहार देख्न मुस्किल पर्न थाल्यो, कमाइखाने बाटो बन्द हुँदै जान थालेपछि काम खोज्न सदरमुकाम र राजधानी झर्नुपर्ने बाध्यता बढ्दो छ’, खड्काको भनाइ छ ।

सोझो जाति मानिने जिरेल, शेर्पा, बाहमण र क्षेत्रीको बाहुल्य रहेको स्थानीय बासिन्दाहरूको स्विस नागरिकहरूसँग आत्मीय सम्बन्ध रहेको स्विकार्दै स्थानीय धन भन्छन्, ‘त्यस बेला यहाँ आएका स्विसहरूले पर्यटकीय पूर्वाधारको मात्र विकास गरेनन्, हाम्रा लागि भनेर गाइगोठ समेत बनाइदिएका थिए ।’ तर पछिल्ला वर्षहरूमा त्यहाँ काम गरिरहेको स्विस परियोजना असफल भएको भन्दै सहयोग कटौती गर्न थालेपछि आफ्नो दैनिक जीवन झन् कष्टकार बन्दै गएको स्थानीयहरूको दुखेसो छ, ।

एक दशकदेखि देशले खेप्नु परेको आन्तरिक द्वन्द्वले सगरमाथाको ढोका मानिने जिरी पर्यटकविहीन मात्र बनेन । पर्यटककै भरमा जीवनको गुजारा गरिरहेका झन्डै पाँच हजार भरियाहरूको जीवनमाथि नै प्रत्यक्ष प्रभाव पऱ्यो । अहिले हिंसा अन्त्य हुने सम्भावना बढ्दै जाँदा पर्यटन व्यवसायको भरमा बाँचेका दस हजार जिरेलवासीहरू आफ्नो भाग्य फेरिने हो कि भन्ने सपना पुनः देख्न थालेका छन् । ■







# राष्ट्रसंघ गम्भीर

**माओवादीका अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित सात दलका शीर्ष नेताबीच भएको शिखर वार्ताले संविधानसभा निर्वाचनमा नेपाल सेना र जनमुक्ति सेनाको हतियार व्यवस्थापनको जिम्मा संयुक्त राष्ट्रसंघलाई दिने सहमति भएको छ।**

■ गोविन्द परियार/काठमाडौं

**सात दल र माओवादीबीच** गत साता भएको आठबुँदे सहमतिअनुसार संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियार व्यवस्थापनमा सहयोग र अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिने भएको छ। यसलाई राष्ट्रसंघले शान्ति प्रक्रियाको सुरुवातको रूपमा टिप्पणी गरेको छ। तर, माओवादीतर्फ कति सेना र कस्ता हतियार कति छन् भन्ने वास्तविक तथ्यांक अझसम्म सार्वजनिक नभएकाले उनीहरूको हतियार पूर्णरूपमा राष्ट्रसंघले अनुगमन र व्यवस्थित गर्नमा भने विश्लेषकहरूले शंका व्यक्त गरेका छन्। माओवादीहरूले आधिकारिकरूपमा आफ्ना लडाकु सेना र हतियारका बारेमा तथ्यांक सार्वजनिक गरेको छैन।

माओवादीका अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित सात दलका शीर्ष नेताहरूबीच भएको शिखर वार्ताले संविधानसभा निर्वाचनमा नेपाली सेना र जनमुक्ति सेनाको हतियार व्यवस्थापनको जिम्मा संयुक्त राष्ट्रसंघलाई दिने सहमति भएको हो। शिखर वार्तालगत्तै आयोजित पत्रकार सम्मेलनमा दुई दशकभन्दा लामो भूमिगत जीवनपछि पहिलोपटक सार्वजनिक प्रचण्डले दुवै पक्षको हतियार र सेनालाई राष्ट्रसंघको निगरानीमा राख्ने सहमति भएको बताएका थिए।

संविधानसभा निर्वाचनको लागि दुवै सेनाका हतियार व्यवस्थापन गर्ने सहमति भए पनि अधिकांश दलका नेताले माओवादी अन्तरिम सरकारमा



# चाहेको सहयोग दिन तयार छौं

■ **म्याथ्यु कहाने**
संयुक्त राष्ट्रसंघीय आवासीय तथा मानवीय संयोजक

**नेपालको वर्तमान घटनाक्रमलाई कसरी हेरिरहनु भएको छ ?**

दुई महिनाअघि जनआन्दोलनमा देखिएको जनताको उत्साहजनक सहभागिताले नेपालीहरू शान्ति चाहन्छन् भन्ने प्रष्टिएको छ। त्यससँगै समावेशी र समानतासहितको शान्ति आम नेपालीले चाहेका छन्। जनताका ती आशा पूरा गर्न सरकार तयार हुनु पर्छ भन्ने हामीले पनि चाहेका छौं। त्यसमा पनि सबैभन्दा महत्त्वपूर्ण पाटो शान्ति भएकाले सरकार त्यो प्रक्रियामा अगाडि बढ्नै पर्छ। प्रतिनिधिसभा घोषणाले पनि धेरै कुरा समेटेको छ। सात दल र माओवादीबीच भएको बाह्रबुँदे समझदारी र त्यसपछि माओवादीसँगको सिलसिलेवार सहमतिले शान्तिका आशा पलाएका छन्। यी घटनाले हामीलाई आशावादी बनाएको छ।

**सरकार र माओवादीका उच्च नेताहरूको शिखर वार्ताले आगामी संविधानसभाको निर्वाचनमा नेपाली सेना, माओवादी सेना र उनीहरूको हतियार व्यवस्थापन गर्ने जिम्मा संयुक्त राष्ट्रसंघलाई दिएको छ, प्रक्रिया कसरी अगाडि बढेको छ ?**

त्यो स्वागतयोग्य छ। अहिले सरकारका वरिष्ठ अधिकारीहरूसँग यसबारे

सहभागी हुनुअघि नै हतियार व्यवस्थापन गरिनु पर्ने अडान राख्दै आएका छन् । तर, गृहमन्त्री तथा सरकारी वार्ताटोलीका संयोजक कृष्णप्रसाद सिटौलाले भने 'हतियार व्यवस्थापन र अन्तरिम सरकार गठन सँगसँगै लैजाने' बताएका छन् । माओवादीको हतियार व्यवस्थापन गरेर मात्र अन्तरिम सकार गठन गर्ने हो भने एक महिनाभित्र हतियार व्यवस्थापन नहुने विज्ञहरूले बताएका छन् ।

शिखर वार्ताले राष्ट्रसंघलाई हतियार व्यवस्थापन गर्ने जिम्मेवारी दिने निर्णय गरेको एक साता बितिसक्दा पनि त्यसका आधिकारिक प्रक्रिया भने सुरु हुन सकेका छैनन् । सिटौलाले भने हतियार व्यवस्थापनका लागि औपचारिक रूपमा राष्ट्रसंघलाई आह्वान गर्न सरकार र माओवादीबीचको छलफल अन्तिम चरणमा पुगेको बताएका छन् । राष्ट्रसंघसँग सरकारले कस्तो सहयोग चाहेको हो, त्यो नै स्पष्ट नभएका कारण व्यवस्थापनको स्वरूप, प्रक्रिया र समायावधिबारे सरकारको आधिकारिक पत्र आएपछि मात्र बताउन सकिने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि म्याथ्यु कहानेले *समय*लाई बताए । राष्ट्रसंघको काम गर्ने आफ्नै शैली र तरिका भएका कारण सरकारको अनुरोधलाई तुरुन्त कार्यान्वयन गरिहाल्न सक्ने अवस्थामा ऊ छैन । मानवअधिकारवादी पहाडी भन्छन्, 'राष्ट्रसंघलाई हतियार व्यवस्थापनको जिम्मेवारी दिएपछि त्यसको क्षेत्राधिकार, कार्य क्षेत्र लगायतका कुरामा स्पष्ट हुनुपर्छ ।'

जेनेभामा सम्पन्न मानवअधिकार परिषदको बैठकमा उपप्रधान तथा परराष्ट्रमन्त्री केपी ओलीले राष्ट्रसंघका उच्च अधिकारीहरूसँगको भेटमा हतियार व्यवस्थापनबारे छलफल भएको परराष्ट्र स्रोतले बतायो । नेपालको शान्ति प्रक्रियामा गहिरो चासो लिएको राष्ट्रसंघले केही महिनाअघि मात्र राष्ट्रसंघका उच्च अधिकारी स्यामुल टम्राटलाई नेपाल भ्रमणमा पठाएको थियो । नेपाल भ्रमणपछि टम्राटले भारतका उच्च अधिकारीहरूसँग समेत नेपालको शान्ति प्रक्रियाबारे छलफल गरेका थिए । अन्नानका विशेष दूत लख्दर ब्राहिमीले पनि नेपालको भ्रमणमा माओवादी र राजनीतिक दलका उच्च नेता तथा सरकार प्रमुखहरूसँग भेट गरेर द्वन्द्व समाधानमा राष्ट्रसंघको गहिरो चासो देखाएका थिए । नेपालको शान्ति अभियानमा राष्ट्रसंघको भूमिकालाई मन नपराएको छिमेकी मुलुक भारतले समेत गत महिना भएको प्रधानमन्त्री कोइरालाको भारत भ्रमणमा राष्ट्रसंघको भूमिका स्विकार्ने प्रतिबद्धता जनाएको हो ।

नेपालको द्वन्द्व समाधानमा चासो राख्दै आएको स्विजरल्यान्ड र नर्वेले पनि अहिलेको अवस्थामा सहयोग गर्न तत्परता देखाएका छन् । उता माओवादीले भने कुनै अन्तर्राष्ट्रिय समुदायभन्दा सबैको प्रतिनिधित्व गर्ने राष्ट्रसंघलाई हतियार र सेना व्यवस्थापनको जिम्मेवारी दिँदा बढी प्रभावकारी र विश्वसनीय हुने बताएको छ ।

सरकार-माओवादी वार्तामा मध्यस्थता तथा अनुगम गर्न कुनै पनि विदेशी निकायलाई अनुरोध नगर्ने भएका छन् । सयंयोजक सिटौला भन्छन्, 'हतियार व्यवस्थापन राष्ट्रसंघले गर्ने भए पनि सरकार-माओवादी वार्तामा भने कुनै विदेशी मध्यस्थकर्ता आवश्यक छैन ।' ■



छलफल भइरहेको छ । सरकारले बताएअनुसार यो प्रक्रिया तुरुन्तै सुरु हुन्छ । नेपालको द्वन्द्व समाधानमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले गम्भीर चासो लिँदै आउनुभएको छ । सरकारसँगको छलफलबाटै कुन प्रक्रियामा, कति समयामा र कस्तो भूमिकामा राष्ट्रसंघले काम गर्ने भन्ने टुंगो लाग्छ ।

**नेपालको शान्ति प्रक्रियामा राष्ट्रसंघको कुन स्तरको र कस्तो स्वरूपको सहभागिता हुन्छ ?**

राष्ट्रसंघको काठमाडौंस्थित कार्यालयले सात दल र माओवादीका नेताले हामीबाट कस्तो भूमिका खोजेका छन् भन्ने अध्ययन गरेर महासचिवलाई सघाउने हो । अन्य स्वरूप र स्तरका बारेमा राष्ट्रसंघको मुख्यालयबाट महासचिव कोफी अन्नानबाटै निर्धारण हुन्छ ।

**सरकारले नेपालको शान्ति प्रक्रियामा राष्ट्रसंघको भौतिक उपस्थितिबारे केही भनेको छैन । यो अवस्थामा राष्ट्रसंघले आफ्नो सहभागितालाई कसरी हेरेको छ ?**

सशस्त्र द्वन्द्वरत पक्षहरूको हतियारको व्यवस्थापन गर्नु पनि शान्ति प्रक्रियाकै एउटा पाटो हो । महत्त्वपूर्ण कुरा भनेको द्वन्द्व समाधान हो । यो ज्यादै आवश्यक छ । त्यसको लागि नेपालले चाहेको सहयोग गर्न राष्ट्रसंघ तयार छ ।

**सरकारले स्पष्टरूपमा माओवादी र सरकारको वार्ताको मध्यस्थता तथा अवलोकनकर्ताका रूपमा राष्ट्रसंघलाई कुनै आह्वान नगर्दा तपाईंहरूको भूमिका कसरी प्रभावकारी हुन्छ ?**

हामीले सरकार र माओवादीको द्विपक्षीय युद्धविरामको अनुगमन गरिरहेका छौं । दुवै पक्षको हतियार प्रयोग हुनुहुँदैन । नेपालको शान्ति प्रक्रियामा कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले सहयोग गरे पनि उनीहरूलाई प्राविधिक तथा विशेषज्ञ सेवा र सहयोग गर्न राष्ट्रसंघ तयार छ ।

**शान्तिवार्तामा राष्ट्रसंघको सहभागिताले निश्चित अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नु पर्ने भएकाले त्यसले नेपालको वर्तमान समस्यालाई सम्बोधन गर्न सक्दैन भनिन्छ, तपाईंको धारणा के छ ?**

संयुक्त राष्ट्रसंघले विगतदेखि नै नेपालको शान्ति प्रक्रियामा विभिन्न किसिमका सहयोग गर्दै आएको छ । यो अवधिमा हामीले नेपालको 'ग्राउन्ड रियालिटी' बुझ्ने मौका पाएका छौं । त्यसैले त्यस्तो होला जस्तो हामीलाई लाग्दैन । गृहयुद्ध भएका कंगो लगायतका दर्जनौं मुलुकको अनुभव राष्ट्रसंघसँग छ । लामो समयदेखि नेपालमा पनि विभिन्न क्षेत्रमा राष्ट्रसंघले काम गर्दै आएको छ । यो अवस्थामा नेपालको समस्याप्रति हामी जानकार छौं ।

**जनताले चाहेको शान्तिको लक्ष्यमा माओवादीहरू पुग्लान् भन्नेमा विश्वस्त हुनुहुन्छ ?**

हामी सहमत छौं । सहमत भएकै कारण हामीले शान्ति प्रक्रियामा सहयोग गर्न तत्पर देखाएका हौं ।

**माओवादीको आधिकारिक हतियार संख्या र लडाकुहरूको तथ्यांक सार्वजनिक नभएको अवस्थामा हतियार र सेना व्यवस्थापनको प्रक्रिया कसरी अगाडि बढ्छ ?**

हामी दुवै पक्षसँग आधिकारिक सेना र हतियारका साथै सैन्य संरचनाबारे तथ्यांक लिनेछौं । राष्ट्रसंघले दुवै सेनामा विश्वसनीय वातावरण तयार गर्ने प्रक्रिया थालनी गर्नेछ । धेरैभन्दा धेरै सूचना लिनेछ । नेपालको सबै सैन्य शक्तिहरू माओवादी र सरकारको नियन्त्रणमा रहेकाहरूको हतियार थन्किनु पर्छ ।

**यो कार्यको लागि सरकार र माओवादीसँगको तपाईंहरूको सर्त के छ ?**

इमानदारीका साथ दुवै पक्षका सैन्य क्रियाकलाप बन्द हुनु पर्छ, त्यो नै सर्त हो । अन्य प्रक्रिया राष्ट्रसंघले सरकारसँगको सहमतिमा निर्धारण गर्छ ।

**राष्ट्रसंघसँग विश्वका विभिन्न मुलुकमा शान्ति प्रक्रियामा सहभागी भएको अनुभव छ, नेपालको परिप्रेक्ष्यमा कुन प्रक्रिया प्रयोग हुन्छ ?**

नेपालको इच्छाले निर्धारण गर्छ । राष्ट्रसंघसँग विभिन्न क्षेत्रका विशेषज्ञहरूको ठूलो समूह छ ।

■ **गोविन्द परियार/काठमाडौं**




▲ विस्थापित भएर गाउँ छोडेकाहरूलाई आफ्नै थातथलोमा पुग्नुको मजा नै बेग्लै हुन्छ

# गाउँमा रौनक

**एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा जन्मथलोबाट भगाइएकाहरू घर फर्कन थालेपछि गाउँमा रौनक देखिएको छ।**

■ **रुद्र खड्का/विशाला, दैलेख** (तस्वीर पनि)

**दुई वर्षसम्म** भोटे ताल्चा मारिएको र चारैतिर फोहोर भरिभराउ प्रेमबहादुर शाहीको घर यति खेर सफासुग्घर मात्र भएको छैन, गाउँलेहरू जमघट गर्ने स्थल पनि भएको छ। मान्छेको बसोवास त के दुई वर्षसम्म कसैको पाइला समेत नपरेको शाहीको घरमा यति खेर बच्चाबच्चीहरूको हल्लाखल्लाले पनि थप रौनक थपेको छ।

वल्लो घरमा पाकेको खानेकुरा पल्लो घरसम्म पुग्न थालेको छ। गाउँलेहरू फेरि एकापसमा मिलेर काम गर्न थालेका छन् भने १० वर्षदेखि भोग्दै आएको त्रास मेटिन थालेको अनुभव गरिरहेका छन्।

विसं २०६१ साल भदौ २२ गते विभिन्न आरोपमा घर, जग्गा र सबै सम्पत्ति माओवादीले कब्जामा लिएपछि विस्थापित भएका प्रेमबहादुर शाही असार ३ गते घर फर्कदा कयौं स्थानीयवासीले खतरा महसुस पनि गरेका थिए। सम्पत्ति कब्जा गर्ने माओवादी कार्यकर्ता अहिले पनि गाउँमै हर्ताकर्ता भएकोले केही गाउँलेहरूले शाहीलाई खतराको आशंका गरेका थिए। स्थानीय गाउँलेहरूबीच माओवादी जिल्ला कमिटी सदस्य सुशील र अनामले विस्थापित शाही घर फर्केकोमा खुसी व्यक्त गर्दै स्वागत गरेको घोषणा के गर्न पाएका थिए, गाउँलेहरूले पनि तालीले स्वागत गरे अनि सुरु भयो एकापसमा सोधीखोजी। कसैले गाउँमा बस्दाको रमाइलो र पीडाको अनुभूति सुनाए भने कसैले गाउँ छोड्दाका समस्या।

'द्वन्द्व कति निष्ठुरी हुँदो रहेछ भन्ने आफैले भोग्यौं', दुई वर्षसम्म कोहलपुरमा विस्थापित शाहीले घर फर्केपछि भने, 'दस वर्ष द्वन्द्वमा एकै आमाका सन्तानले एकले अर्कालाई नचिन्ने अवस्थामा समेत पुऱ्यायो।' एमालेका कार्यकर्ता शाहीको घरसम्पत्ति माओवादी बनेका आफ्नै दाइको छोराले नै कब्जा गर्नुपर्ने प्रस्ताव गरेपछि कार्यकर्ताले कब्जामा लिएका थिए। 'यो सबै द्वन्द्वले भएको थियो', दुई वर्षसम्म कोही नबस्दा माकुराको जालोले भरिएको घर सफा गर्दै शाहीले भने, 'सम्पत्ति गुमाए पनि अहिले आएर घर फर्कन पाएकोमा खुसी छु।'

चार स-साना बच्चाबच्ची र श्रीमतीसहित विस्थापित शाही घर, जग्गा कब्जा भएपछि माओवादीले आँगन छेउमा बाँधेको भैंसी, बाख्रा तथा पकाउने भाँडाकुँडा सबै लिएका थिए र अघिल्लो साता शाही घर फर्कदा माओवादीले कब्जामा लिएका केही भाँडाकुँडा फिर्ता गरेका छन्। 'कब्जामा लिएको सामान फेला परेसम्म फिर्ता गर्नेछौं', माओवादी कार्यकर्ता सुशीलले भने, 'गाउँ फर्केपछि भोकै मर्न हामी दिँदैनौं र सबै विस्थापितलाई घर फर्कन आह्वान गर्छौं।'

यति खेर दुई वर्षपछि घर फर्किएका प्रेमबहादुर शाही मात्र खुसी छैनन्। देशमा चर्केको द्वन्द्वले जन्मेको गाउँघर छोडेर विस्थापन भएका सर्वसाधारण र गाउँमा सधैं डर, त्रासमा गुजारा गर्नेहरूको अनुहार पनि उज्यालो भएको छ देशमा माओवादी र सरकारको वार्ता सकारात्मक दिशातिर अघि बढेपछि। माओवादी अध्यक्ष प्रचण्ड आफै शान्तिवार्तामा सरिक भएको थाहा पाएका गाउँलेहरू अबदेखि मुलुकबाट द्वन्द्व समाप्त हुनेमा ढुक्क छन्। विगतका वर्षहरूमा रोहामा लाग्ने स्थानीय मेला

राजधानीमा माओवादी र सरकारबीच शिखर वार्ता भइरहेका बेला दुई दिनसम्म लागेको थियो । गाउँका युवायुवतीले ढुक्कसँग रातभर मेला भरेका थिए । 'लामो समयसम्म खोसिएको खुसी फर्कन थालेको अनुभव गरेका छौं', मेलामा रमाइलो गरिरहेका स्थानीय युवा डम्बरबहादुर पुन मगर भन्दै थिए ।

माओवादीसँग विचारमा असहमत भएपछि गाउँमा बस्न नपाएका सिहसेनका पूर्व गाविस अध्यक्ष नवराज शाहीले आफैलाई मार्न खोजेका माओवादीले गाउँ फर्केकोमा सम्मान गर्लान् भन्ने सोचेका थिएनन् । गाउँमा बस्न पाइन्छ कि पाइँदैन भन्दै पत्रकारहरू र मानवअधिकारवादीहरूको आडमा घर फर्केका नवराज गाउँको वातावरण फेरिएको भन्दै अब विस्थापित नहुने बताउँछन् । 'अब गाउँमै बसेर राजनीति गर्नुपर्ला', नेपाली कांग्रेस प्रजातान्त्रिकका कार्यकर्ता नवराजले भने । माओवादीले पनि गाउँमा राजनीतिक प्रतिस्पर्धा स्वीकार हुने बताएका छन् ।

नेपाली कांग्रेस दैलेखको सभापति भएका बेला विस्थापित भएका नगेन्द्र खत्रीले विस्थापितहरू घर फर्केको उपलक्ष्यमा माओवादीले आयोजना गरेको स्वागत कार्यक्रममा आगामी संसदीय चुनावमा आफू सांसदको उम्मेदवार बन्ने घोषणा गरे । माओवादी, सरकार र राजनीतिक दलहरूको वार्ता मुलुकमा शान्ति स्थापनाको लक्ष्य प्राप्तितिर अघि बढिरहेका बेला यसै साता दैलेखका २६ परिवारका १ सय ४७ जना विस्थापितहरू आ-आफ्नो घर फर्केका छन् ।

द्वन्द्वले उग्र रूप लिएपछि आतंकित भएका मध्य तथा सुदूरपश्चिमका थुप्रै सर्वसाधारणले दुई वर्षअघि बाँकेको कोहलपुरमा रहेको सरकारी जग्गा कब्जा गरी शरणार्थी शिविर खडा गरेका थिए । कोहलपुरमा बस्दै आएका २ सय १६ परिवारका झन्डै १ हजार विस्थापितहरूमध्ये पहिलो चरणमा माओवादी, राजनीतिक दल र विभिन्न संस्थाको पहलमा १ सय ४८ विस्थापित घर फर्केका हुन् । घरको भएको सम्पत्ति नष्ट भएका कारण फर्किएका विस्थापितलाई गैरसरकारी संस्थाहरू लुथरन विश्व फेडेरसन, इन्सेक, फोर्स लगायतका संस्थाहरूले तीन महिनाको लागि प्रतिव्यक्ति तीन हजार रुपैयाँ उपलब्ध गराएका छन् ।

एक दशक युद्धको अवधिमा मध्यपश्चिमका विभिन्न जिल्लाका करिब ३० हजार सर्वसाधारण जनता असुरक्षाका कारण जिल्ला सदरमुकाम लगायत सहरी क्षेत्रमा विस्थापित भएको अनुमान छ । विस्थापितमध्ये धेरैको सम्पत्ति माओवादीले कब्जा गरेका छन् भने केहीको सम्पत्ति बेवारिसे छ ।

कोहलपुरस्थित शरणार्थी शिविरमा बसेका विस्थापितहरूलाई घर पर्काउन प्रयास गरिए पनि जिल्ला सदरमुकाम तथा सहरका थुप्रै भागमा छरप्रस्ट रूपमा विस्थापित भएका द्वन्द्वपीडितहरूलाई पुनःस्थापना गर्नेबारे धेरैको चासो देखिँदैन । राष्ट्रियस्तरमा सरकार-माओवादी वार्ताले सकारात्मक रूप लिने अपेक्षा गरिए पनि ग्रामीणस्तरमा अझै पनि माओवादीको स्वीकृतिविना कुनै पनि गतिविधि सञ्चालन गर्न गाह्रो भएकाले आफ्नै राजीखुसीले विस्थापितहरू घर फर्कन सकेका छैनन् । र, पुनःस्थापित भएको खण्डमा पनि कब्जा गरिएको घरजग्गा कसरी फिर्ता गर्ने भन्ने उनीहरूमा अन्योल छ । ■

## घर फर्कन रोक

**दैलेखका १ सय ४७** विस्थापितलाई घर फर्काउन सहयोग गरेका माओवादीले दैलेखकै अर्का विस्थापित आन्दबहादुर शाहीलाई भने तत्काल घर नजान भनेका छन् ।

'कार्यकर्ताहरूको हत्यामा सुराकी गरेका कारण जनअदालतमा मुद्दा चलिरहेको हुँदा अहिले घर फर्कनोस् भन्न सक्दैनौं', माओवादीका दैलेख जनसरकार प्रमुख नयाराम थापाले भने । माओवादी छापामार रहेका शाहीले आत्मसमर्पण गरेपछि सुराकी गरेको आरोप माओवादीले लगाउँदै आएको छ । दैलेख कासीकाधका शाही अन्य विस्थापितसँगै घर फर्कन खोजेका बेला माओवादीले कोहलपुरबाटै गाउँ नफर्कन भनेका थिए । 'जनअदालतमा मुद्दा चलिरहेको व्यक्तिलाई हामी स्वागत गर्न सक्दैनौं', अर्का माओवादी नेता नरेन्द्रजंग पिटरले जानकारी दिँदा शाहीले आफ्नो घर कहाँ हो भन्दै माओवादीसमक्ष घर फर्कन पाउनुपर्ने माग गरेका थिए ।




जनपक्षीय समाचार र विचार सबभन्दा पहिले

नेपाल दर्शन: अब सिंहदरबारले सुन्नै पर्छ ।
नेपाल का विभिन्न स्वतन्त्र रेडियोबाट प्रत्यक्ष प्रसारण ।
हरेक दिन विहान ६:३० बजे ।

नेपाल एफ. एम. 91.8
पो. ब. नं. १९४७७, रविभवन, काठमाडौं
फोन: ४२८९१२१, ४२८९१२३, फ्याक्स : ०१-४२८३८९५,
ईमेल : radio@nepalfmnetwork.com, www.nepalfmnetwork.com



# बदलिएन चाला

▲ माओवादी छापामारहरू अहिले पनि गाउँमा उत्तिकै सक्रिय छन्

■ **श्याम भट्ट/डडेल्धुरा** (तस्वीर पनि)

**माओवादी पार्टी** कार्यालयबाट पर्सि बिहान चार बजे गाडी चाहिन्छ भन्ने फोन आएपछि हैरान भएका उग्रतारा सार्वजनिक जिप तथा ट्याक्सी व्यवसायीका अध्यक्ष दीर्घबहादुर बलायर सहकर्मीसँग गुनासो पोख्छन्। प्रत्युत्तरमा साथीहरूसँग पनि गुनासो नै पाउँछन्, 'पैसा चाहियो पैसा, त्यसै फोन गरेर हुन्छ ? कति सेवा मात्रै गर्ने ? अध्यक्ष भएर भन्न सक्नु पर्छ नि ।' गुनासो सुनेपछि बलायरको मुहारमा विवशता झल्किन्छ ।

अचेल अमरगढीका बासिन्दाका लागि यस किसिमका हैरानी सामान्य भएका छन् । जनआन्दोलनको सफलतापछि सरकार-माओवादी केन्द्रीयस्तरमा दशक लामो सशस्त्र द्वन्दको निकासका लागि पहल भइरहेका बेला उनीहरूले सुदूरपश्चिमका विभिन्न जिल्लामा जनतालाई सास्ती दिने काम गरिरहेका छन् । स्थानीय होटल व्यवसायी भन्छन्, 'के गर्नु हजुर ! अबका दिन माओवादीहरूकै आएछन्, बसेका पनि छन्, खाएका पनि छन्, उल्टै साढे चार हजार नगद पनि बुझाउनु पर्‍यो ।

जति बेला काठमाडौंमा माओवादी सुप्रिमो प्रचण्ड र जनआन्दोलनका कमान्डर गिरिजाप्रसाद कोइराला मुलुकलाई नयाँ दिशा दिन शिखर वार्ता गरिरहेका थिए त्यति बेला सुदूर नेपालको डडेल्धुरामा माओवादी कार्यकर्ता स्थानीय व्यापारीलाई भेला गरी कर तिर्नुपर्ने उर्दी सुनाउँदै थिए । आठबुँदे चर्चित सम्झौता भएको एक दिन पनि नबित्दै माओवादी विद्रोहीहरूले चार वर्षदेखिको कर नतिरेका कारण धनगढीका चर्चित निर्माण व्यवसायी धनबहादुर महराको नयाँ मोटरसाइकल कब्जामा लिएका थिए ।

जंगलमा हतियार बोकेर दशकौं हिँडेका माओवादीलाई अझै मानसिक रूपमा खुला समाजको मूल प्रवाहमा ल्याउन समय लाग्छ भन्नेहरूको सहानुभूतिबाहेक माओवादी कार्यकर्ता यति बेला पनि समाजबाट उपेक्षित देखिएका छन् । ११ वर्षे युद्धको भीषण विभिषीकाबीच जीवन गुजारिरहेका आम नागरिकले जुन आशा जनआन्दोलनको समाप्तिसँगै गरेका थिए माओवादी क्रियाकलापले उनीहरूमा पलाएको शान्तिको झिनो आशा पनि समाप्त हुन थालेको छ । सहरी क्षेत्रमा माओवादीले चलाएको चन्दा आतंक मात्र होइन, ग्रामीण भेकमा माओवादी सत्ताका सम्पूर्ण प्रक्रियाहरू आज पनि आम नागरिकले भोग्नु परिरहेको छ । माओवादीको सहरी चन्दा आतंकका कारण नै होला अधिकांश व्यापारीहरू पसलको बाहिर फोटोकपी गरेर २५ बुँदे आचारसंहिता झुन्ड्याउन बाध्य भएका छन् । मुलुकलाई शान्तिपूर्ण निकास दिनका लागि माओवादी र सरकारबीच भएका सबै खाले सम्झौताको धज्जी उडाउँदै माओवादी कार्यकर्ताले संक्रमणकालीन अवस्थामा हुनुपर्ने आम नागरिकका आधारभुत आवश्यकतामा आधारित विकास निर्माणका सबैखाले कार्यक्रममा पनि नियन्त्रण गरेका छन् ।

सुदूरपश्चिमका डडेल्धुरा, बैतडी, डोटी लगायतका जिल्लामा माओवादी विद्रोहका कारण विस्थापित भएका लामो समयदेखि माओवादीको अदालतमा मुद्दा खेपिरहेका आम नागरिक तथा राजनीतिकर्मीहरूका विषयमा राजनीतिक दलहरूसँग दर्जनौंपटक वार्ता भए पनि माओवादीले विस्थापितहरूलाई घर फर्कन दिने वातावरण नै बन्न दिएका छैनन् । बैतडी माओवादी जनसरकार प्रमुख विजयसुन्दर विस्थापितका नाममा भत्ता खाने तर विस्थापित नभएकाहरूका कारण समस्या अल्झिरहेको दाबी गरे पनि उनको दाबी सत्यको नजिक देखिँदैन ।

विगतमा विस्थापित भएका र माओवादी जनअदालतमा मुद्दा चलिरहेका अधिकांश व्यक्ति राजनीतिक हैसियत राख्ने भएकै कारण विद्रोहीहरूले ती व्यक्तिहरूबाट सार्वजनिक माफी मगाएर मात्र गाउँ पस्न दिने नीति बनाएकोप्रति दलहरूको असहमति रहेको छ । आचारसंहिताअनुरूप दुवै पक्षले लगाएका मुद्दा निसर्त रूपमा फिर्ता लिनुपर्ने भए पनि माओवादी पक्षबाट त्यसको वास्ता नै गरिएको छैन । माओवादीको जनअदालतमा अहिले पनि सयौं मुद्दा रहेका छन् । कञ्चनपुर जिल्लामा मात्र जनअदालतमा एक सयभन्दा बढी मुद्दा छन् भने माओवादी प्रभावित पहाडी जिल्लामा त यसको गणना नै छैन । श्रम शिविरहरूमा राखिएका दर्जनौं व्यक्ति अहिले पनि बाँकी छन्, सामाजिक अपराधका घटनाको छानबिन हिजोभन्दा अहिले माओवादीले बढी गरिरहेका छन् । सुदूरपश्चिमका माओवादीका वरिष्ठ नेता खगराज भट्टकै अगाडि केही दिनअघि मात्र सात राजनीतिक दलका तेह्रजना कार्यकर्तालाई डडेल्धुराको सदरमुकामको मुटुबाट लाइन लगाएर अपराधीझैं अपहरण गरी लगिँदा आचारसंहिताको कुनै अर्थ देखेनन्, पूर्व केन्द्रीय सदस्य भट्टले ।

जिल्ला जिल्लामा माओवादीले कर्मचारी र सरकारी योजना तथा गैरसरकारी संस्थाका योजनाबाट करको रूपमा ठूलो रकमको माग

गरिरहेका छन् । माओवादीले भनेजति चन्दा नदिने कुनै पनि कार्यालय र गैरसरकारी संस्थालाई काम गर्न दिएका छैनन् विद्रोहीले । दोहोरो कर तिरिरहेका व्यापारीको आयआर्जनको तथ्यांक संकलन गरेर कमाइको हिसाबमा प्रतिशतका दरले करको माग गरिरहेका माओवादी विद्रोहीहरूको व्यवहारमा कुनै पनि भिन्नता आएको देखिँदैन । वैतडीको तल्लो सोराड क्षेत्रबाट बाख्राको व्यापार गर्ने एक स्थानीय व्यापारीले ५ प्रतिशत कर नदिएकै कारण डेढ साता बाख्रा बाटैमा अलपत्र रहेका थिए ।

हिजोभन्दा फरक छैन, बरु माओवादीको व्यवहार आर्थिक लेनदेनमा कडा भएको बाख्रा व्यापारी बताउँदै भन्छन्, 'गाउँमा हरेक कुराको कर मागिन थालेको छ ।' माओवादीको वर्तमान कार्यशैलीले उनीहरू हतियार बिसाउनुअघि पार्टीगत रूपमा हो वा व्यक्तिगत रूपमा होस्, धनी बन्न चाहन्छन् । डडेल्धुरा सदरमुकाममा मात्र विद्रोहीहरूले सरकारी कार्यालयबाट लाखौं रुपैयाँ उठाएका छन् । करको विषयलाई लिएर नागरिक समाजले पटक पटक माओवादीलाई चेतावनी दिँदा पनि उनीहरू नसुध्रिएको गुनासो अधिकारकर्मीहरूको रहेको छ । आफ्नो सत्तालाई मान्यता दिन आग्रह गरिएको एक कार्यक्रममा नागरिक क्षेत्रले ठाडै अस्वीकार गरेपछि विद्रोहीहरू झन् बढी उग्र रूपमा चन्दा उठाउन थालेका छन् ।

जनआन्दोलनको सफलतासँगै शान्तिको सास फेर्न पाउने आशा राखेका आम नागरिकले अहिले पनि जुन सास्तीमा जीवन बिताउनु परिरहेको छ, यो विषयमा दलहरू भने मौन देखिएका छन् । ग्रामीण क्षेत्रमा अझै पनि दलहरूको बलियो उपस्थिति हुन सकिरहेको छैन । कहीँ कतै गाउँमा दलका कार्यक्रम भएको भए पनि परिवर्तनपछि हुनु पर्ने उपस्थिति नभएपछि माओवादी जनसत्ताकै कब्जामा गाउँहरू रहेका छन् ।

आम नागरिक आज पनि शान्तिको अनुभूति नपाएपछि भन्छन्, 'यो परिवर्तन माओवादीको आन्दोलनले नभई जनताको शान्तिको चाहनाका कारण भएको आन्दोलन हुनाले शान्तिप्रति कसैले पनि खेलबाड नगरून् ।' नागरिक समाजसँग जोडिएका एकजना पुराना पत्रकार भन्छन्, 'माओवादीले जुन गतिविधि गरिरहेका छन् उनीहरू यो परिवर्तनलाई आफ्नो बन्दुकको भरमा भएको परिवर्तनको भ्रममा रहेका छन् ।' यसैबीच डडेल्धुरामा मात्र माओवादीले मिलिसियालाई शारीरिक शक्ति प्रदर्शन गर्न गस्तीमा खटाएको र चन्दा आतंक मचाएको विरोधमा नागरिक क्षेत्रले सार्वजनिक कार्यक्रम आयोजना गरी आचारसंहिता पालन गर्न चेतावनी पनि दिएका छन् । आफ्नो सत्तालाई स्वीकार गर्न आग्रह गरी गरिएको जिल्ला विकास समितिको कार्यालयमा भएको एक समारोहमा त कर्मचारीहरूलाई पाँच पैसा पनि चन्दा नदिन नागरिक क्षेत्रबाट खुलारूपमै आह्वान गरिएको थियो ।

## सक्रिय रक्षाको स्थितिमा छौं : प्रभाकर

जनमुक्ति सेनालाई शुद्ध सेना नमानेर राजनीति स्वीकार गर्ने समूह मान्ने प्रभाकरले अहिले माओवादी सेना जनताको बीचमा गएको बताएका छन् । माओवादीभित्र सशस्त्र सेनाको संख्या बताउन नचाहने सेनाका डेपुटी कमान्डर प्रभाकरले जनसेना जनताका बीचमा गए पनि सुप्रिमो प्रचण्डले भनेजस्तै सक्रिय रक्षाको स्थितिमा बसिरहेको दाबी गरेका छन् । 'हामी अहिले उत्पादनको मोर्चामा छौं र मुक्ति र स्वतन्त्रताका लागि हरदम लड्न तयार छौं', उनले भने ।

बढेको जनचेतनाका कारण जनआन्दोलन सफल भएपछि विश्वले नेपाललाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन गरेको मान्ने प्रभाकर कसैले माओवादीको आलोचना गरेमा दुरी नबढ्ने बरु नजिक हुन सहयोग पुग्ने बताउँछन् ।

माओवादीले आफ्नो युद्धकला छापामार शैलीबाट विकसित गर्दै चलायमान बनाएर मोर्चाबद्ध युद्धको स्थितिमा पुगेको दाबी गर्दै प्रभाकर भन्छन्, 'अब जनसेना जंगल पस्नेछैन, अबको युद्ध सहरकेन्द्रित नै हुनेछ । यदि निरंकुशता हावी भएमा । यो सबै कुरा पार्टीले निर्देशित गर्नेछ ।'

## प्रचण्ड डोटीमा

जनआन्दोलनका सुप्रिम कमान्डरसँग तथा सात दलका शीर्षस्थ नेताहरूसँग भएको शिखर वार्ताको लगत्तै गृहमन्त्रीले हेलिकोप्टरबाट डोटीको बर्छैनमा छाडेका प्रचण्ड सुदूरपश्चिमको माओवादी क्षेत्रीय हेडक्वार्टरमा क्षेत्रीय ब्युरो सदस्यसम्मका हैसियतका माओवादी कार्यकर्तालाई राजनीतिक प्रशिक्षण दिन व्यस्त छन् । माओवादीका आधिकारिक कार्यकर्ताले यस्तो प्रतिक्रिया दिए पनि एकजना सुदूरपश्चिमकै प्रभावशाली नेताले अनौपचारिक कुरा गर्दा चाहिँ संविधानसभाको घोषणाअघि नै हतियार केन्द्रीकृत गर्ने उद्देश्यले अध्यक्ष प्रचण्ड देश दौडाहामा लागेको संकेत व्यक्त गरे ।

तपाईंहरू प्रतिक्रान्तिको मानसिक पीडाबोधबाट त गुज्रिरहनुभएको त छैन भन्ने प्रश्नमा अनौपचारिक रूपमा कुरा गर्ने ती नेताले युद्धको व्यवस्थापन जति असहज हुन्छ युद्धपछि सेना र हतियारको व्यवस्थापन कति कठिन हुन्छ भन्ने माओवादीका नेताले बुझेको टिप्पणी मात्र गरे । ■


**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**



**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**

**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ट बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

**डाइनिया-४, मोरङका** सोह्र वर्षीय दिना मण्डलले कश्मीर जाने बेला बाबुसँग भनेका थिए, 'उताबाट ५ हजार पैसा पठाइदिन्छु, अनि टिनले घर छाउनू है !' जुँगाको रेखी पनि नबसेका छोराले यस्तो आँट दिँदा ४५ वर्षीय नागेश्वर मण्डलको मन खुसीले गदगद हुनु स्वभाविक हो । तर, खुशी जीवनमा अनुवाद हुनै सकेन ।

जेठ २८ गते दिनाले गाउँमा फोन गरेका थिए । तर, नागेश्वर सनपाट काट्ने चटारोमा थिए । उनले छोरासँग कुरा गर्न पाएनन् । त्यो साँझ उनको मन निकै गह्रौं भयो । खाना खाएर पनि भोकै रहेको जस्तो लाग्यो । फेरि छोराको फोन आउला र बात मारौंला भन्ने उनलाई लागेको थियो । भोलि भयो, पर्सि भयो, दिनाको फोन आएन । जेठ ३१ गते फोन आयो तर त्यो दिनाको हैन, उनको मृत्युको मजदुरले जेठ ३० गते दुईवटा चिता बनाई एकातिर ४ र अर्कोतिर ५ वटा लास राखेर जलाएका थिए ।

कश्मीरमा मारिने आठ नेपाली युवकमध्ये ६ जना एउटै गाउँका मात्र हैनन्, एउटै वडाका पनि हुन् । बिल्सा ऋषिदेव, राजेन्द्र ऋषिदेव, रविन ऋषिदेव, रामु ऋषिदेव, लक्ष्मी गुडी र रवि ताजपुरिया गोविन्दपुर-१ निवासी हुन् । बक्राहा खोलाको बाँधमा रहेको यो बस्तीलाई गोविन्दपुरका बासिन्दा मुसहरभिट्टा भन्छन् । दिना मण्डल र चिकु ऋषिदेवमात्रै डाइनिया-४ का हुन् ।

गत चैत १९ गते गोविन्दपुर-१ कै विन्दे ऋषिदेवको पछि लागेर करिब २५ जना युवक कश्मीर हिँडेका थिए । तीमध्ये कति पहिलोचोटि परदेश गएका थिए भने कति दोस्रोचोटि । मारिने आठजना नेपाली युवक तिनैमध्येका थिए । उनी कश्मीर गएका थिए । 'छोराले भान्जाका लागि ठेक्कामा दूध राख्नू, फर्किएपछि पैसा तिरिदिन्छु भनेको थियो', राजेन्द्रकी आमा मीनादेवी भन्छिन् । विराटनगरबाट ४५ किलोमिटर पूर्व पर्ने गोविन्दपुर, डाइनिया र कर्सियाका सयौं युवा केही वर्षदेखि कश्मीरमा मजदुरी गर्न जान थालेका थिए ।

आठ नेपालीको हत्यापछि सबै आतंकित छन् । उनीहरू घर फर्किन थालेका छन् । 'हामीले जेठ ३० गते बिहानै साथीहरू मारिएको थाहा पायौं, अनि डेराबाट एक्लै बाहिर निक्लिँदा पनि डराउनुपर्ने भयो', सिजुवा-७, मोरङका ऋतुवर्ण पौडेल भन्छन्, 'उनीहरू (इस्लामिक उग्रवादीहरू)ले नेपालीलाई भेट्यो कि मार्छन् भन्ने हल्ला फैलिएको थियो ।' ऋतुवर्णका अनुसार अरू घर फर्कन चाहने कतिपयलाई बाटो खर्चकै समस्या छ ।



▲ कास्मिरमा मारिएका आफ्ना प्रियजनहरूको वियोगमा आफन्तहरू



# कश्मीरको कहर

सूचना दिने व्यक्तिको थियो ।

जुन दिन दिनाले गाउँमा फोन गरे, त्यसको भोलिपल्टै उनी हिजबुल मुजहिद्दिन नामक इस्लामिक उग्रवादी संगठनद्वारा मारिएको खबर नागेश्वरले दुई दिनपछि मात्रै पाए । गाउँमा हातमुख जोर्न मुस्किल परेपछि कलिलै उमेरमा परदेश हिँडेका छोराको लाससम्म नागेश्वरले पाएनन् । कश्मीरको कुलगाउँमै उनको लास जलाइयो, त्यो पनि सामूहिक चितामा ।

दिना एक्लै कश्मीर हिंसाको सिकार भएका थिएनन् । उनीसहित मोरङ, डाइनियाका दुई र गोविन्दपुरका ६ गरी आठजना नेपाली युवकलाई उग्रवादीले अन्धाधुन्ध गोली हानी मारेका थिए । कश्मीरलाई स्वतन्त्रता दिलाउने नाउँमा भइरहेको हिंसाको चपेटामा एक भारतीय युवक पनि परेका थिए ।

'बाध्यताले गर्दा एउटै चितामा धेरैको लास जलाउनुपर्‍यो', असार ५ गतेमात्रै कश्मीरबाट फर्किएका सिजुवा-७, मोरङका २८ वर्षीय गणेशबहादुर दर्जीले भने, 'परदेशमा विधि, नियम भनेर नहुने रहेछ ।' दर्जीका अनुसार कुलगाउँस्थित सुरक्षा शिविरका भारतीय सैनिक र केही नेपाली उनीहरूका अगुवा विन्दे आफैं पनि गोलीको सिकार भए । उनीलगायत केहीको श्रीनगरमा उपचार भइरहेको छ ।

मृत्युको खबर आएपछि शोकमा डुबेको मुसहर बस्ती अझै तंग्रिन सकेको छैन । बिल्साकी आमा नरमिया ऋषिदेव कसैले छोराको कुरा उप्काउनासाथ रुन थाल्छिन् र बेहोस हुन्छिन् । हुन पनि उनको एउटैमात्र छोरा थियो, जो ऋणमा डुबेकी आमालाई आर्थिक भरथेग दिन गाउँका अरू साथीभाइसँगै कश्मीर हिँडेका थिए । रामु ऋषिदेव, राजेन्द्र ऋषिदेव र रविन ऋषिदेवका पनि दाजुभाइ थिएनन् । उनीहरूका आमाहरू छोराको मृत्युको खबर थाहा पाउनासाथ रुँदारुँदै अचेत भएका थिए ।

अठार वर्षीय राजेन्द्र ऋषिदेव, जसलाई गाउँमा ठूलो ढल्लु भनिन्थ्यो, दोस्रोचोटि कश्मीर गएका थिए । पहिलोचोटि जाँदा उनले १२ हजार रुपैयाँ कमाएर ल्याएका थिए । त्यो पैसाले उनले कर्जामा फसेको जग्गा उकासे, एउटा साइकल र दुईवटा गाईको बाछी किने । यसपटक भर्खर एक वर्ष पुगेका टुहुरा भान्जा धर्मेन्द्रलाई हुर्काउने पैसा कमाउन

तर, जोखिममा परेका कश्मीरका नेपाली मजदुरको उद्दार गर्न त परै जावोस्, पीडितका परिवारलाई राहत दिन पनि नेपाल सरकार आलटाल गर्दै छ । पीडितका परिवारले अहिलेसम्म पाएको राहत भनेको जिल्ला प्रशासन कार्यालय, मोरङले उपलब्ध गराएको २ सय किलो चामलमात्रै हो । मोरङका प्रमुख जिल्ला अधिकारी मोदराज डोटेलका अनुसार थप सहयोगस्वरूप प्रतिपरिवार २५ हजार रुपैयाँ र ८० किलो चामल दिइँदै छ । 'हामीले थप सहयोगका लागि भारतलाई आग्रह पनि गरेका छौं', डोटेल भन्छन् ।

गत वर्ष इराकमा १२ नेपालीको हत्या हुँदा सरकारले तत्काल राष्ट्रिय शोक घोषणा गर्नुका साथै मृतकका परिवारलाई १० लाख रुपैयाँका दरले आर्थिक सहयोग उपलब्ध गराएको थियो । तर, कश्मीरमा मुसहरहरू मारिँदा सरकारले 'दुःख' प्रकट गर्दै 'कडा' शब्दमा हत्याराको भर्त्सना गर्ने औपचारिकतामात्रै पूरा गर्‍यो । स्थानीय सामाजिक तथा पेसागत संघसंस्थाले चाहिँ सरकारले प्रत्येक पीडितका परिवारलाई १० लाख रुपैयाँ दिनुपर्ने माग गरेका छन् ।

■ **ओमआस्था राई/गोविन्दपुर, मोरङ** (तस्वीर पनि)

**अन्तर्वार्ता** किथ ब्लुमफिल्ड



तस्बिरहरू : तेजबहादुर बस्नेत

# खुसी भएर फर्कंदै छु

**झन्डै चार वर्षको नेपाल बसाइमा किथ ब्लुम फिल्डले आफूलाई मुलुकमा एउटा परिचित कुटनीतिज्ञका रूपमा आफूलाई स्थापित गर्न सकेका छन्। खास गरी माघ १९ गतेपछि प्रजातन्त्रको पक्षमा उनका स्पष्ट तथा सार्वजनिक अभिव्यक्तिहरूले उनलाई शाही सत्ताले 'भिलेन'का रूपमा मात्र चित्रित गरेको छैन, तत्कालीन परराष्ट्रमन्त्रीको आदेशमा शीतलनिवासले नसिहतसमेत दिएको थियो। वैशाख ११ गते इतिहासले कोल्टे फेर्‍यो। तर, त्यसको लगत्तै एक वर्षको अवधि विस्तार कालसमेत कुल ४ वर्षको अवधि पूरा गरी स्वदेश फर्कंदै छन् ८ जुलाईमा। ५९ वर्षीय ब्लुम फिल्डले सम्भवतः कुटनीति सेवा त्याग गर्ने मन बनाएका छन्, तर भावी जीवनबारे खुलेर केही बताउन चाहेनन्। हुन सक्छ म फ्रान्समा बस्नेछु, उनको उत्तर थियो। सोमवार बेलुका श्री ५ ज्ञानेन्द्रसँग बिदाइ भेट गरे उनले। र, राजनीतिक दलहरूले नेपालमा प्रजातन्त्रको लडाइँमा योगदानका लागि उनको प्रशंसा गरेका छन्। यही मिश्रित भावनाका साथ फर्कंदै छन् उनी नेपाल फेरि फेरि आउने आशाका साथ। प्रस्तुत छ, युवराज घिमिरेसँगको अन्तर्वार्ताका अंशहरू :**

**तपाईं आफ्नो कार्यकालपछि स्वदेश फर्कंदै हुनुहुन्छ। कस्तो अनुभूति गर्दै हुनुहुन्छ ?**

म दुःखी छु। म र मेरी पत्नीका लागि यो मुलुक असाध्य प्यारो लागेको छ। तर, हामी अभूतपूर्व किसिमको आशा र खुसीको क्षणमा जाँदै छौं।

**लाग्छ तपाईं निकै आशावादी हुनुहुन्छ।**

घटनाक्रम निकै तीव्र वेगमा अघि बढिरहेका छन्। त्यसैले म आशावादी छु। पहिलेभन्दा निकै बढी। मेरो बसाइको अवधिमा भएका शान्ति प्रयासहरू या अतीतका दुईवटा शान्ति प्रयासहरूमा भन्दा अहिले सफलताको सम्भावना मैले देखेको छु निकै बढी।

**के त्यो आशा अतिशयोक्तिपूर्ण त छैन ?**

यसका कारण छन्। माओवादीहरूसँग एक किसिमको सहमति बनिसकेको अवस्था छ। र, पहिलेका वार्ताहरू भाँड्ने मुख्य मुद्दा - संविधानसभाको निर्वाचनमा अहिले कुनै समस्या देखिँदैन। पहिला तीन ध्रुवीय राजनीतिक परिस्थितिबाट अब मुलुक दुई ध्रुवीय राजनीतिक परिस्थितिमा आइपुगेको छ। त्यसैले मेरो आशा बढेको हो। तर, प्रजातन्त्र सबभन्दा बढी मुद्दा हो। र, त्यसमा पुग्न माओवादीहरूले स्थायीरूपमा हतियार बिसाउनैपर्छ।

**र यो बीचमा, खास गरी युद्धविराम र अहिलेको आठबुँदे समझदारीपछि माओवादीहरूले हतियार बिसाउनेछन् या वार्ताका लागि उपयुक्त वातावरण बनाउनेछन् भन्ने बारेमा कति विश्वस्त हुनुहुन्छ यसपल्ट ?**

आफ्नो विश्वसनीयता स्थापित गर्ने दायित्व माओवादीहरूकै हुन्छ। हामी साँच्चिकै विश्वासयोग्य छौं सहमतिबारे भन्ने प्रमाण त उनीहरूले दिनैपर्छ। त्यसका साथै उनीहरूले आफ्ना हतियार प्रयोग नगर्ने गरी बिसाउनैपर्छ, चुनावपछि पनि नउठाउने गरी। माओवादीहरूले जबरजस्ती चन्दा असुली र अपहरण बन्द गर्नुपर्छ। र, राजनीतिक दलहरूलाई आफ्ना गतिविधि संचालनमा व्यवधान पुर्‍याउनु हुँदैन। यसका साथै विकाससम्बन्धी क्रियाकलापमा पनि उनीहरूले अवरोध उत्पन्न गर्नुहुँदैन। माओवादीले मानवअधिकार तथा सात दलहरूसँगको आचारसंहिता पालन गर्नुपर्छ। यी सबै कार्यहरूबाट मात्र उनीहरूको विश्वसनीयता स्थापित हुनेछ।

**अनि उनीहरू पुनः जंगल पस्ने सम्भावना कत्तिको देख्नुभएको छ ?**

उनीहरूद्वारा आचारसंहिताप्रति प्रतिबद्धता व्यक्त गरिनु एउटा सुखद पक्ष हो। मैले अघि नै भनिसकें, भयत्रासको वातावरण रहनुहुँदैन। सेना र माओवादीहरू दुवैको हतियार राष्ट्रसंघीय पर्यवेक्षणमा हुनु राम्रो पक्ष हो। तर, संविधान निर्वाचनपछि हतियार के हुन्छ, त्यति स्पष्ट देखिँदैन अहिले।

**खास गरी सुरक्षानिकायहरूमा केही असन्तोष देखा परेको छ, नेपाल सेना र माओवादी छापामारलाई एउटै श्रेणीमा राखी हतियार व्यवस्थापनबारे। यसलाई कसरी हेर्नुहुन्छ ?**

निश्चय पनि राज्यको सेना, जुन निश्चित ब्यारेकभित्र रहन्छन् र ब्यारेक नभएका माओवादीबीच अन्तर छ। तर, मुलुकमा अहिले एउटा परिस्थिति विद्यमान छ - युद्धविराम भएको छ दुवै पक्षबाट र राज्य तथा विद्रोही दुवै पक्षले द्वन्द्व समाधानमा सहमति जनाएका छन्। निश्चय पनि यो अहिलेको यथार्थ परिस्थितिको प्रतिविम्ब हो। त्यसैले राष्ट्रिय सेनालाई उसले चाहेको जे



**घटनाक्रम निकै तीव्र वेगमा अघि बढिरहेका छन् । त्यसैले म आशावादी छु । पहिलेभन्दा निकै बढी । मेरो बसाइको अवधिमा भएका शान्ति प्रयासहरू या अतीतका दुईवटा शान्ति प्रयासहरूमा भन्दा अहिले सफलताको सम्भावना मैले देखेको छु निकै बढी ।**

पनि गर्ने स्वतन्त्रता हुँदैन ।

**नेपालमा शान्ति स्थापना प्रक्रियासँगै उसको आर्थिक परिस्थिति नाजुक छ । मित्रराष्ट्र तथा दातृ संस्थाहरूको कस्तो भूमिका हुन सक्छ आउने दिनमा यसबारे ?**

आर्थिक विकास पूर्णरूपमा बाहिरी जगत्को क्षेत्रमा पर्ने विषय हैन । तर, उचित सहयोगका लागि सरकारले केही कुरा सावित गर्नु आवश्यक छ । भ्रष्टाचारविरुद्ध उसको प्रतिबद्धता, सरकारका विकास नीतिहरूको उचित कार्यान्वयन, सामाजिक तथा आर्थिक उत्थान, सबै किसिमका भेदभाव अन्त्य र सामाजिक न्यायका क्षेत्रमा सरकारले आफूलाई सफल देखाउनुपर्छ । सरकारले त्यसो गर्न नसके निश्चय पनि चुनावमा दलहरूले त्यसको मूल्य चुकाउनु पर्ने हुन्छ ।

**अहिले त संविधानसभाको मात्र कुरा भइरहेको छ नि ?**

हो, त्यसका लागि पनि मलाई लाग्छ यो विषय अझै पनि अस्पष्ट छ । संविधानसभाको निर्वाचन कसरी हुन्छ ? हतियार व्यवस्थापन, जनआन्दोलनको मर्मप्रति सन्तोषजनक व्यवहार आदि महत्त्वपूर्ण कुरा हुन् । माओवादी राजनीतिक मूलधारमा कसरी आउँछन्, माओवादीले उठाएका समस्यालाई सरकार पक्षले कसरी सम्बोधन गर्छन्, यी महत्त्वपूर्ण कुरा हुन् । तिनीहरूलाई यथाशक्य छिटो सीधै समाधान हुनु आवश्यक छ ।

**नेपाल र बेलायतको सम्बन्धको परिप्रेक्ष्यमा राजतन्त्र झन्डै एउटा स्थायी संस्थाका रूपमा रहँदै आएको छ । अहिलेको परिस्थितिमा नेपालमा राजतन्त्रको भविष्य कसरी आँकलन गर्नुहुन्छ ?**

बेलायत सरकारले संविधानसभा निर्वाचनको स्वागत गरेको छ र निर्वाचनमा यदि गणतन्त्रको पक्षमा बहुमत आएमा, त्यो नेपाली जनताको निर्णय हुनेछ र हामी त्यसको स्वागत गर्नेछौं । हामीले खास गरी माघ १९ यता श्री ५ समक्ष सुझाव दिँदै आएका थियौं - प्रत्यक्ष सत्ता ग्रहणका कारण राजतन्त्रको भविष्य खतरामा पर्न सक्छ । तर, हाम्रो सुझाव सुनिएन ।

**म फेरि एकपल्ट नेपालको निकासमा बेलायती सहयोगबारे प्रश्न गर्न चाहन्छु । के यसमा वृद्धिको सम्भावना छ, अहिलेको आवश्यकता र परिस्थितिलाई ध्यानमा राख्दै ?**

निश्चय पनि यसबारे हाम्रो चासो छ । हामीले ५ करोड डलरका कार्यक्रमहरूलाई सहयोग गरेका छौं र त्यसलाई हामी निरन्तरता दिन चाहन्छौं । तर, द्वन्द्वले त्यसमा समस्या सिर्जना गर्दै आएको छ । त्यसको समाधान भएमा कार्यान्वयन सहज हुनेछ । हाम्रा कर्मचारीहरूको सुरक्षा हाम्रा लागि महत्त्वपूर्ण छ । द्वन्द्व समाधान भएमा कार्यान्वयनको गतिले पनि तीव्रता पाउनेछ । अतीतमा सरकारले अवितरित राशिसमेत खर्च गर्न नसकेका उदाहरण छन् । अनुकूल परिस्थितिमा अवश्य पनि बेलायतले आफ्नो सहयोग स्तरको समीक्षा गर्नेछ ।

**माघ १९ गते यता रोकिएको सैन्य सहयोगलाई निरन्तरता दिने कुनै कार्यक्रम छ कि ?**

सुरक्षा सहयोगका अनेक आयाम छन् । हामी निश्चय पनि निजामती तथा सैनिक सम्बन्धलाई सुदृढ बनाउने सरकारका कुनै पनि प्रयासप्रति सहयोगात्मक रहनेछौं । त्यसको अर्थ हो नेपाली सेना, जनपद प्रहरी तथा सशस्त्र सेनामा सुधार ल्याइनुपर्छ । यी सुधारले भविष्यमा सुरक्षानिकायहरूको आकार र संख्या जस्ता विषयलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । जातीय विभेद, राजनीतिक हस्तक्षेप तथा मानवअधिकार उल्लंघन जस्ता विषयलाई पनि उनीहरूले हेर्नुपर्ने हुन्छ । यसलाई तत्काल गर्न नसकिने कुनै कारण म देख्दिनँ र ती प्रयासप्रति हामी तालिमलगायत अन्य तरिकाले समर्थन जनाउनेछौं ।

जहाँसम्म पुनः आपूर्तिको कुरा हो, त्यस्तो प्रस्ताव आएमा हामी सावधानीपूर्वक त्यसमाथि विचार गर्नेछौं । अहिले नै त्यस्तो कुनै आग्रह हामीसमक्ष आएको छैन ।

**एकपल्ट फेरि वार्ता प्रक्रियामा फर्काऊ, हतियार प्रबन्धनमा संयुक्त राष्ट्रसंघलाई दिएको भूमिका के यहाँलाई पर्याप्त लाग्छ ?**

अन्तर्राष्ट्रिय मानवअधिकार उच्चायोगको यो ठूलो उपस्थिति हो । र, राष्ट्रसंघलाई हतियार प्रबन्धनको लागि निम्त्याइनु अर्को सकारात्मक पक्ष हो । बाँकी कुरा र भूमिकाबारे भावी वार्ता तथा परामर्श प्रक्रियाले पनि निर्धारित गर्नेछन् ।

**तपाईंले राजासँग बिदाइ भेट गर्नुभयो । सरकारलाई कुनै आपत्ति थिएन त्यसबारे ?**

मेरो भेट सरकारी निकायमार्फत निर्धारित भएको थियो ।

**भेटको अनुभव कस्तो रह्यो ?**

तपाईंलाई चाख लाग्ने खालको खासै कुनै कुरा छैन । तर, मैले श्री ५ लाई दार्शनिक र यथार्थलाई स्विकारेको 'मुड'मा पाएँ ।

**अन्तमा, नेपालीलाई केही भन्न चाहनुहुन्छ कि ?**

शान्ति प्रक्रिया कडा परिश्रमविना सफल हुँदैनन् । बाहिरका अनुभवले के देखाएको छ भने युद्धविराम अक्सर त्रुटिपूर्ण वार्ता प्रक्रियाबाट हुने गर्छन् । ■



भास्कर ओझा

▲ सात दलका शीर्ष नेता र माओवादी अध्यक्ष प्रचण्डको शिखर वार्तापछि आयोजित पत्रकार सम्मेलनमा प्रचण्ड र अन्य नेताहरू

# चुलिँदो विवाद

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**माओवादी र सात** दलबीच असार २ गते भएको आठबुँदे सहमतिपछि पार्टी भित्र र बाहिरको आलोचनाको तारो बनेका गृहमन्त्री एवं सरकारी वार्ताटोलीका संयोजक कृष्णप्रसाद सिटौलालाई आफ्नो मनको बह कहाँ पोखुजस्तै भएको थियो। अन्ततः उनले एउटा उपाय लगाए, कास्की कांग्रेसलाई कार्यकर्ता भेला आयोजना गर्न लगाउने र माओवादीसँग सम्पन्न आठबुँदे सहमतिको व्याख्या गर्ने। यसअघि प्रधानमन्त्री एव कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला स्वास्थ्योपचारका लागि बैकक प्रस्थान गरेपछि आफ्नै पार्टीका केन्द्रीय सदस्यहरूको ज्याखयाख्तीमा परेका संयोजक सिटौलालाई कास्की कांग्रेसका सभापति यज्ञबहादुर थापाले मनको बह पोख्ने अवसर जुटाइदिए।

असार ६ गते बिहान कांग्रेस केन्द्रीय कार्यसमितिको अनौपचारिक बैठकमा सदस्यहरूको आरोपको निशाना बनेका सिटौलाले पोखरा पुगेर हतारमा बोलाइएको कांग्रेस कार्यकर्ता भेलामार्फत ती विवाद मत्थर पार्ने गरी भाषण गरे। सात दल र माओवादीका शीर्ष नेताहरूबीच भएको सहमतिपछि सबैजसो राजनीतिक दलभित्र उठेको अन्तरिम सरकार गठन र हतियार व्यवस्थापनसम्बन्धी महत्त्वपूर्ण विषयमा स्पष्टीकरण दिन सिटौला बाध्य भएका हुन्।

कास्की कांग्रेस कार्यालयमा उपस्थित तीन सयभन्दा बढी नेता तथा कार्यकर्ताबीच सिटौलाले आठबुँदे सहमतिमा विवाद उत्पन्न भएको बताए। भेलाबाटै आफूलाई विवादबारे बोल्न आग्रह गरिएको चिट देखाउँदै 'मैले बोल्नै पर्‍यो' भन्दै सिटौलाले भने, 'तपाईंहरू ढुक्क हुनुहोस्, हतियार व्यवस्थापन नभई अन्तरिम सरकार बन्दैन।' उनले हतियार व्यवस्थापन र अन्तरिम सरकार एकैसाथ बन्ने खुलासा पनि गरे। उनले भने, 'हतियार व्यवस्थापन गर्न समय लाग्न सक्छ। त्यसैले अन्तरिम सरकार गठन गर्ने काम पनि छिटो नहुन सक्छ।'

सिटौला, जसले आठबुँदे सहमतिपत्र तयार गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन्, तिनै सदस्यले आफ्नै पहलमा पोखरामा कार्यकर्ता भेला बोलाएर सहमतिको विवादास्पद बुँदाबारे विस्तारमा व्याख्या गर्नुपर्ने बिडम्बनापूर्ण राजनीतिक स्थितिमा मुलुक गुज्रिएको छ। सहमतिमा हस्ताक्षर गर्ने सात दलमध्येका अधिकांश दलभित्र सहमतिलाई लिएर तीव्र विवाद भइरहेको अवस्थामा सिटौलाले गरेको विश्लेषणले हस्ताक्षरकारी शीर्ष नेताहरूलाई राहत त दिएको छ। तर, माओवादीले सिटौलाको भनाइको प्रतिवाद गर्ने असहमति जनाउने खतरा पनि छँदै छ। त्यसो त प्रधानमन्त्री निवास बालुवाटारमा असार २ गते साँझ आठबुँदे सहमति गर्दै अढाई दशक लामो आफ्नो भूमिगत जीवन परित्याग माओवादी अध्यक्ष प्रचण्डले १५ दिनभित्र अन्तरिम संविधान बन्ने र एक महिनाभित्र आफूहरू अन्तरिम सरकारमा सामेल हुने भनी गरेको भाषणको औचित्य समाप्त भएको देखिन्छ। सहमतिपत्रमा हस्ताक्षर गर्ने राजनीतिक दलहरूबाट विरोध भइरहेका बेला सिटौलाको 'हतियार व्यवस्था भएपछि मात्र अन्तरिम सरकार बन्ने' धारणा सार्वजनिक भएपछि प्रचण्डको भनाइ 'राजनीतिक गफ'मा सीमित हुने देखिन्छ।

सिटौलाको भनाइलाई आधार मान्ने हो भने हतियार व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघ आउने र काम थाल्ने कुरा सहज छैन। यो चाँडै भइहाल्ने विषय पनि होइन। संयुक्त राष्ट्रसंघका आफ्नै मान्यता र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विविध आयामबीच उसले काम थाल्नुपर्ने हुन्छ। अहिलेसम्म सरकारले औपचारिक रूपमा आमन्त्रण पनि गरेको छैन।

आठबुँदे सहमतिमा 'संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने' भनिएको छ। उता अन्तरिम सरकार संविधान निर्माण गर्ने, सोहीअनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको मिति घोषणा गर्ने अर्को सहमतिमा छ। सहमतिमा हतियार व्यवस्थापन र अन्तरिम सरकार गठनलाई फरक फरक विषय बनाइएको छ। माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्मा गृहमन्त्री सिटौलाको भनाइप्रति सहमत देखिँदैनन्। शर्मा भन्छन्, 'हतियार बुझाएर सरकारमा जान माओवादी आएको होइन।' 'राजनीतिक समस्या समाधान र हतियार व्यवस्थापन सँगसँगै हुन्छ', शर्माको दाबी छ।

सात राजनीतिक दल र माओवादीबीच सम्पन्न

आठबुँदे सहमतिलाई लिएर अहिले हस्ताक्षर गर्ने सबै दलभित्र प्रतिक्रिया उत्पन्न भएको छ। प्रधानमन्त्री कोइराला सभापति भएको कांग्रेसका केन्द्रीय सदस्य र सांसदहरू माओवादीको हतियार व्यवस्थापन र प्रतिनिधिसभा विघटन गर्ने सहमतिप्रति आगो भएका छन्। कांग्रेसले औपचारिक रूपमा कुनै निर्णय नगरे पनि अनौपचारिक बैठकहरूले आठबुँदे सहमतिको प्रतिनिधिसभा विघटन गर्ने निर्णयविरुद्ध आफूलाई उभ्याउने संकेत देखिएका छन्।

केन्द्रीय सदस्य डा. रामवरण यादव भन्छन्, 'प्रतिनिधिसभा विघटन गर्ने निर्णयले केन्द्रीय सदस्य, सांसद र पार्टी कार्यकर्तामा तीव्र प्रतिक्रिया छ।' प्रतिनिधिसभा पुनःस्थापना मूलतः कांग्रेसको मुद्दा भएको र त्यसमा अन्य राजनीतिक दल र अन्तर्राष्ट्रिय समुदायको समेत विश्वास लिन सकेको दाबी गर्दै यादव प्रश्न गर्छन्, 'कुनै सल्लाह नगरी यति ठूलो निर्णय कसरी गरियो ?' कांग्रेसका असन्तुष्ट नेता र सासंदहरूले आठबुँदे सहमतिको विवादास्पद बुँदाबारे छलफल गर्न कोइरालाको आगमनपछि केन्द्रीय समितिको औपचारिक बैठक र संसदीय दलको बैठक बोलाउन दबाब दिने रणनीति बनाएको छन्।

प्रतिनिधिसभा विघटनमा सभापति कोइराला कसरी सहमत भए भन्ने प्रश्नमा कांग्रेस अल्झिएको अवस्थामा अन्य दल भने कांग्रेसको भूमिकामाथि नै प्रश्न गर्छन्। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं हस्ताक्षर गर्ने आठजना नेतामध्येका एक नारायणमान बिजुक्छे भन्छन्, 'कांग्रेस र माओवादीबीच पहिल्यै सहमति भएको थियो होला। त्यसैले माओवादीको दबाबमा प्रतिनिधिसभा विघटन गर्न सहमत भएको हुनुपर्छ।' माओवादीले आधिकारिक रूपमा प्रतिनिधिसभा पुनःस्थापनाको कटु आलोचना गरेको छ भने माओवादी नेताहरूले सार्वजनिक रूपमा पनि छोटो समयका लागि मात्र प्रतिनिधिसभा पुनःस्थापना गर्ने अलिखित सहमति भएको दाबी गर्दै आएका थिए।

एमाले पार्टी पनि कांग्रेस र माओवादीबीचको साँठगाँठमा निर्णय भएको बताएर आलोचनामा उत्रिएको छ। सुरुमा प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच मात्र वार्ता भएको र त्यही वार्ताले तय गरेका विषयलाई सात दलका नेताहरूमाझ राखेर अनुमोदन गराउने काम भएको आक्षेप एमालेका जिम्मेवार नेताहरू लगाउँदै छन्। बिजुक्छेको भनाइ पनि त्यस्तै छ, 'हतार हतारमा निर्णय गर्ने काम भयो। गृहकार्य भएन, विस्तृत रूपमा छलफलनै गरिएन।' उनी आफू वार्ता भाँड्ने पात्रको रूपमा चिनिन नचाहेकोले हस्ताक्षर गरेको स्पष्टीकरण दिन्छन्।

त्यसैगरी नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवाले पनि 'वार्ता भाँड्ने' आलोचनाको पात्र बन्न नचाहेर नै सहमतिपत्रमा हस्ताक्षर गरेको जानकारी आफ्नो केन्द्रीय समितिका सदस्य र सांसदसमक्ष राखेका छन्। प्रजातान्त्रिकले औपचारिक रूपमा सहमतिको विरोधमा कुनै निर्णय सार्वजनिक नगरेको भए पनि आठबुँदे सहमतिलाई सुधार र परिमार्जन गर्नुपर्ने मान्यताले घर गरेको छ। प्रजातान्त्रिकले चाँडै नै शान्ति सम्झौता, युद्धविराम सम्झौता र मानवअधिकार सम्झौता हुनुपर्ने धारणा अघि सार्ने सांसद होमनाथ दाहाल बताउँछन्।

**माओवादी र सात राजनीतिक दलबीच राजनीतिक निकासका निम्ति सहमति हुनु स्वागतयोग्य कुरा हो। लामो समयदेखिको राजनीतिक अस्थिरताबाट गुज्रिएको मुलुक चुनौतीपूर्ण संक्रमणकालीन अवस्थामा छ। यस्तो स्थितिमा गरिने सहमति हतार हतारमा र हुचवा पाराले हुनुहुन्न। असार २ गते भएको सहमतिमा हस्ताक्षर गर्ने नेताहरू नै विरोधमा उत्रिएर 'बालपन' प्रदर्शन गरेका छन्। माओवादीलाई मूलधारमा ल्याउने र आउने कुरा सहज छैन, प्रशस्त चुनौती छन्। तर, त्यस्ता चुनौती चिर्न आठ दलबीच कागजी सहमतिले गरेर मात्र पुग्दैन, एकले अर्काको सहअस्तित्व स्विकार्ने संस्कृति र आपसमा विश्वासको वातावरण बनाउनु अत्यावश्यक छ।**

कांग्रेस, प्रजातान्त्रिक, नेमकिपा र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) प्रतिनिधासभाबाटै अन्तरिम संविधान जारी हुनुपर्ने मान्यता राख्छन्। सद्भावना अध्यक्ष भरतविमल यादव भन्छन्, 'हाम्रो मान्यता यो संविधानमा फसिरहने होइन भन्ने नै हो। तर, यही प्रतिनिधिसभाबाट अन्तरिम संविधान जारी भएपछि मात्र यसको विघटन हुनुपर्छ।' यादव पनि सहमतिअघि आवश्यक गृहकार्य नभएको बताउँछन्।

कोइरालाको स्वास्थ्योपचारका निम्ति भोलिपल्टै बैंकक जाने पूर्वनिर्धारित कार्यक्रम र प्रचण्ड शिखर वार्ता सकेर सोही दिन काठमाडौंबाहिर वास बस्न जाने कार्यक्रमबीच हतार हतारमा सहमति भएको अनुभव पनि नेताहरूको छ। प्रतिनिधिसभा विघटन र माओवादीको हतियार व्यवस्थापनासम्बन्धी लामो बहस भएकाले पूर्व निर्धारित अपरान्ह ३ बजे सम्पन्न गर्ने भनिएको वार्ता साँझसम्म लम्बिएको एक सहभागी नेता बताउँछन्, 'वार्ताकै क्रममा सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्ने र माओवादीका जनसरकार विघटन गर्ने सहमति बनेको हो।'

'सहमतिद्वारा अर्को व्यवस्था गरी' भन्ने वाक्यांश एमाले महासचिव माधव नेपालको अडानमा थपिएको थियो। नेपालकै अडानमा सात पार्टीका शीर्षस्थ नेता र माओवादीको हस्ताक्षर गरिएको हो। सुरुमा कोइराला र माओवादी अध्यक्ष प्रचण्डले मात्र हस्ताक्षर गर्ने गरी सहमतिपत्र तयार भएको बिजुक्छे बताउँछन्।

राजनीतिशास्त्री कृष्ण हाछेथु, कोइरालाको स्वास्थ्य स्थिति देखाएर गम्भीर खाले राजनीतिक निर्णय गर्ने गरिएको विश्लेषण गर्छन्। राजनीतिक निर्णय गैरराजनीतिक 'कोइरालाको स्वास्थ्य स्थिति' कारकबाट प्रभावित बनेको उनको मान्यता छ। सहमतिपछि उत्पन्न विवादलाई भने हाछेथुले स्वभाविक राजनीतिक प्रतिक्रिया भन्दै ती चाँडै साम्य हुने बताए।

वाममोर्चाका नेता एवं नेकपा (माले)का महासचिव सिपी मैनाली सहमतिलाई सकारात्मक भन्छन्। तर, राजनीतिक विषयमा सात दलका नेताहरू चुकेको विचार व्यक्त गर्न पछि पर्दैनन्। मैनाली प्रतिनिधिसभाले अन्तरिम संविधान जारी गर्नुपर्ने, माओवादी लगायत सबै राजनीतिक शक्तिको प्रतिनिधित्व भएको अर्को राजनीतिक निकाय गठन गरिनुपर्ने र माओवादी सरकारमा जानुअघि सरकारका नीति तथा कार्यक्रममा सहमति हुनुपर्ने बताउँछन्।

सहमतिलाई लिएर दलभित्र विवाद र प्रतिक्रिया उठिरहेको वर्तमान अवस्थामा सरकारी र माओवादी दुवै वार्ताटोलीले गठन गरेको नागरिक अनुगमन समिति अहिले विघटनको स्थितिमा पुगेको छ। उच्चस्तरीय नागरिक अनुगन समिति र बृहत् अनुगमन समिति गठन भएको साता दिन बित्दा पनि काम थालेका छैनन् भने आठबुँदे समझदारीलगत्तै घोषणा गरिएको अन्तरिम संविधान मस्यौदा समितिका 'वकिल' सदस्यहरू अदालतमा बहस गर्नु औचित्यपूर्ण हुने निष्कर्षमा पुगेका छन्। सविधान मस्यौदा समितिले सरकारबाट औपचारिक पत्र प्राप्त गर्न नसकेर अन्योलग्रस्त बनेको छ। उता उच्चस्तरीय नागरिक अनुगमन समितिका संयोजक डा. देवेन्द्र पाण्डे जिम्मेवारीबाट पन्छिएका छन्। समिति गठन भएको एक सातापछि पाण्डेले आफूलाई चित्त नबुझेको र त्यस्तो काम गर्न सक्षम नभएको कारण देखाएका छन्। तर, उनको चित्त नबुझाइ ढिलो प्रकट हुनुका पछाडि सहमतिपत्रमा हस्ताक्षर गर्ने राजनीतिक दलहरूभित्र उत्पन्न विवाद उत्प्रेरक मान्नेहरू धेरै छन्। त्यसबाहेक अनुगमन समितिका सदस्यहरूको चयनमा पनि उनी सन्तुष्ट नभएको उनी निकटस्थहरू बताउँछन्। स्रोतहरूका अनुसार पाण्डेको संयोजकत्वमा गठित उच्चस्तरीय समिति बाहेकको अर्को ३१ सदस्यीय बृहत् समितिमा 'माओवादी राजनीतिक चिन्तन'का पक्षपाती 'मानवअधिकारवादी'को बाहुल्य भएकोले पाण्डे जिम्मेवारीबाट पन्छिएका हुन्।

सहमतिपत्र जतिकै महत्त्वका साथ १५ दिनको म्याद दिएर सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा गठित अन्तरिम संविधान मस्यौदा समितिलाई सरकारले कुनै पत्र र काम गर्ने थलो उपलब्ध गराउन सकेको छैन। एकातिर राजनीतिक भागबन्डामा संविधान मस्यौदा समिति बनेको र त्यसमा 'वकिल'हरू मात्र राखिएकोमा आलोचना हुँदै छ भने अर्कोतर्फ सरकार र माओवादी दुवैले सार्वजनिक घोषणामार्फत जिम्मेवारी दिए पनि व्यवहारमा काम गर्ने वातावरण नबनाएकोमा आश्चर्य पनि प्रकट गरिँदै छ।

तीन दिनसम्म संविधान बनाउने अनौपचारिक बैठकमा सक्रिय भएका वरिष्ठ अधिवक्ताहरूले असार ६ गतेदेखि सर्वोच्चमा बहस गर्न थालेका छन्। समितिका सदस्य वरिष्ठ अधिवक्ता हरिहर दाहाल भन्छन्, 'तीन दिनसम्म आफ्ना मुद्दाहरू थाती राखेर अनौपचारिक छलफल गरियो। तर, पत्र दिनेसम्म काम नभएपछि अदालतका बहस गर्न थाल्यौं।' दाहालले समितिका सदस्य शम्भु थापा र अर्का सदस्य महादेव यादव तीनैजना सर्वोच्च अदालतमा मुद्दामा बहस गर्न थालेको जानकारी दिए। ■

# एमाले–माओवादी टक्कर

■ सुवास देवकोटा/काठमाडौं

**मंसिरको बाह्रबुँदे समझदारी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा एमालेको प्रशंसा गर्ने माओवादी नेताहरू कहिलेदेखि एमालेसँग आक्रोशित भए ? संविधानसभा र राज्यको पुनर्संरचना लगायत मुद्दामा नेपाली कांग्रेसभन्दा माओवादी नजिक देख्ने एमाले नेताहरूको माओवादीसँग कहिलेदेखि वैरभाव सुरु भयो ? तर, सम्बन्ध बिग्रनुमा दुवै अर्को दललाई दोष दिँदै आ–आफ्ना दाबी अघि सार्छन् ।**



प्रधानमन्त्री निवासमा भएको सात दल–माओवादी वार्तापछि भएको पत्रकार सम्मेलनमा प्रचण्ड र नेपाल

'सरकार, सडक र जंगल सबैतिर कम्युनिष्ट ?' नेपाली राजनीतिमा कम्युनिष्टहरूको प्रभावशाली उपस्थिति अझै यथावत् छ र कम्युनिष्टहरू एकताबद्ध भएर गैरकम्युनिष्टलाई पाखा पार्ने त होइनन् भन्ने आशंकासाथ यस्तो प्रश्न गर्नेहरूको संख्या अझै कम भएको छैन । तर, दस वर्ष लामो हिंसात्मक संघर्ष छाडेर अन्तरिम सरकारमा समावेश हुने क्रममा रहेको विद्रोही नेकपा (माओवादी)को सबैभन्दा तीव्र टक्कर प्रमुख संसदीय दल नेकपा (एमाले)सँगै देखिएको छ । खुला राजनीतिमा बलियो रहेको एमालेसँग आगामी दिनमा प्रतिस्पर्धा हुने निष्कर्षसाथ विद्रोही माओवादी उसलाई कमजोर बनाउन अहिले नै लागेको संकेत देखिन थालेका छन् भने एमालेले पनि आफ्नो रक्षामा सम्पूर्ण शक्ति केन्द्रित गर्न थालेको छ ।

असार २ को सात दल–माओवादी सहमति तथा त्यसअघि जेठ २८ को गृहमन्त्री कृष्णप्रसाद सिटौला र माओवादी अध्यक्ष प्रचण्डबीच कास्की, सिक्लेसमा भएको भेटलाई एमालेले आफूविरुद्ध नेपाली कांग्रेस र माओवादीको साँठगाँठका रूपमा लिएको छ । सिक्लेस भेटले नै सात दल–माओवादीको आठबुँदे सहमतिको खाका बनाएको सार्वजनिक भएको छ । यो प्रक्रियामा आफूलाई सहभागी नगराएकोमा एमालेसहित गठबन्धनका पाँच दलले असन्तुष्टि जनाएका छन् । लामो समय संविधानसभा र दल–माओवादी सम्बन्धको पक्षमा वकालत गर्दैआएका एमाले नेता शंकर पोखेल भन्छन्, 'माओवादी र नेपाली कांग्रेसबीच विगत केही समयदेखि साँठगाँठ थियो भन्ने अहिले पुष्टि भएको छ र त्यो साँठगाँठ एमालेविरुद्ध रहेको पनि देखिएको छ ।'

माओवादी अध्यक्ष प्रचण्डको एक साप्ताहिकमा प्रकाशित पछिल्लो अन्तर्वार्तालाई आफूविरुद्ध माओवादी लागेको प्रमाणका रूपमा एमाले नेताहरू अघि सारिरहेका छन् । प्रचण्डले त्यहाँ 'सात दल गठबन्धनमा उहाँहरू (एमाले) पनि हुनुहुन्छ क्यारे' उल्लेख गर्दै वर्तमान राजनीतिमा एमालेको उपस्थिति र महत्त्वलाई कम आँकेको देखाउन खोजेका छन् । यसैगरी प्रचण्डले सोही अन्तर्वार्तामा 'एमाले जो अहिले सत्तामा पनि छ, यसले जनताको विश्वास गुमाइसकेको छ । त्ससँग हाम्रो सम्बन्ध छैन । बरु, बुर्जुवा प्रजातन्त्रवादीहरू, जसले अलि मौलिक चिन्तन राख्छन् त्यस्तासँग हाम्रो एकता हुन सक्छ' भनेका छन् र आगामी दिनमा एमालेसँग मित्रतापूर्ण सम्बन्ध नरहने संकेत गरेका छन् । अन्तर्वार्तामा उल्लिखित प्रचण्डको भनाइबारे एमाले नेता पोखेल भन्छन्, 'उनको भनाइ अत्यन्तै अराजक छ । उनी नीति र कार्यक्रमका आधारमा भन्दा एमालेविरुद्ध मोर्चा बनाउन उद्यत रहेको देखिएका छन् ।'

उता, आफ्नो खुला राजनीतिक पदार्पणको पक्षमा एमाले नरहेको माओवादीले बताइरहेको छ र शान्तिवार्तालाई सफलतामा पुग्न नदिन एमालेले अनेक निहुँ खोजिरहेको दाबी गरिरहेको छ । स्थानीय निकाय पुनर्वहाली गर्नुपर्ने एमालेको मागलाई माओवादीले त्यसै रूपमा लिएको छ । दुई साताअघि नै माओवादी अध्यक्ष प्रचण्डले 'स्थानीय निकाय पुनर्वहाली भए देशव्यापी रूपमा रक्तपात सुरु हुने' बताएका थिए । प्रचण्डको कडा भनाइ सार्वजनिक भएपछि स्थानीय निकाय पुनर्वहालीको मुद्दा त्याग्न एमाले बाध्य भएको थियो । प्रचण्डले नै पछिल्लो अन्तर्वार्तामा अघिल्ला वार्ता असफल हुँदा एमाले नेताहरू खुसी भएको बताएर एमालेसँगको रिस



भास्कर ओझा

सार्वजनिक गरेका छन्।

## बिग्रँदो सम्बन्ध

मंसिरको बाह्रबुँदे समझदारी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा एमालेको प्रशंसा गर्ने माओवादी नेताहरू कहिलेदेखि एमालेसँग आक्रोशित भए तथा संविधानसभा र राज्यको पुनर्संरचना लगायत मुद्दामा कांग्रेसभन्दा माओवादी नजिक देख्ने एमाले नेताहरूको माओवादीसँग कहिलेदेखि वैरभाव सुरु भयो भन्ने स्पष्ट छैन। तर, सम्बन्ध बिग्रनुमा दुवै अर्को दललाई दोष दिँदै आ-आफ्ना दाबी अघि सार्छन्। माओवादीले चैत ६ को दोस्रो समझदारी र चैत २४ देखिको निर्णायक आन्दोलनमा एमालेले धोका दिएको आरोप लगाएको छ भने एमाले मंसिरदेखि नै माओवादी र नेपाली कांग्रेसबीच छुट्टै र गोप्य सम्झौता रहेको आशंकामा छ। माओवादी भनाइमा एमाले नेताहरू झलनाथ खनाल र वामदेव गौतमसँग भारतको राजधानी नयाँदिल्लीमा भएको दोस्रो समझदारीलाई एमालेले इमानदारीसाथ पालना गरेन, साथै चैत २४ देखिको आन्दोलनमा सम्पूर्ण शक्ति लगाउने सहमति भएकोमा आन्दोलन विकेन्द्रित गर्ने प्रयास गऱ्यो। विगत जनआन्दोलनमा एमालेको सहभागिता प्रमुख हुँदाहुँदै कांग्रेससँगको साँठगाँठमा एमालेलाई किनारामा पार्ने षड्यन्त्रमा माओवादी लागेको र त्यसै कारण मन्त्रिपरिषद् गठन र वार्ताटोली निर्माणमा एमालेको भूमिका कमजोर पारिएको एमालेको दाबी छ।

भारतको सिलिगुडीमा २०५८ साउनमा सबै कम्युनिष्ट पार्टीहरूको मोर्चा बनाउन खोज्ने माओवादी र त्यसपछि पनि पटक पटक माओवादीसँग वार्ता गरेर ऊसँग निकटता जोड्न चाहने एमालेबीच वैमनस्यका कारण यी मात्र हुन् त ? यी विषय मात्र महत्त्वपूर्ण कारण हुन् जस्तो देखिँदैन। माओवादीको शान्तिपूर्ण राजनीतिमा पर्दापणपछि भावी राजनीतिमा हुन सक्ने एमालेसँगको सम्भावित प्रतिस्पर्धा नै उनीहरूबीच वर्तमान टक्करको कारण देखिन्छ र त्यही कारण पछिल्लो समय माओवादी अध्यक्ष प्रचण्डले २०५० मा रहस्यमय जिप दुर्घटनामा मारिएका तत्कालीन एमाले महासचिव तथा लोकप्रिय नेता मदन भण्डारीको नाम खुला राजनीतिमा भजाउन खोजेका छन्। प्रचण्डले 'भण्डारीको विचार क्रान्तिकारी भए पनि एमाले नेतृत्वले त्यसलाई पछ्याउन नसकेको' उल्लेख गरेर एमाले कार्यकर्ता तान्ने अस्त्र फ्याँकेका छन्। यता एमाले महासचिव माधवकुमार नेपालले भने भण्डारी ज्यूँदो छँदा सत्तोसराप गर्नेहरूले मरेपछि प्रशंसा गर्न नसुहाउने र त्यो चालबाजी मात्र हुने बताउँदै भण्डारीमाथि माओवादीको हक दाबी अस्वीकार गरेको छ।

## भिडन्त भोटको

'एमाले र माओवादीबीच टक्कर अस्वभाविक होइन, उनीहरूको आधार एउटै भएकाले त्यो भई नै हाल्छ', राजनीतिक चिन्तक दुर्गा सुवेदीको विचार छ। खुला राजनीतिमा आउने भएपछि भोटमा कब्जा जमाइरहेको एमालेमाथि माओवादी आक्रमण स्वभाविक भएको बताउँछन्, राजनीतिक विश्लेषक झलक सुवेदी पनि। भावी राजनीतिमा माओवादीको प्रतिस्पर्धा एमालेसँग मात्र हुन्छ त ? दुर्गा सुवेदी भन्छन्, 'कांग्रेसलाई पनि असर पार्छ र उसको पनि आकार घटाउँछ माओवादीले। तर, मुख्यरूपमा एमाले नै प्रभावित हुन्छ।'

कांग्रेस विभाजनपछि संसदीय दलहरूमा जनमतको हिसाबले अहिले एमाले प्रमुख शक्ति रहेकोमा विवाद छैन। २०५६ को निर्वाचनमा एमाले र मालेमा विभाजित उक्त दल यसबीचमै एकीकृत भएको छ र विभाजन र पुनःएकीकरण प्रक्रियामा केही माओवादीतर्फ लागे पनि मूल शक्ति एमालेमै रहेका छन्। 'संगठनात्मक हिसाबले अहिले पनि मुलुकको प्रमुख शक्ति एमाले नै हो, राजनीतिक एजेन्डामा माओवादी हावी भएको कुरा अर्कै हो', राजनीतिक विश्लेषक हरि रोका भन्छन्, 'तर, राजनीतिक एजेन्डा अर्कैले खोसिसकेपछि संगठन त्यही रूपमा नरहन पनि सक्छ।'

तत्कालीन राजनीतिक एजेन्डा पारित गराउने सफलताले भावी राजनीतिमा माओवादी नै प्रभावशाली बन्ने निष्कर्ष निस्किहाल्ने स्थिति भने छैन। यद्यपि, कुशल संगठनकर्ताको बल पनि त्यसमा थपिँदा बलियो संगठनका निम्ति त्यो प्रभावकारी हतियार बन्ने चाहिँ निश्चित छ। हजारौंको ज्यान लिने एक दशक लामो सशस्त्र संघर्ष गरे पनि अन्त्यमा शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा स्विकार्न माओवादी बाध्य हुनुपरेकाले आफ्नै राजनीतिक बाटो सही भएको तर्क एमालेसँग हुनेछ भने मुलुकलाई गणतन्त्र र राज्य पुनर्संरचनासम्म पुऱ्याउन जनयुद्धको योगदान रहेको आधार माओवादीसँग हुनेछ। खुला राजनीतिको लामो अनुभव, भोट प्रभावित पार्न सक्ने सहरी मध्यमवर्गको समर्थन र अन्तर्राष्ट्रिय समुदायको सकारात्मक संकेत भावी राजनीतिमा एमालेका हतियार हुनेछन् भने ठूलो संख्यामा रहेका पेसेवर र लडाकु कार्यकर्ता पंक्ति, जनमानसमा रहेको नेताहरूप्रतिको आकर्षण र राजनीतिक एजेन्डा भोट प्रभावित पार्ने माओवादी हतियार बन्नेछन्। ■

**सात दल–माओवादीको असार २ को आठबुँदे सहमतिको महत्त्वलाई कसरी हेर्नुभएको छ ?**

मुलुकको समस्या समाधान गर्न र संविधानसभा निर्वाचन सुनिश्चित गर्न आठबुँदे एउटा महत्त्वपूर्ण पाइला हो । सहमतिलाई राम्ररी बुझ्ने हो र इमानदारीका साथ पालना हुने हो भने हामीले अर्को ऐतिहासिक काम सम्पन्न गर्नेछौं । माओवादीको कुनै दाउपेच छैन भने आउने दिनमा यो सहमति पालना हुनेछ र त्यसले आपसमा विश्वास बढाउनेछ ।

**शान्ति स्थापना निम्ति यो सहमति साँच्चै महत्त्वपूर्ण पाइला हो त ?**

यसमा कुनै चालबाजी छैन भने यो निश्चय नै महत्त्वपूर्ण पाइला हो ।

**चालबाजी भनेर कता इंगित गर्न खोज्नुभएको हो ?**

चालबाजी भनेको सात दलमा कसरी हुन्छ फाटो ल्याउने, सात दलकै कुनै दललाई 'मिनिमाइज' गर्ने, कुनै दलसँग साठगाठ गर्ने, एक दलसँग मात्र सहमति गर्ने र अरू दललाई बेवास्ता गर्ने वा आफ्नो सेनालाई यथावत् राख्ने र दुईवटै सेना बराबर हुन् भन्ने गलत मान्यता अघि सार्ने जस्ता कुरा नै हुन् ।

**कताबाट र कसरी चालबाजी भइरहेको छ, भनिदिनुस् न ?**

कतैबाट हुनुहुँदैन ।

**कसबाट चालबाजी हुँदै छ, ठोसरूपमा भन्न सक्नुहुन्छ ?**

चालबाजी हुनुहुँदैन । तर, मानिसहरूमा चालबाजी गर्ने प्रवृत्ति हुन्छ । एउटालाई उचाल्ने अर्कालाई पछार्ने र भन्दिने कि फलानोसँग हाम्रो सम्बन्ध हुँदैन । त्यस्ता चालबाजीहरू नेपाली राजनीतिमा पनि देखिएका छन् । अन्तर्वार्तामा देखिन्छन्, त्यस्ता चालबाजी । कुनै खास पार्टीलाई प्रहार गरेर त्यस्तो गर्न खोजिएको भाषणमा पनि सुनिएको छ ।

**माओवादी अध्यक्ष प्रचण्डलाई इंगित गर्न खोज्नुभएको हो ?**

मैले त्यसरी भनेको छैन । तर, क–कसले चालबाजी गर्न खोजेका छन्, खोज्नुपर्छ ।

**आठबुँदे सहमतिबारे एमालेमा विवाद हुनुको कारणचाहिँ के हो नि ?**

एमालेमा त्यसबारे विवाद छैन । एमाले स्थायी समितिको बैठकले त्यसअघि नै आठ पार्टीका शीर्षस्थ नेताहरूको बैठक बस्नुपर्ने र अन्तरिम संविधान निर्माण गर्नुपर्ने निर्णय गरेको थियो । बैठकले संविधानसभा निर्वाचन सुनिश्चित बनाउनुपर्छ भन्ने पनि तय गरेको थियो । तर, समस्या के हो भने त्यसबारे सात दलभित्र कुनै परामर्श भएन । सात दलका शीर्षस्थ नेताहरूको बैठक पहिले नै बस्नुपर्थ्यो र सल्लाह हुनुपर्थ्यो । त्यस्तो भएन र पहिले नै माओवादीसँग अलग्गै सहमति गरियो । यसमा अलिकति तरिका मिलेन भन्ने हाम्रो भनाइ हो ।

**त्यसो भए तरिकाको विषयमा मात्र हो त**



तेजबहादुर बस्नेत

# कसैबाट चालबाजी हुनुहुँदैन

**माधवकुमार नेपाल**
**महासचिव एमाले**

**एमालेभित्रको विमति ?**

तरिकाको विषयमा त हो नै । के कदम चाल्ने, त्यो पनि सुविचारित हुनुपर्थ्यो । तर, जे सहमति भयो, त्यो पालन गर्ने नै हो । त्यसबाट पछि हट्नु हुदैहुँदैन । तैपनि, पर्याप्त गृहकार्य र आवश्यक परामर्शविना कुनै कदम चालिनु हुन्न भन्ने यो घटनाबाट शिक्षा लिनुपर्छ ।

**कुन कुन विषयमा पर्याप्त छलफल हुनुपर्थ्यो ?**

जुनसुकै विषयमा पर्याप्त छलफल हुनुपर्थ्यो र पर्छ । माओवादीसँग भेट्न जानुअघि सात दलमा छलफल हुनै पर्दैनथ्यो ? प्रतिनिधिसभा विघटन, अन्तरिम संविधान निर्माण, अन्तरिम संविधान मस्यौदा समिति र अनुगमन समिति निर्माण सबैमा छलफल हुनुपर्थ्यो । तर, छलफल भएन ।

**प्रतिनिधिसभा विघटनबारे धेरै छलफल हुनुपर्थ्यो भन्न खोज्नुभएको हो ?**

त्यसमा मात्र होइन, प्रत्येक विषयमा छलफल हुनुपर्थ्यो ।

**सात दलमै छलफल नभई कोबाट र कसरी यी निर्णय भए त ?**

कोबाट भयो भनेर व्यक्तिको नाम लिएर म भन्दिनँ । मैले यति भनेपछि पुग्छ र मैले भन्ने भन्दा पनि बुझ्ने कुरा हो, यो ।

**प्रतिनिधिसभा विघटनमा एमाले किन यति असन्तुष्ट भएको हो, एमालेको त पुन:स्थापना गर्ने माग नै थिएन, होइन र ?**

इच्छा नभई बच्चा जन्मियो भनेर त्यसलाई मारिहाल्न मिल्छ ? उपयुक्त विकल्प आएपछि प्रतिनिधिसभा विघटन गर्नुपर्छ भन्ने त मैले पनि भन्दैआएको हो नि । हुनत प्रतिनिधिसभा विघटनका सम्बन्धमा अन्तिम बेलामा 'सहमतिद्वारा अर्को व्यवस्था गरी' शब्द राखियो, त्यसमा मलाई सन्तोष छ । त्यस दिनको सुरुको सोचाइको साटो वक्तव्यमा जे आयो, त्यो सकारात्मक छ । प्रतिगमन अझै ज्यूँदै छ, त्यसको सामना कसरी गर्ने र अन्तर्राष्ट्रिय मान्यता कसरी पाउने भन्ने पनि हामीले सोच्नुपर्छ भन्ने मेरो भनाइ हो । त्यति मात्र होइन, माओवादीले पटक पटक जंगल जाने बताएका छन् र हतियार ड्रममा लुकाएर राखेको कुरा हामीलाई कयौंले सुनाइरहेका छन्, माओवादीको निजी सेना के हुन्छ ? सेना त न्युट्रल हुनुपर्‍यो नि । हाम्रो भनाइ के हो भने जे हुने हो सबै व्यवस्थित प्रणालीअनुसार हुनुपर्छ ।

**प्रतिनिधिसभा विघटन 'सहमतिद्वारा अर्को व्यवस्था गरी' शब्द उल्लेख नगरी नै गरिन लागिएको थियो र ?**

त्यस्तो लेखिसकिएकै त थिएन, त्यसले के अर्थ लाग्थ्यो भन्ने चाहिँ आफ्नो ठाउँमा छ ।

**त्यहाँको मनस्थिति चाहिँ त्यस्तो देखिन्थ्यो ?**

त्यस खालको मनस्थिति नै देखिएको थियो त नभनौं । भन्न खोजेको के हो भने, गृहकार्य नगर्दा हतारपतारमा त्यही हुन्छ । जस्तो ३ बजे प्रचण्ड फर्कनुपर्ने हतार, अर्को कसको ४ बजे भेटघाट गर्न जाने हतार । कुनै पेपर पहिले तयार थिएन । मस्यौदामा छलफल र एक-अर्कामा आदानप्रदान भएन । बाह्रबुँदे समझदारीमा त त्यस्तो भएको थिएन ।

**कसको कारणले भयो त त्यस्तो हतार ?**

जसको कारणले भए पनि त्यो ठिक भएन भन्ने हाम्रो भनाइ हो । एमालेको जिम्मा थियो भने एमालेले गर्थ्यो । सबै काम व्यवस्थित रूपमा गर्थ्यो ।

**यी सबै समस्याले शान्ति प्रक्रियामा कुनै बाधा पुग्ला जस्तो लाग्दैन ?**

पुग्दैन । मुलुक अब अघि बढिसकेको छ, शान्ति, अग्रगमन र लोकतान्त्रिक गणतन्त्रको दिशामा । पछि फर्किनु हुँदैन । तर, अघि बढ्दा हाम्रा प्रत्येक पाइला सुविचारित हुनुपर्छ । हाम्रा कामले प्रतिगामी तत्वहरूलाई कुनै हिसाबले पनि बल पुर्‍याउनु हुँदैन ।

**माओवादी हतियार व्यवस्थापन पनि समस्या बन्दैन त ?**

बन्दैन । किनभने, माओवादीबाट पनि त्यसबारे प्रतिबद्धता आइसकेको छ । दुवै सेनालाई समानान्तर देखाउन नहुने माओवादी नेताहरूले नै वार्ताटोलीसँग भनिसक्नुभएको छ । माओवादी नेताहरूले अविश्वास नगर्नुस्, जंगल फर्किदैनौं पनि भनिसक्नुभएको छ । तर, कुनै संशय छ भने बस्ने, छलफल गर्ने र हल गर्ने नीति सधैं अवलम्बन गर्न चाहिँ छाड्नु हुँदैन ।

**कसरी हुन्छ त हतियार व्यवस्थापन ?**

संयुक्त राष्ट्रसंघलाई आह्वान गर्ने र सहयोग लिने सहमति भइसकेको छ । हाम्रो भनाइ के मात्र हो भने, विदेशी सेना र शान्ति सेना नेपालमा नआऊन् र मार्च नगरून् । यसबारे माओवादी नेताहरू पनि सचेत हुनुहुन्छ ।

**कुनै समस्या नै आउँदैन त अब ?**

समस्या आएमा बसेर टुंगो गर्ने हो । किनभने सबै विषय त अहिले नै निश्चय भएको छैन नि । अहिले भएको भनेको बाटोको नक्सा कोरिएको मात्र हो । बाटो खन्दा समस्या आउन सक्छन् । तर, समाधान गर्न सकिन्छ ।

**फरक प्रसंग, एमाले र माओवादीबीच शब्द युद्ध किन सुरु भएको हो ?**

थाहा छैन, माओवादीहरूले एमाले कार्यकर्तालाई किन अपहरण गरिरहेका छन्, चन्दा त्रास मचिएको छ र माओवादी कार्यकर्ताको संलग्नतामा वन फडानी भइरहेको छ । पर्वतमा माओवादीको दम्भ देखिहालियो । यसबाट के बुझिन्छ, भने शिक्षा दिएअनुसार नै कार्यकर्ता तयार हुने हुन् । अरूलाई तर्साएर, जालसाजी गरेर र सिध्याएर कुनै पार्टी अघि बढ्न सक्दैन । आतंकको भरमा जनता झुक्छन् भन्ने भ्रम कसैले नपाले हुन्छ । मदन भण्डारी र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा अघि बढेको एमाले पार्टीलाई कसैले कमजोर पार्नसक्ने भ्रम नपाले हुन्छ ।

**एमाले र माओवादी मिलेर गैरवामपन्थीलाई किनारा पार्ने प्रचार छँदै छ । तर, अहिले एमाले र माओवादीमै टकराव देखिन थालेको छ, किन होला ?**

कोहीविरुद्ध कुनै षड्यन्त्र गर्ने पक्षमा एमाले छैन । वामपन्थी मिलेर दक्षिणपन्थीलाई किनारा लगाउने, माओवादी र कांग्रेस मिलेर एमालेलाई किनारा लगाउने तथा माओवादी र जनमोर्चा मिलेर एमाले समाप्त पार्ने जस्ता षड्यन्त्र गर्ने काम कसैले पनि गर्नु हुँदैन । विचार, नीति र विषयमा जो कसैसँग एकता हुनसक्छ । हामी जनतालाई केन्द्रमा राख्छौं, गुट स्वार्थलाई कहिल्यै केन्द्रमा राख्दैनौं ।

**तर, एमाले र माओवादीबीच टक्कर त देखिन थाल्यो नि हैन ?**

त्यस्तो टक्कर हुनुहुँदैन । त्यसो हुन थालेमा हल गर्नुपर्छ । सबै संकीर्ण सोच र दम्भबाट मुक्त हुनुपर्छ ।

कोहीबीच तितो पीरो हुनुहुँदैन, मनमै पनि त्यस्तो भाव राख्नुहुँदैन ।

**मदन भण्डारीको विचार ठिक छ, तर एमालेले त्यसलाई अघि बढाएन भनेका छन्, माओवादी अध्यक्ष प्रचण्डले । त्यसबारे के भन्नुहुन्छ ?**

एमाले अघि बढेकोमा धेरैको मनमा ईर्ष्या र पीडा छन् । एउटा प्रवृत्ति नै छ, आफ्नो योग्यतामा नबाँच्ने । अर्काको टाउकोमा टेकेर आफूलाई अग्लो देखाउने । मदन भण्डारी बाँचुन्जेल तथानाम गाली गर्ने र काउत्स्की र बर्नस्टिनको चेला भनेर पुस्तक लेख्ने अनि मृत्युपछि महान् भन्ने ? वास्तवमा मदन भण्डारीको बाटोमा हिँडेकाले एमाले खतम भयो भन्ने उहाँहरूको निष्कर्ष हो । तर, हामी भन्छौं, मदन भण्डारीको बाटोमा हिँडेकाले नै एमाले यो ठाउँमा पुगेको हो । जनता अहिले पनि आशा भरोसाको केन्द्र एमाले नै हो भन्ने ठान्छन् ।

**एमाले नेता मदन भण्डारीलाई अर्को पार्टीका नेताले प्रशंसा गरेकोमा सन्तोषचाहिँ लाग्दैन ?**

त्यो अर्को कुरा हो । मदन भण्डारीलाई अस्वीकार गर्न सकेनन्, हाम्रा लागि गर्वको कुरा हो । मार्क्स बाँच्दा सत्तोसराप गर्नेहरूले उहाँको मृत्युपछि प्रशंसा गर्नथालेपछि एंगेल्सले 'तिनीहरूभित्रको दुष्टतालाई बुझ्न सक्नुपर्छ' भन्नुभएको थियो । यस्तो तरिका चालबाजहरूले अपनाउने गर्छन् । तैपनि, उहाँको विचारले नेपाली समाजको रूपान्तरणको बाटो देखाएको अहिले सबैले स्विकार्न थालेकोमा भने हामीलाई गर्व नै छ । ■

**सुवास देवकोटा/काठमाडौं**




तस्वीरहरू : समय

# कोक फर्कने तयारीमा

**माओवादीको मजदुर संगठनका गतिविधिका कारण कोकाकोलाको उत्पादक बहुराष्ट्रिय कम्पनीले नेपालबाट आफ्नो लगानी फिर्ता लाने तयारी गरिरहेको छ । अखिल नेपाल ट्रेड युनियन महासंघले उद्योगहरूमा मजदुरका नाममा गरेको राजनीति जारी रहेमा मुलुकबाट लगानी झिक्नेहरूको लामो सूची लामो हुने निश्चित छ ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**अन्तरिम सरकारमा** सामेल हुन सशस्त्र विद्रोही माओवादीले अन्तिम तयारी गरिरहे पनि नेपालमा स्थापित बहुराष्ट्रिय र राष्ट्रिय उद्योगविरुद्ध केन्द्रित उसका गतिविधि नियाल्ने हो भने माओवादीको 'जनयुद्ध'कालीन राजनीतिमा भने खासै परिवर्तन आएको छैन । माओवादीको यो रणनीतिले वार्ता सफल पार्न चाहने सात राजनीतिक दलमात्रै हैन, वार्ता प्रक्रियामा आवश्यक सहयोग पुऱ्याउन तत्पर अन्तर्राष्ट्रिय समुदायको मनमा पनि चिसो पसेको छ ।

सरकार-माओवादी युद्धविराम र वार्ता सकारात्मक दिशामा अगाडि बढिरहँदा नेपालमा औद्योगिक वातावरण सुदृढ हुने आशामा रहेका बहुराष्ट्रिय र राष्ट्रिय औद्योगिक प्रतिष्ठानहरू माओवादीले हालसालै देखाएका नकारात्मक गतिविधिका कारण साँच्चै नै निरास देखिएका छन् । एक दशक लामो युद्धकालीन समयमा पनि धैर्य साँधेका केही बहुराष्ट्रिय कम्पनी यतिखेर नेपालबाट फिर्ता हुने अप्रत्यासित निर्णय लिने 'मुड'मा पुगेका छन् । उद्योगहरूविरुद्ध केन्द्रित माओवादी व्यवहारमा तत्काल सुधार नआएमा सम्भवतः उनीहरूको यस्तो निर्णय सुन्न धेरै समय कुर्न पर्नेछैन ।

युद्धको बीचमा माओवादीले उद्योगलाई राजनीतिक लक्ष्य पूरा गर्ने अचानोका रूपमा बारम्बार प्रयोग गर्दै आएका थिए । तर, शान्ति स्थापनाका लागि प्रयास भइरहेको समयमा पनि समस्या थोपर्ने काम गरिएकोमा कोकाकोला उत्पादक कम्पनी बोटलर्स नेपाल प्रालि उदोग बन्द गर्ने तयारीमा जुटेको छ ।

चितवनको भरतपुर र काठमाडौंको बालाजुमा रहेका कोकाकोला कम्पनीमा गत एक महिनायता माओवादी समर्थित मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघले मजदुर हितका माग अगाडि सारेर आन्दोलन चर्काउँदै आएको छ । यसबीचमा कम्पनी कहिले बन्द र खुला हुने क्रम जारी छ । तर, मजदुर र कम्पनीबीच सहमति भएको दुई दिन नबित्दै असार ५ देखि पुनः बालाजुस्थित कम्पनीमा मजदुरले उत्पादन बजारमा लैजानबाट रोकेका छन् । यसले गर्दा सबै उत्पादन कार्य बुधवारदेखि बन्द भएको छ । 'यस्तो किन हुन्छ, हामीले बुझ्न सकेका छैनौं', कम्पनी व्यवस्थापनका एक अधिकारी भन्छन् । चितवनमा भने असार १ गतेदेखि नै उत्पादन समेतका काम ठप्प पारिएको छ ।

माओवादी मजदुर संगठनले कोकाकोला कम्पनीसँग मुख्य रूपमा तीनवटा माग अगाडि सारेको छ । जसमा करार प्रथा अन्त्य गरी अहिलेसम्म कार्यरत

# ‘बहुराष्ट्रिय कम्पनी फिर्ता जाऊन् भन्ने पक्षमा छैनौं’

**बहुराष्ट्रिय उद्योगप्रति माओवादीको धारणा के हो ?**

बहुराष्ट्रिय उद्योगहरू अहिले जसरी चलिरहेका छन्, त्यो ठिक छैन । नेपाली सस्तो श्रम बेचेर उनीहरूले अत्यधिक मुनाफा हात पारेका छन् । तिनै उद्योगका कारण राष्ट्रिय उद्योगहरू धराशायी बनेका छन् । हामीले बहुराष्ट्रिय उद्योगलाई कसरी हेर्ने भनेर नीति नै त बनाएका छैनौं । तैपनि, अहिले जसरी चलिरहेका छन्, त्यसप्रति हामी सहमत छैनौं ।

**के हुनु पर्छ त ?**

हामीले निजी क्षेत्रको लगानी चाहिन्छ भनेका छौं । मुलुकलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन राष्ट्रिय पुँजीपति र व्यवसायी चाहिन्छ । बहुराष्ट्रिय उद्योग जनताको हितका लागि सहकारीकरण गर्नु पर्छ ।

**राष्ट्रिय पुँजीपतिको परिभाषाचाहिँ के हो ?**

हामी दलाल नोकरशाह पुँजीपतिको पक्षमा छैनौं । हिजोका दिनसम्म जसलाई राष्ट्रिय पुँजीपतिका रूपमा हामीले हेरेका थियौं ती आज सामन्तवादका प्रतीक बनिसकेका छन् । राजनीतिक रूपमा पनि उनीहरू दलाल भएका छन् । राजाको निरंकुशता बचाउन उनीहरू लागी परे । त्यसैले केही उद्योगहरूमाथि हामीले कारबाही पनि गर्‍यौं ।

**उद्यम-व्यवसाय त माओवादीकै सरकार बने पनि चाहिन्छ । त्यसो भए कसलाई संरक्षण गर्ने त ?**

हामी पनि यस बारेमा सोच्दै छौं । राष्ट्रिय चरित्र बोकेका उद्योगपतिहरू दलाल बनेका छन् । तैपनि, उनीहरू सप्रिनुपर्छ भन्ने हाम्रो आग्रह छ ।

**नेपालमा स्थापित बहुराष्ट्रिय कम्पनी फिर्ता जाऊन् भन्ने पक्षमा हुनुहुन्छ तपाईंहरू ?**

बहुराष्ट्रिय उद्योग नेपालबाट फिर्ता जाऊन् भन्ने पक्षमा हामी छैनौं । तर, उनीहरूले ठेकेदारी प्रथा अन्त्य गर्नुपर्छ । अस्थायी कामदारलाई स्थायी गर्नुपर्छ । र, जनसत्तालाई पनि कर तिर्नुपर्छ । अन्तर्राष्ट्रियस्तरमा बहुराष्ट्रिय कम्पनीले दिँदै आएका सुविधा नेपालमा पनि उनीहरूले दिनु पर्छ ।



**शालिकराम जमरकट्टेल**

अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ

**अहिले बहुराष्ट्रिय उद्योगप्रति तपाईंहरूले गरेको व्यवहारले वार्ता प्रक्रियामा असर पर्ने लाग्दैन ?**

त्यसैले हाम्रो कारणले उनीहरू फिर्ता नजाऊन् भन्ने पक्षमा हामी छौं । अहिले फिर्ता गएमा त्यसले राम्रो सन्देश जाँदैन अन्तर्राष्ट्रिय जगत्‌मा । त्यसप्रति हामी सचेत छौं । ■

मजदुरहरूलाई स्थायी गर्नु पर्ने, बहुराष्ट्रिय कम्पनीको हैसियतमा अन्तर्राष्ट्रियस्तरमा दिइएका सम्पूर्ण सुविधा दिनु पर्ने र विदेशी कामदारलाई ‘वर्क परमिट’का आधारमा कामको अवसर दिनु पर्ने रहेका छन् । महासंघका अध्यक्ष शालिकराम जमरकट्टेल भन्छन्, ‘बहुराष्ट्रिय कम्पनीहरूमा विद्यमान ठेकेदारी प्रथा अन्त्य गरी मजदुरलाई न्यूनतम १० हजार रुपैयाँ तलब दिनु पर्छ । योभन्दा तल्लो तहमा कुनै सम्झौता हुन सक्दैन ।’

खासगरी गर्मीको मौसममा उत्पादनमा तीव्रता ल्याउने कोकाकोलाले मौसमी कामदार पनि राखेको छ । चितवनमा ७१ र काठमाडौंमा ९७ जना गरी १ सय ६८ यस्ता मौसमी कामदार कार्यरत छन् । उनीहरूलाई कम्पनीले दैनिक ज्यालादारीका रूपमा १ सय १५ रुपैयाँ तलब दिँदै आएकोमा पछिल्लो सहमतिअनुसार मासिक रूपमा ३ हजार २ सय ५० रुपैयाँ तलब भुक्तानी गर्ने भनिएको थियो । तर, त्यसलाई मजदुरले पुनः अस्वीकार गरेका छन् । महासंघले मौसमी कामदारका रूपमा उनीहरूलाई व्यवहार गर्न नपाइने भन्दै अनिवार्य स्थायी गर्न दबाब दिइरहेको छ ।

तर अहिले जारी आन्दोलनको सम्बन्ध मजदुर हितसँगभन्दा पनि राजनीतिक फाइदा हात पार्ने काइदासँग नजिक छ । कम्पनीका एक अधिकारी भन्छन्, ‘माओवादी मजदुर संगठनले कम्पनीका मजदुरसँग सहमति भइसकेपछि आन्दोलन गर्दै छन् । यसले यो आन्दोलन माओवादी राजनीतिसँग जोडिएको देखिन्छ ।’ एमाले निकट ट्रेड युनियन महासंघका उपाध्यक्ष विष्णु रिमालको भनाइमा पनि संक्रमणकालीन अवस्थामा सबैले आफ्नो राजनीतिक ‘स्पेस’ खोजिरहेका छन् । कतिपय मजदुर समस्या यही रूपमा अगाडि आइरहेका छन् ।

विगतमा माओवादीले आफूलाई अमेरिकाविरोधी देखाउन पनि कोकविरोधी गतिविधि चर्काएका थिए । २०६१ भदौमा मुलुकका बाह्रवटा मुख्य औद्योगिक प्रतिष्ठान बन्द गराउदा कोक पनि परेको थियो । अध्यक्ष जमरकट्टेल भन्छन्, ‘हो, अमेरिका माओवादी जनयुद्धविरुद्ध उत्रिएका बेला हामीले उसका उद्योगहरूविरुद्ध कदम चालेका थियौं ।’ अमेरिकी कोकाकोला कम्पनीको प्रत्यक्ष लगानीमा संचालित यो उद्योगको सेयर अहिले दक्षिण अफ्रिकाको ‘साबको’ले खरिद गरिसकेको छ । तर, कोकाकोलामाथि आक्रमण दोहोरिँदा अहिले पनि माओवादीप्रति संदेहात्मक दृष्टि लगाइरहेको अमेरिकाको चासो भने कम हुनेछैन । अस्थायी मजदुरका अतिरिक्त कोकाकोलामा ३ सय ४० मजदुर कार्यरत छन्, जसको भरमा झन्डै १ हजार ५ सय व्यक्ति आश्रित छन् । कम्पनीमा बढ्दै गएको विवादका कारण उनीहरू आफ्नो भविष्यप्रति चिन्तित छन् । चिसो पेयको अत्यधिक माग हुने यो मौसममा कम्पनीले काठमाडौंमा १६ हजार र चितवनमा १२ हजार क्यारेट कोक, फ्यान्टा, स्प्राइट लगायतका चिसो पदार्थ दैनिक रुपमा उत्पादन गर्दै आएको थियो ।

सरकार-माओवादी वार्ता चलिरहँदा माओवादीको मजदुर संगठनले भने वार्ता प्रक्रियामा सम्भवतः सबैभन्दा सहयोग पुर्‍याउँदै आएको युरोपेली संघ (इयु)लाई समेत डेनिस काल्सवर्ग इन्टरनेसनलमाथिको आक्रमण गरेर चिढाउने काम गरिरहेको छ । खेतान समूहप्रति माओवादी मजदुर संगठन कति पूर्वाग्रही देखिएको छ भने काल्सवर्गलाई खेतान समूहसँगको सहकार्य तोड्न औपचारिक रूपमा नै आग्रह गरेको छ । अध्यक्ष जमरकट्टेल भन्छन्, ‘हामीले डेनमार्कका लगानीकर्तालाई खेतान समूहसँग रहेको लगानी झिक्न औपचारिक आग्रह गरेका छौं ।’ अहिले कम्पनीसम्म पुग्ने बाटोमा अवरोध पुर्‍याइएकोमा आगामी दिनमा कम्पनी नै बन्द गर्न सकिने बताउँछन्, जमरकट्टेल । मजदुरसँग सम्बन्धित मागहरू अगाडि सारिएको भए पनि खेतान समूहसँग उनीहरू राजनीतिक प्रतिशोध लिन उद्यत भएका छन् । ‘यो हाम्रो वर्गीय संघर्ष पनि हो’, जमरकट्टेल भन्छन् । १ अर्ब रुपैयाँ लगानीको उक्त कम्पनीमा काल्सवर्ग र खेतान समूहको बराबरी लगानी रहेको छ । यसमा २ सय कर्मचारी प्रत्यक्ष कार्यरत छन् ।

तर काल्सवर्गमाथि उनीहरूले साँधेको रिसको प्रतिक्रिया भने इयुले दिने सम्भावना छ । बहुराष्ट्रिय यस कम्पनीले आफ्नो समस्या युरोपेली संघको संसद्‌समक्ष पुर्‍याएको बताइएको छ । यो प्रकरणपछि माओवादीप्रति तुलनात्मक रूपमा लचिलो डेनमार्कको धारणामा पनि परिवर्तन हुन सक्ने विश्लेषण गरिएको छ । यसको असर जारी वार्ता प्रक्रियामा पर्न सक्छ ।

गोर्खा ब्रुअरीसँग औपचारिक रूपमा राखिएका मागहरूमा मजदुरको तलब न्यूनतम ५ हजार रुपैयाँ हुनु पर्ने, मूल सडकबाट कम्पनीसम्म पुग्ने बाटो




पिच गर्नुपर्ने जस्ता सामान्य प्रकृतिका छन्। तर, समस्याको जड भने राजनीतिसँग जोडिएको छ। माओवादीले यसअघि तीनपटकसम्म उक्त उद्योगमा बम विस्फोट गराएका थिए। खेतान समूहका प्रबन्ध निर्देशक राजेन्द्र खेतान भन्छन्, 'हाम्रो चाहना सरकार-माओवादीले वार्ता प्रक्रिया व्यवस्थित बनाउन जारी गरेको आचारसंहिता कार्यान्वयन होस् भन्ने छ।'

जेठ १२ मा जारी पच्चीसबुँदे आचारसंहिताको १२ नम्बरमा 'विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरण निर्माण गर्ने' भनिएको छ। त्यस्तै 'खाद्यान्न, औषधी, विकास निर्माण सामग्रीहरू तथा दैनिक उपभोग्य वस्तुहरू ओसार पसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने तथा आधारभूत सेवा, सुविधा निर्बाध चल्न दिने' कुरा पनि आचारसंहितामा पारिएको छ। तर, अहिले माओवादीले उद्योगहरूप्रति गरेका व्यवहार आचारसंहिता अनुकूल देखिएका छैनन्।

**बनेपास्थित खेतान समूहकै अर्को उद्योग मायोज चाउचाउ भने एमाले निकट नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र व्यवस्थापनबीचको असमझदारीका कारण बन्द भएको छ। महासचिव रिमाल भन्छन्, 'एघारजना मजदुर निकालिएपछि हामीले उनीहरूको पुनःस्थापनाको माग गरेका हौं। हाम्रा कारणले कम्पनी बन्द भएको हैन।' समझदारी कायम हुन नसकेपछि व्यवस्थापनले कम्पनी बन्द गरिदिएको थियो।**

माओवादीले गोल्छा अर्गनाइजेसनद्वारा विराटनगरमा संचालित विराटनगर जुट मिल, सुरक्षा गार्ड आपूर्ति गर्ने बहुराष्ट्रिय कम्पनी 'ग्रुप फोर' र वारा, पर्सा क्षेत्रमा संचालित कपडा उद्योगहरूमा पनि गम्भीर चासो देखाउँदै आएका छन्। गोल्छा अर्गनाइजेसनले जुट मिल संचालन गर्ने जिम्मा लिए पनि केही समयदेखि बन्द गरेको छ। अध्यक्ष जमरकट्टेल उक्त उद्योग सरकारले आफै चलाउनु पर्ने धारणा राख्दै भन्छन्, 'वार्ताको क्रममा पनि यी विषय उठाइनेछ।' ऐतिहासिक तथा राजनीतिक सम्बन्ध राख्ने उक्त कम्पनीमा करिब तीन हजार मजदुर कार्यरत छन्।

ग्रुप फोरमा कार्यरत सुरक्षा गार्डहरूले ट्रेड युनियन बनाउन अग्रसर भएपछि संचालकहरूले यस्तो गतिविधिमा लागेको आरोपमा केही गार्डलाई जागिरबाट हटाएका छन्। त्यसको विरोधमा छन्, जिफन्ट र महासंघ। उपाध्यक्ष रिमालले यस्ता काम नगर्न त्यसका संचालकहरूलाई सचेत पारिएको बताए। अध्यक्ष जमरकट्टेल भने जागिरबाट निकालिएका गार्डलाई पुनःस्थापित गर्न र ट्रेड युनियन अधिकारबाट वञ्चित नगर्न 'ग्रुप फोर'का संचालकलाई चेतावनी दिंदै अन्यथा कारबाही गरिने जानकारी दिएका छन्, उनीहरूलाई। उक्त कम्पनीले रोजगारदाता कम्पनीबाट धेरै रकम लिएर गार्डलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराई श्रम शोषण गरेको आरोप लगाइएको छ। माओवादीको अर्को निसाना मुलुकको अर्को मुख्य व्यवसायिक घराना चौधरी समूह समेत पर्ने सम्भावना देखिन्छ। अध्यक्ष जमरकट्टेल 'दरवारसँग जोडिएको चौधरी समूहका उद्योगले मजदुरको शोषण गरेका कारण अबको संघर्ष त्यहाँ केन्द्रित हुने' बताउँछन्। नेपालको लगानी देशबाहिर लैजान लागेको आरोप चौधरी समूहमाथि लगाइएको छ।

नेपालको औद्योगीक क्षेत्रमा मजदुरका समस्या लामो समयदेखि जोडिँदै आएका छन्। मालिक र कामदारबीच यस्ता समस्या सामान्य मानिन्छन्। माओवादी सरकारमा जानै लागेको बेला उसले आन्दोलन र दबाबका रूपमा अहिले यी समस्या उठाउनुको सट्टा सरकारमा पुगेर सौहार्दताका साथ पूरा गर्नु नै राम्रो हुने धारणा केही उद्यमीको छ। कोकाकोला लगायतका उद्योगले पनि माओवादीसहितले बनाएको कानुनअनुसार मजदुरलाई सुविधा उपलब्ध गराउन आफू तयार भएको बताए पनि आन्दोलन रोकिएको छैन।

### अन्तर्राष्ट्रिय चासो

औद्योगिक क्षेत्रप्रति माओवादीले आन्दोलन केन्द्रित गर्न थालेपछि औद्योगिक सुरक्षा समूहले चासो देखाएको छ। अमेरिका, बेलायत, फ्रान्स, भारत, जर्मनी र भारत उक्त समूहमा आबद्ध छन्। उनीहरूसँग जोडिएका द्विपक्षीय उद्योग वाणिज्य संघहरू पनि यसमा छन्। उनीहरूले औद्योगिक क्षेत्रमा पुऱ्याइएको अवरोधलाई अपराधसम्म पनि भनेका छन्। यसले पनि उनीहरू यस मामिलामा कति गम्भीर छन् भन्ने देखाएको छ। विगतमा औद्योगिक क्षेत्रमा माओवादीले अवरोध पुऱ्याउँदा उनीहरूले त्यसको खुलेर आलोचना गर्दै आएका थिए। ■



# संविधानसभा : कसको बहस ?

'बहस'को राजनीति जटिल छ । यो राजनीतिक शिक्षा र सूचनामा पहुँच हुनेहरूको हो र आफूलाई सीमान्त वर्गमा पारिएकाहरूको प्रतिनिधि सम्झने मान्छेहरूको हो । तिनीहरू उनीहरूको कुरा बोल्छु भन्ने भ्रममा बाँच्छन् ।

■ प्रबोध देवकोटा

**संविधानसभाको** व्यापक बहस चलिरहेका बेला लोकतान्त्रिक आन्दोलन सफल पार्ने यो देशका लाखौं गरिब, दलित, महिला र सीमान्त वर्गमा पारिएका नेपालीले संविधानसभाको बहस टाढाबाट टुलुटुलु नियाल्दै छन् । ती लाखौं मान्छेहरू, कर्फ्यु, बारुद र गोलासँग लड्दै जीवन वा मृत्युको युद्धमा होमिएका साहसी मान्छेहरू थिए । उनीहरू प्रत्येक नेपालीले स्वतन्त्रताका सपना देख्न सकून् र स्वाभिमानी जिन्दगी बाँच्न सकून् भन्ने एउटा दिनको प्रतीक्षामा थिए ।

'बहस'को राजनीति जटिल छ । यो राजनीतिक शिक्षा र सूचनामा पहुँच हुनेहरूको हो र आफूलाई सीमान्त वर्गमा पारिएकाहरूको प्रतिनिधि सम्झने मान्छेहरूको हो । तिनीहरू उनीहरूको कुरा बोल्छु भन्ने भ्रममा बाँच्छन् । बहसलाई जटिल बनाउनु एउटा बौद्धिक राजनीति हो र बहसमा जो कोहीले बोल्न सक्दैन, बहस जान्नेहरूको हो, यसलाई विज्ञ चाहिन्छ भन्ने प्रवृत्ति, सबभन्दा घीनलाग्दो पाटो हो बौद्धिक राजनीतिको । यो सामन्ती सोच र ठालू चिन्तनको पराकाष्ठा पनि हो । वर्षौंदेखि नेपालको विकास, राजनीति, परिवर्तन र प्रजातन्त्रको व्याख्या गर्दै आएको झन्डै यही वर्ग र सोच आजसम्म पनि हावी हुनुले संविधानसभाका बहसहरू, ती सीमान्त वर्गका लागि तात्त्विक फरक नहुन सक्छन् । यी बहसहरू एउटा घेराभित्र सीमित छन्, सधैंजस्तै ।

लोकतान्त्रिक आन्दोलनको मुख्य केन्द्रबिन्दु संविधानसभा बहसका दृष्टिले लोकतान्त्रिक हुनसकेको छैन । बहसको लोकतान्त्रीकरण भएको छैन । आखिर संविधानसभाको मर्म जनताका हक र अधिकारसँग गाँसिन्छन् भने त्यसको निर्णयकर्ता पनि जनता नै हो । तर, हाम्रा बहसहरूमा खै तिनका आवाज ? एउटा मजदुर, एउटा किसान, बेचिएकी चेली, एचआइभी संक्रमित, मुक्त कमैया र तिनका त्रिपालभित्र जिन्दगीका सपना देख्न बाध्य नानीहरू, दलित, महिला, जनजातिको लागि पनि हो संविधानसभा र प्रत्येकले आ-आफ्नो ठाउँबाट हेर्छ यो बहसलाई र हेर्न पाउनुपर्छ । अनि मात्र मान्छेले आफ्नो अस्तित्व देख्छ, संविधानसभाभित्र । सीमान्त वर्गमा पारिएका मान्छेहरूसँग पनि आवाज हुन्छ र ती मान्छेहरू अनुभव बोल्छन्, वास्तविक पीडा, जीवन र जमिनबाट बोल्छन् । फरक यति मात्रै हो, यिनीहरू औपचारिकताको र माथिबाट लादिएको भाषा जान्दैनन् ।

यस अर्थमा सधैंजस्तै बहस राजधानीमा छ, केन्द्रमा छ । 'सबै खाले राजनीतिक दलहरू केन्द्रीकृत छन्, जसले गर्दा यिनीहरूको आमजनतालाई हेर्ने दृष्टिकोण, आफूलाई जतिसुकै फरक देखाउन खोजे पनि झन्डै झन्डै उस्तै देखिन्छन् । हाम्रा संविधानसभाका बहस पनि एउटा दुइटा बाहेक खासै जनताका आवाज सुन्ने खालका भएनन् । सार्वजनिक सुनुवाइहरू भएनन् । सामन्ती संस्कृतिको एउटा संस्कार बोल्नै पर्ने अवस्था हो, सुन्न त्यति मन पर्दैन, आजका दिनसम्म पनि वर्षौंदेखि बोल्दै आएकाहरू नै बोल्दै छन् । जो कर्णालीका बहस, तराईका बहस र दलित अनि महिलाका बहसको प्रतिनिधित्व काठमाडौंमा गर्न तम्सन्छन् । कुनै दृष्टिले यो पनि आवश्यक हुन सक्छ । तर, यो प्रतिनिधित्वको आख्यानको आत्मरति हो । दलहरूले गरेका सार्वजनिक सुनुवाइहरूको दृष्टान्त कमै छ हामीकहाँ । हुँदा हुँदा, वर्कसप, सेमिनार, कोठे बहस, विशाल जनसभामा पनि बोल्नै पर्ने, बोल्नका लागि बोल्नुपर्ने, नबोल्नका लागि बोल्नुपर्ने, जनता ताली पिट्छन्-जान्छन् अनि आफूलाई नेता मान्ने प्रवृत्ति कायमै छ । यस सन्दर्भमा नागरिक समाजले गरेका पहलहरू स्तुत्य छन्, तिनले झकझकाउने काम गरेका छन् । तैपनि, मूलभूत जिम्मेदारी सबै खाले राजनीतिक दलको हो, जहाँ हामीले (पोलिटिकल स्पेस) राजनीतिक स्थानको कुरा गर्छौं । एउटा महत्त्वपूर्ण कुरा के हो भने नागरिक समाजको ठाउँ दलले लिन सक्दैनन् र लिनुहुँदैन भने दलले नागरिक समाजको । तसर्थ दलहरूले जनताका आवाज सुनेको अवस्था देखिँदैन ।

सयौं वर्षको अंग्रेजहरूको शासनविरुद्धको स्वतन्त्रता संग्रामपछि विश्वको ठूलो प्रजातान्त्रिक देश भनिएको भारतमा पनि स्वतन्त्रतापछिका दिनमा समेत गरिब, दलित, महिला र सीमान्त वर्गमा पारिएकाहरूको जीवनमा खासै परिवर्तन आएन । झन्डै, झन्डै उस्तै प्रकृतिको १०४ वर्षे राणा शासनको अन्तपछि नेपालमा पनि गरिब, दलित, महिला र सीमान्त वर्गमा पारिएका मानिसको जीवनमा खासै परिवर्तन आएन । तर, एउटा महत्त्वपूर्ण ऐतिहासिक पाटो के हो भने, यी सबै खाले स्वतन्त्रता संग्राममा आन्दोलन थेग्ने वर्ग र आन्दोलनमा संख्याको पनि महत्त्व हुने भएकाले सीमान्त वर्गका लाखौं मानिस प्रत्येक स्वतन्त्रता संग्रामका निर्णायक पक्षधर हुन् । तर, दुर्भाग्य के हो भने यी मान्छेहरू आन्दोलनपछि क्रमशः ओझेलमा पर्छन् र पारिन्छन् । राज्य संयन्त्रभित्र उही सूचना र शिक्षामा पहुँच हुनेहरूको सधैंझैं पकड रहिरहन्छ ।

नेपालको भर्खरै सम्पन्न आन्दोलनमा पनि निर्णायक भूमिका खेल्ने, लाखौं सीमान्त वर्गमा पारिएका मानिसहरू, दलित, महिला, अपांग र मजदुरहरूको भूमिकालाई कुनै पनि शक्तिले सामान्य रूपमा लियो भने त्यो ठूलो भुल हुनेछ । तर, आन्दोलनपछिका घटनाक्रम, सत्ताको झगडा, आन्दोलनमाथिको अनावश्यक दाबी र गणतन्त्रबारे बारम्बार आउने अस्पष्ट धारणा र तुरुन्त खण्डन गर्नुपर्ने अवस्था आदि कारणले जनताका मर्म खासै गम्भीरतासँग लिएको देखिन्न । आफूलाई जतिसुकै परिवर्तनमुखी, अग्रगामी र जनपक्षीय भने पनि संस्कार, चिन्तन र व्यवहारमा खासै भिन्नता देखिन्न र विभिन्न स्वरूपमा वर्गीय सोच सबैमा कायमै छ ।

२०४६ सलको परिवर्तनपछिका झन्डै दस वर्षपछि मात्र कमैयामुक्त भएको इतिहास छ, यो देशको । प्रजातन्त्रभित्रको त्यो ठूलो राजनीतिक विडम्बना हो । त्यसैले प्रत्येक प्रजातन्त्र र लोकतन्त्रमा सबैका आवाज सुनिन्छन् वा सबैको बारेमा साझा चिन्ता हुन्छ भन्ने कुरा गलत हो । त्यो भ्रममा बस्नु पनि हुँदैन । तसर्थ वर्तमान अवस्थामा, लोकतन्त्र प्राप्तिपछिका दिनमा पनि पछाडि पारिएका गरिब, दलित, महिला, अपांग, मुक्त कमैया, मजदुर, एचआइभी संक्रमित, भूमिहीन सबैले आ-आफ्नो आवाज बुलन्द पार्ने समय आएको छ । जतिसुकै अग्रगामी र परिवर्तनका कुरा गरे पनि, फेरि पनि दलकै आश गरियो भने सधैंजस्तै एउटा वर्गले विभिन्न स्वरूपमा राज गर्ने सक्ने अवस्था छन् । त्यसैले यो आवाज दिने र अधिकार माग्ने बेला हो । यो हिस्सा माग्ने बेला जनता जाग्नुपर्छ । यो बेला संविधानसभा र शान्तिका लागि मात्र नभई सिंगो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपान्तरणका लागि भएकाले सबै जाग्नुपर्ने बेला आएको छ । यो अवसर आम जनतालाई सूसुचित गर्ने, सशक्तिकरण गर्ने र हाम्रा संस्कारलाई लोकतान्त्रीकरण गर्ने अवसर पनि हो । त्यसैले यी बहस टोल टोल, गाउँ गाउँमा जान सक्नुपर्छ । यस्तो बेला दलहरू र जान्नेहरूले अर्ती उपदेशभन्दा जनताका कुरा सुन्नुपर्ने हो । आखिर मतदान गर्ने तिनै मान्छे हुन्, दलहरूका घैंटामा घाम लागोस् । ■

**जनताको प्रत्यक्ष वा परोक्ष सहभागिताको विधिबाट निर्मित संविधान विवादरहित हुन्छ । यसले न्यायोचित र समुचित समावेशीकरणको सिद्धान्त अँगालेको हुन्छ, त्यसमा सबै जाति, लिंग, वर्ण, क्षेत्र, भाषा आदिको समानुपातिक प्रतिनिधित्व हुन्छ ।**



■ विष्णु पाठक

# कस्तो बनाउने संविधानसभा

**जनताको इच्छा,** आकांक्षा तथा जनभावनालाई आत्मसात गर्दै पुरानो सत्ताको संरचना पूर्ण परित्याग गर्न निश्चित समयभित्र जनताको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागितामा निर्माण गरिने नयाँ संविधानको विधिलाई संविधानसभा भनिन्छ । राज्य संक्रमणकालीन अवस्थामा पनि विधिको शासनमा नै रही राज्य संचालन गर्नुपर्ने हुन्छ । उक्त निश्चित समयावधिको लागि निर्माण गरिने राज्यको मूल कानुनलाई अन्तरिम विधान भनिन्छ । अन्तरिम संविधान विधानले नै नयाँ संविधान निर्माण विधिको मार्ग चित्रित र विम्बित हुने भएकाले 'संविधानसभाको गठन विधि, निर्वाचन क्षेत्र निर्धारण पद्धति, संवैधानिक अदालतको गठन, प्रतिनिधित्व, प्रतिनिधिको आचारसंहिता, संयुक्त राष्ट्रसंघको भूमिका आदि विषयमा स्पष्ट हुनु अत्यावश्यक छ । यसको लागि बाह्य देशको नयाँ संविधान निर्माण प्रक्रियाको विधिलगायत विषयमा ध्यान दिनु अपरिहार्य छ ।

## राजतन्त्रमा संविधानसभा

स्पेनका सैनिक जनरल फ्रान्सिस्को फ्राङ्को, जसले आफू ईश्वरको कृपाले स्पेनको राजा भएको घोषणा गरेका थिए,को सन् १९७५ नोभम्बर २० मा मृत्यु भएपछि नोभेम्बर २२ मा राजकुमार हवान कार्लोस राजा भए । फ्रान्कोको चार दशक लामो अतिवादी फासीबाट चरित्र तथा निरंकुशताबाट पिरोलिएका कार्लोसले राजनीतिक पार्टी तथा संघ संगठनमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्दै ४ सय बन्दीलाई आममाफी दिई १८ वर्षदेखि आन्दोलनको नेतृत्व गर्दै आएका अडोल्फ स्क्यारोजलाई सरकार प्रमुखमा नियुक्त गरी संविधानसभा निर्वाचनको घोषणा गरे । सन् १९७६ मा जारी गरिएको राजनीतिक सुधारको लागि ऐन 'ले पाटाला रिफर्मा पोलिटिका'को घोषणालाई सर्वप्रथम तत्कालीन संसद्का ४९७ सदस्यमध्ये ८६ प्रतिशत मतबाट अनुमोदन गरियो । उक्त ऐनलाई वैधानिकताको लागि जनमत संग्रहमा लगियो, जसमा खसेको ७८ प्रतिशत मतमध्ये ९४ प्रतिशत मतबाट अनुमोदित भयो ।

उक्त ऐनलाई आन्तरिक विधान-संविधान मानेर सन् १९७७ जुन १५ मा ३५० संविधानसभाका सदस्यको निर्वाचन सम्पन्न गरियो । यो नै निरंकुश शासनको ४० वर्षपछिको पहिलो निर्वाचन थियो, जसमा ८० प्रतिशत जनताले प्रत्यक्ष भाग लिएका थिए । प्रधानमन्त्री स्क्यारेजको प्रजातान्त्रिक पार्टीले खसेको मतको ३५ प्रतिशत ल्याएकाले उनकै मातहतमा पुनः सरकार गठन गरियो । राजा कार्लोसले जुलाई २२ मा व्यवस्थापिकाको उद्घाटन गरी नयाँ संविधान निर्माणको जिम्मा दिए । उक्त नयाँ संविधान पहिलोपटक संसद्बाट अनुमोदन गरी १९७८ मा जनमत संग्रह गरियो । खसेको ६८ प्रतिशतमध्ये ८८ प्रतिशत मत नयाँ संविधानको पक्षमा पर्‍यो ।

संविधानसभाद्वारा निर्मित संविधानमा संसदीय राजतन्त्र अंगीकार गरिएको छ, जुन अद्यावधि कायम छ । उक्त संविधानका महत्त्वपूर्ण बुँदाहरू :

- संसदीय राजतन्त्र
- संसदीय शासन प्रणाली, बहुदलीय व्यवस्था
- कार्यकारिणी अधिकारी व्यवस्थापिकाप्रति उत्तरदायी
- राष्ट्रिय सार्वभौमसत्ता जनतामा निहित
- मानवअधिकारको पूर्ण पालन
- राष्ट्रिय तथा संघीय स्वायत्तता
- संसद्मा समानुपातिक प्रतिनिधित्वको व्यवस्था
- सेना निर्वाचित सरकारको मातहतमा
- क्याथोलिक चर्चका साथै धर्मनिरपेक्ष राष्ट्र आदि

## स्पेनमा निर्वाचनको प्रक्रिया

स्पेनमा दुई व्यवस्थापिका छन्- तल्लो सदन (हाउस अफ डेपुटिज) तथा माथिल्लो सदन (सिनेट) । तल्लो सदनमा ३५० जना सदस्य जनताको प्रत्यक्ष सहभागिताबाट चुनिन्छ, जसमा २४८ सदस्य चारवर्षको लागि समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिन्छन् । बाँकी १०२ सदस्य भने स्पेनका ५२ प्रान्तमध्ये ५० बाट दुई-दुई जना र दुई प्रान्तबाट एक-एक जना निर्वाचित भएर आउँछन् । यसको अर्थ तल्लो सदनका ३५० सदस्यमा १०२ जना प्रान्तीय रूपमा भाग लिन्छन् । स्पेनमा संविधानसभाका ३५० सदस्य पनि तल्लो सदनका सदस्यहरूकै प्रक्रियाबाट चुनिएका थिए ।

सिनेटका जम्मा २५९ सदस्यमध्ये ८० प्रतिशत अर्थात् २०८ जना प्रत्यक्ष निर्वाचन प्रक्रियाबाट चुनिन्छन् भने ५१ सदस्य स्वायत्त समुदायबाट अप्रत्यक्ष रूपमा छानिन्छन् । उनीहरू ब्लक भोटिङ अर्थात् बहुसूचित प्रणाली (सबभन्दा बढी मत पाउनेहरू) अन्तर्गत चुनिन्छन् ।

स्पेनमा राष्ट्रिय पार्टीका साथै क्षेत्रीय, प्रान्तीय र भाषिक पार्टीले पनि निर्वाचनमा भाग लिन पाउँछन् । सन् १९८० को अन्त्यतिर स्पेनले देशलाई १७ स्वायत्त समुदायमा बाँड्यो । यी प्रत्येक समुदायबाट कम्तीमा एकजना सदस्य अप्रत्यक्ष रूपमा छानिन्छन् ।

## अर्ध राजतन्त्रमा संविधानसभा

दशकौं वर्षसम्मको गृहयुद्धले जर्जर कम्बोडियाले संयुक्त राष्ट्रसंघको मध्यस्थतामा सन् १९९१ अक्टोबर २३ मा फ्रान्सको राजधानी पेरिसमा १८ देशका साक्षीबीच परस्पर युद्धरत चार राजनीतिक पार्टीहरू- फुन्सिन्पेक, प्रजातान्त्रिक, बौद्धमार्गी उदार प्रजातान्त्रिक पार्टी तथा कम्बोडियाली जनता पार्टीले सत्रबुँदे शान्ति सम्झौतामा हस्ताक्षर गरे । यसलाई पेरिस शान्ति सम्झौता भनिन्छ । ती बुँदामा कम्बोडियामा जारी हत्याहिंसा तुरुन्त बन्द गर्ने, भियतनामी सेना फिर्ता गराउने र कम्बोडियाली जनचाहना अनुरूप युद्धविराम गराई स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचन गर्ने प्रमुख थिए । उक्त निर्वाचन सम्पन्न गर्न राष्ट्रसंघलाई जिम्मा दिइयो । निर्वाचन सम्पन्न गराउनकै लागि बाह्र सदस्यीय सर्वोच्च राष्ट्रिय परिषद् गठन गरियो । निर्वासित जीवनको तेह्र वर्षपछि राजकुमार नरोद्दम सिंहानुक १९९१ नोभेम्बर १४ मा स्वदेश फर्केर परिषद्को अध्यक्षता ग्रहण गरे ।

राष्ट्रसंघकै मातहतमा सेना तथा हतियार व्यवस्थापन गराई १९९३ मे २३-२८ संविधानसभाको निर्वाचन सम्पन्न गराइयो । उक्त निर्वाचन नाम दर्ता गराएकामध्ये ४० लाख अर्थात् ८५ प्रतिशत मत खस्यो । १२० सिटका

लागि खसेको मतको ४५ प्रतिशत मत ल्याई युवराज नरोद्दम रनरिद्दको फुन्सिन्पेक पार्टीले ५८ सिटमा जित हासिल गऱ्यो । हुनसेनको कम्बोडियाली जनता पार्टीले ४१ प्रतिशत मत ल्याएर ५१ सदस्य जितायो भने बौद्धमार्गी लगायत पार्टीले अन्य १० सिटमा चित्त बुझाउनुपऱ्यो ।

उक्त निर्वाचनमा कम्बोडियाली राष्ट्रिय एकता पार्टीले आफ्नो पार्टीको नाम दर्ता गराए पनि निर्वाचनमा भाग लिएन । निर्वाचित सदस्यलाई तीन महिनाको समय तोकिई नयाँ संविधान निर्माणको जिम्मा दिइयो । परिणामस्वरूप १९९३ सेप्टेम्बर २३ मा संविधान अनुमोदन गरियो । उक्त संविधानले परिषद्का अध्यक्ष पूर्व राजा सिंहानुकलाई संवैधानिक राजाका रूपमा स्थापित गरायो । कम्बोडियाको संविधानमा बहुदलीय शासन व्यवस्थालाई अपरिवर्तनीय पद्धतिका रूपमा स्विकारिएको छ भने राजगद्दी उत्तराधिकारी शाही परिषद्ले व्यवस्था गर्ने प्रावधान छ । राजा अशक्त भएमा राजाका सहयोगीको रूपमा राष्ट्रियसभाका अधयक्षले काम गर्न सक्नेछन् । त्यसैगरी कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछ भने न्यायपालिका स्वतन्त्र रहनेछ । त्यसैगरी मानवअधिकारको पूर्ण पालन गरिनेछ । संसद्को ५ वर्ष आयु रहने र विशेष परिस्थितिबाहेक संसद् भंग गर्न बन्देज लगाइएको छ ।

## राष्ट्रसंघको भूमिका

कम्बोडियामा शान्ति कायम गराउने पहल राष्ट्रसंघले भियतनामी सेना प्रवेशलगत्तै सन् १९७९ देखि गर्दै आएको थियो । राष्ट्रसंघका महासचिवले १९८१ जुलाईमा एक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरी उनका विशेष दूतलाई दक्षिणपूर्वी एसियाका लागि पठाएका थिए । त्यसैगरी १९८८ जुलाईमा कम्बोडियाली सरकार तथा अन्य युद्धरत पक्षसँग इन्डोनेसियामा अनौपचारिक छलफल संचालन गरिएको थियो । त्यसको केही महिनापछि १९८९ फेब्रुअरीमा कम्बोडियाको विषयलाई लिएर पेरिसमा पहिलो प्रत्यक्ष वार्ता भएको थियो । उक्त बैठकको सहमतिअनुसार १९८९ जुलाई ३० देखि एक महिना लामो १८ देशका प्रतिनिधि सम्मिलित राजनीतिक सम्मेलन आयोजना गरियो । शान्ति स्थापनार्थ तयार पारिएको प्याकेज 'चुनावपूर्व संक्रमणकालीन अवस्थामा सत्तामा को कसरी सहभागी हुने, नयाँ संविधानको निर्माण प्रक्रिया के हुने र खमेरुजको प्रजातान्त्रिक कम्प्युचिया पार्टीको भूमिका के रहने ?' आदि विषय प्रमुख रूपमा उठेको सम्मेलन निष्कर्षविहीन हुन पुग्यो । सन् १९९० को फेब्रुअरी तथा त्यसै वर्षको जुनमा इन्डोनेसिया तथा टोकियोमा सम्पन्न कुटनीतिक प्रयासले वातावरणमा केही सुधार ल्याई १९९१ अक्टोवर २३ मा पेरिस शान्तिसम्झौता सम्पन्न भयो ।

## राष्ट्रसंघ पनि आलोचित

सन् १९९२ फरबरी २२ मा सुरक्षापरिषद्ले अनट्याक (UNTAC) गठन गरी १८ महिनाभित्र संविधानसभा निर्वाचन सम्पन्न गर्न यासुसी याकासीलाई विशेष प्रतिनिधिको रूपमा नियुक्त गऱ्यो ।

अनट्याकले संचालन गरेको मतदान प्रक्रियामा असुरक्षाको कारण देखाउँदै खमेरुजले बहिष्कार गर्ने निर्णय गऱ्यो । खमेरुजलाई मूल प्रवाहमा ल्याउन १९९३ जनवरी ३१ सम्म मतदान दर्ताको म्याद थपियो । म्याद सकिने दिनमा खमेरुजले क्याम्बोडियाली राष्ट्रिय एकता पार्टी निर्वाचन प्रयोजनका लागि दर्ता गरायो । तर, म्याद पुनः बढाइयो र फेब्रुअरी १९९३ सम्म २० राजनीतिक पार्टी निर्वाचन कार्यालयमा दर्ता भए ।

राष्ट्रसंघको प्रत्यक्ष संलग्नतामा निर्वाचन सम्पन्न गराए पनि त्यो विवादित रहन पुग्यो । खमेरुज नेतृत्वले संयुक्त राष्ट्रसंघले तटस्थ भूमिका निर्वाह नगरी तत्कालीन अन्तरिम सरकारसँग नजिक रही अन्य शक्तिलाई पाखा लगाउन खोजिएको आरोप लगाउँदै निर्वाचन बहिष्कार गर्ने निर्णय गऱ्यो । उनीहरूले राष्ट्रसंघसमक्ष हतियार त बुझाएनन् नै कतिपय कर्मचारीलाई बन्दी बनाउने, राष्ट्रसंघका कर्मचारी चढेको गाडी रोक्ने, उनीहरू चढेको हेलिकोप्टरमा आक्रमण गर्ने प्रयाससमेत गरे । खमेरुजको असुरक्षाकै कारणबाट सुरुमा तोकिएका १८०० मतदान केन्द्रमध्ये ४ सय मतदान केन्द्र परित्याग गर्न बाध्य पारिए ।

उसो त पेरिस सम्झौतापश्चात् नोमपेनमा सार्वजनिक भएका खमेरुजका नेताहरू खिउ सम्फान तथा हुनसेन सरकारी सेनाको आक्रमणबाट मुस्किलले बचेका थिए । उनीहरूले हुनसेन सरकारको गैह्रवैयाको कारणबाट नोमपेनमा खोलिएको सम्पर्क कार्यालय पनि बन्द गर्नु परेको थियो ।

नेपालमा त कम्बोडियाको जस्तो अवस्था त नआउला । हामी त्यस्तो अवस्था नआओस् भनेर पुकार पनि गर्छौं । तैपनि, तटस्थतामा थोरै पनि प्रश्न उठेमा स्थिति भयावह हुन सक्छ । अर्कोतर्फ कम्बोडियाको जस्तो लामो प्रयास राष्ट्रसंघले नेपालमा गरेको छैन । कोफी अन्नानका विशेष प्रतिनिधि स्यामुल तम्राटको दुईचारवटा भ्रमणभन्दा बढी हालसम्म राष्ट्रसंघले द्वन्द्व समाधानार्थ अन्य उपाय अवलम्बन गरेको पाइँदैन । एउटा सत्य के हो भने, राष्ट्रसंघमा संलग्न रहने स्वयंसेवक तथा कर्मचारीको भूमिका पनि द्वन्द्व समाधानका लागि महत्त्वपूर्ण रहन सक्छ ।

## इतिहासबाट पाठ सिक्दा

स्पेनमा सन् १९३१ को अन्त्यतिर गणतन्त्रात्मक संविधान निर्माण गरी बृहत् राजनीतिक सम्मेलनबाट अनुमोदित गरियो । त्यस बेला चर्चका पादरी तथा अन्तरिम सरकारका सदस्यहरूलगायत संविधान निर्माणको बीच चर्को विवाद रह्यो । उक्त संविधानले मजदुर वर्गको हक, हितका लागि धेरै अधिकार सुनिश्चता प्रदान गऱ्यो, राष्ट्रलाई प्रजातान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । क्षेत्रीय स्वायत्तता प्रदान गर्नुको साथै धर्मनिरपेक्ष राष्ट्र घोषणा गऱ्यो । तर, त्यसको एक वर्ष पुग्दानपुग्दै सेनाले विद्रोह गऱ्यो र सेनाका जनरल फ्रान्कोले आफूलाई स्पेनको राजा घोषणा गरे । उनले विरोधीलाई जेलमा थुन्दै ४० वर्षसम्म एकतन्त्रीय शासन गरे । तर, उनको पतनपछि पनि स्पेनमा राजतन्त्र कायम राखियो र संविधानसभाद्वारा निर्मित संविधानमा पनि राजतन्त्र कायमै छ । स्पेनको संविधान दक्षिण अफ्रिकाको जस्तो प्रक्रियाबाट निर्माण नगरिए पनि अन्तरिम संविधान तथा नयाँ संविधान दुवै अनुमोदन गराउन जनमत संग्रह गराइएको थियो । जनमत संग्रहअघि जनप्रतिनिधिहरूले उक्त मस्यौदालाई स्वीकृति दिएका थिए । यसबाट के पाठ सिक्न सकिन्छ भने जनताको प्रत्यक्ष वा परोक्ष सहभागिताको विधिबाट निर्मित संविधान विवादरहित हुन्छ । यसले न्यायोचित र समुचित समावेशीकरणको सिद्धान्त अँगालेको हुन्छ, त्यसमा सबै जाति, लिंग, वर्ण, क्षेत्र, भाषा आदिको समानुपातिक प्रतिनिधित्व हुन्छ ।

## निष्कर्ष

नेपालमा राजनीतिक दलहरू आ-आफ्नो राजनीतिक मार्चाचित्र लिएर अगाडि बढेका छन् । एउटा पक्ष यथास्थितिवादी बनेर अगाडि बढ्दै छ भने अर्को आमूल परिवर्तनको संवाहक बनेर । यी दुई शक्तिबीचको संगममा बसेर जनताले दुवैलाई नियाल्दै छन् । त्यस्तै कति सर्वसाधारण माओवादीको नाममा पीडित भए त कति सरकारका समर्थक वा सामन्तवादका नाममा । अब यहाँ प्रश्न उठ्छ, यी दुई पक्षबीचको मारमा पारिएका जनतालाई कसरी एकीकृत, पुनःस्थापित र पुनर्संयोजित गर्ने ?

हाल आएर सबै पक्षको आ-आफ्नै राँटो छ, मेरो पक्षमा यति महिला, अपांग, जनजाति, दलित छन् आदि इत्यादि । तर, कार्यान्वयनको पक्ष कस्तो रह्यो, पछाडि फर्केर हेर्ने कसैलाई फुर्सद छैन । विचारभन्दा प्रचारले बढी प्राथमिकता पाइरहेको अवस्था हो यो ।

नेपालमा जनयुद्ध र मानवअधिकारको राजनीति नामक किताबका अनुसार नेकपा (माओवादी)भित्र २६ प्रतिशत कार्यकर्ता राजनीतिक वैचारिक रूपमा प्रशिक्षित छन् । तर, आर्थिक कारणले लाग्नेको संख्या ३२ प्रतिशत छ । त्यसैगरी २५ प्रतिशत सामाजिक पक्षसँग गाँसिएका छन् । आगामी दिनमा बन्न लागेको अन्तरिम संविधानले यी पक्षलाई समेट्ने कि नमेट्ने हाल वहसको विषय बनेको छ । एउटा निश्चित पक्ष के हो भने माओले भनेझैं 'बिरालो कालो होस् वा सेतो त्यसले मुसाको अधिकार सुनिश्चित गर्दैन' कतै नेपालमा त्यही भइरहेको त छैन ?

***(पिएचडी पाठक द्वन्द्व अध्ययन केन्द्रसँग आबद्ध छन्)***



# बाहिरै खाने कि !

**मुलुकको अर्थतन्त्र धराशायी भएको अवस्थामा नेपालको रेस्टुराँ व्यवसायलाई भने खासै असर नपर्नुको मुल कारण सहरिया नेपालीहरूमा बढ्दै गएको रेष्टराँ जाने संस्कृति नै हो।**

■ **मनीष गौतम/काठमाडौं**


**बदलिँदो समयसँगसँगै** राजधानीवासीको जीवनशैलीमा परिवर्तन देखिन थालेको छ। परिवर्तनको यो स्वरूप खानपानसँग पनि जोडिएको छ। समयको सदुपयोगका लागि होस् अथवा परिवार र साथीभाइसँग रमाइलो गर्नका लागि रेस्टुराँ छिर्ने चलन बढेको छ। कामका लागि बिहानै घरबाट निस्केका राजधानीवासीहरू घर नफर्की बाहिरै लन्च लिने अथवा साँझ सीधै घरतिर नलागी दिनभरको तनाव र थकानबाट पार पाउन परिवार या साथीभाइसँग मिलेर रेस्टुराँतर्फ लाग्ने चलन अब नौलो रहेन। 'सधैं घरको दालभातमात्रै खाएर कति बस्ने, त्यसैले म समय समयमा परिवारसँग रेस्टुराँ आउने गरेको छु', निर्माण व्यवसायमा संलग्न सञ्जीव मिश्र भन्छन्, 'यसरी आउँदा परिवार पनि दंग पर्छन्।'

ग्राहकहरू स्वाद र रुचिअनुसार रेस्टुराँ जाने गरेका छन्। उनीहरूकै रुचि र चाहनालाई ख्याल राखी रेस्टुराँ व्यवसायीहरूले पनि विभिन्न परिकार पस्कने गरेका छन्। विशेष गरी नेपाली, चिनियाँ, भारतीय र कन्टिनेन्टल परिकार रेस्टुराँको मेनुमा देख्न सकिन्छ। मनपर्दो स्वाद खोज्दै राजधानीका विभिन्न रेस्टुराँमा उनीहरू पुग्ने गरेका छन्।

राजधानीका कुनै-कुनै क्षेत्रमा एकै प्रकारको परिकार वा शैली भएका रेस्टुराँसमेत छन्। बानेश्वर क्षेत्रमा बेकरी क्याफे प्रशस्त छन् भने सिनामंगलदेखि एयरपोर्टसम्मको क्षेत्रले सेकुवाका परिकारका लागि ख्याति कमाएको छ। त्यसैगरी लैनचौरदेखि लाजिम्पाटसम्मको मूल सडकमा रहेका रेस्टुराँ विशेष गरी तन्दुरीका लागि कहलिएका छन्।

विदेशी पर्यटकहरूको घनत्व रहने ठमेलका रेस्टुराँले उनीहरूकै रुचिअनुसारका स्वाद पस्किने गरेका छन्। ठमेलमा रहेको किल्रोयज रेस्टुराँ पर्यटकलाई आकर्षण गर्न सफल भएकामध्ये एक हो। 'हाम्रो रेस्टुराँका मुख्य ग्राहक विदेशी नै हुन्', किल्रोयजका प्रबन्धक पदम पोखरेल भन्छन्, 'तर अब हामी नेपाली ग्राहकलाई पनि आकर्षित गर्न खोज्दै छौं।' एक बोतल स्याम्पेनको मोल यो रेस्टुराँमा सगरमाथाको उचाइसँग मेल खाने गरी ८ हजार ८ सय ४८ रुपैयाँ छ।

त्यसैगरी ठमेलको संचयकोष भवनमा रहेको फायर एन्ड आइस रेस्टुराँ पिज्जाको लागि प्रख्यात छ। इटालियन पिज्जाका लागि नाम कहलिएको यस रेस्टुराँले तातो इँटामा सेकाइएको अठार थरिका



पिज्जा ग्राहकलाई पस्किने गरेको छ। काठमाडौंमा निकै कम इटालियन रेस्टुराँ रहेका बेला फायर एन्ड आइसले १२ वर्षअगाडि देखि नै एउटा पिज्जा सेकाउने 'ओभन'मा निर्भर रही ८ किसिमका स्वाद पस्कदै आएको छ।

रेस्टुराँ व्यवसायीले ग्राहक आकर्षित गर्न विभिन्न योजना तर्जुमा पनि गर्दै आएका छन्। रेस्टुराँमा उपलब्ध 'मेनु'ले आ-आफ्नै विशेषता बोकेका हुन्छन्। किल्रोयजले विगत चार वर्षदेखि नेपालीका लागि 'वाइन फेस्टिवल' आयोजना गर्दै आएको छ। 'वाइनमा नेपालीलाई बानी पार्न हामीले यसखाले फेस्टिवल आयोजना गर्दै आएका छौं', पोखरेल भन्छन्, 'वाइन भन्नाले महँगो हुन्छ भन्ने आम नेपाली धारणा छ। तर, यस धारणालाई परिवर्तन गरी स्वास्थ्यवर्द्धक मानिएको वाइन नेपालीलाई चखाउने हाम्रो उद्देश्य हो।'

त्यसैगरी महाराजगंज चक्रपथनेर रहेको रिचमन्ड क्याफेको पनि बेग्लै पहिचान छ, रेस्टुराँहरूको भीडमा। यस रेस्टुराँले 'साहित्यिक कुनो' चलाउँदै आएको छ। 'साहित्यकारको सिर्जना प्रवर्द्धन गर्न यो साहित्यिक कुनो सञ्चालन गरेका हौं', रेस्टुराँका सञ्चालक मोहन बुढाथोकी भन्छन्, 'यसको प्रतिक्रिया राम्रो पाएकाले हामी हौसिएका पनि छौं।' यहाँ साहित्यिक कार्यक्रमको लागि व्यवस्थापनले निःशुल्क हल उपलब्ध गराउने गरेको छ। रिचमन्ड क्याफेमा साहित्यिक कुनोमा साहित्यिक पुस्तक त उपलब्ध छन् नै, रेस्टुराँको भित्तामा नेपालका प्रख्यात साहित्यकारहरूको तस्वीरसमेत सजिएका छन्।

कमलादीस्थित सी एन्ड डब्लु रेस्टुराँले चारवटा पार्टी हल खडा गरेको छ। यहाँ विभिन्न अवसर पारेर मानिस भेला हुने गर्छन्। त्यसैगरी यो रेस्टुराँले 'बफे' लन्च र डिनर उपलब्ध गराउँछ। रेस्टुराँका प्रबन्धक राजेशमान सिंह भन्छन्, 'हामीकहाँ मध्यमदेखि उच्च वर्गसम्मका व्यक्ति आएर मनपर्दो स्वाद चाख्न सक्छन्।'

रेस्टुराँ व्यवसायमा लागेकाहरूका अनुसार


Richmond Bakery Cafe
The taste of people

"Come once and feel with difference"

Richmond
Bakery Cafe

P.O.Box.: 3558
Maharajgunj, Kathmandu, Nepal
Tel: 4372452
E-mail: richmondbakerycafe@hotmail.com





DECHENLING
BEER GARDEN & RESTAURANT

Thamel, Kathmandu, Nepal
Tel: 4412158, 4416387



नेपाली चुलो
NEPALI CHULO
Authentic Nepali & Newari Restaurant











- Wide Varities of Nepali & Newari Foods
- Dual Seating (Floor & Chair) for up to 200 pax
- Nepali Culture programme with Live Music Every Night (7:00 pm onward)

P.O.Box No. 1764, Durbar Marg, Kathmandu
Tel:- 4220475, E-mail: info@nepalichulo.com
Website : www.nepalichulo.com



कुनै समय विदेशी तथा घरानिया धनीबाहेक अरूका लागि प्रायः असम्भव मानिएका राजधानीका पाँचतारे होटलमा अहिले मध्यमवर्गीय नेपाली लन्च या डिनर लिने हैसियत राख्छन् ।

'नेपालीलाई पाखा लगाएर रेस्टुराँ चलाउन अब गाह्रो छ', श्रेष्ठ भन्छन्, 'त्यसैले नेपालीको खल्ती सुहाउँदो रेस्टुराँले सजिलै बजार लिन सक्छ ।' विदेशी पर्यटकलाई लक्षित गरी पाटन कृष्ण मन्दिरको छेउमा थर्ड वर्ल्ड नामको रेस्टुराँ सञ्चालन गर्दै आएका श्रेष्ठ भन्छन्, 'अहिले मेरा मुख्य ग्राहक नेपाली नै हुन् ।' थर्ड वर्ल्ड रेस्टुराँमा सम्भव भएसम्म सबै वस्तु नेपाली उत्पादन नै प्रयोग गरिएको श्रेष्ठ बताउँछन् ।

राजधानी मात्र नभई अन्य पर्यटकीय आकर्षण मानिएका स्थान पोखरा र चितवनमा एक दशकअघि नेपालीका लागि 'नो इन्ट्री' सरह मानिएका रेस्टुराँले त्यसपछिका वर्षमा व्यवसाय टिकाउनका लागि नेपाली ग्राहकलाई नै स्वागत गर्न थाले । यसको मुख्य कारण नेपालीहरूको क्रयशक्ति बढ्दै गएको मान्न सकिन्छ । त्यसैगरी नेपालीहरूको बाह्य संस्कृतिसँगको लगाव तथा स्वदेशमै पनि विदेशीको प्रभावले पनि रेस्टुराँ संस्कृति बढ्दै गएको र नेपालीहरूमा 'डाइन आउट कल्चर' बढ्दै गएको लाजिम्पाटस्थित साँग्रिला गार्डेनका प्रबन्ध निर्देशक पुष्प न्यौपाने बताउँछन् । उनी भन्छन्, 'जन्मदिन होस् अथवा बिहेको वार्षिकोत्सव, अब नेपालीहरू त्यसका लागि पनि रेस्टुराँमा जाने गरेका छन् ।'

राजधानीबाट केही दूरीमा रहेका स्थान नगरकोट, धुलिखेलसम्म फुर्सद मिलाएर नेपालीहरू रमाइलो गर्न जाने गरेका छन् । होटल कन्ट्री भिल्ला

राजनीतिक अस्थिरता तथा द्वन्द्वका कारण पर्यटन उद्योगमा व्यापक ह्रास आए पनि तुलनात्मक रूपमा रेस्टुराँ व्यवसाय भने टिक्न सफल रह्यो । 'अर्थतन्त्र सबै धराशायी भएको अवस्थामा नेपाली ग्राहकका कारण रेस्टुराँ व्यवसाय भने चली नै रह्यो', रेस्टुराँ एन्ड बार एसोसिएसन इन नेपाल (रेबन) का अध्यक्ष दिलेन्द श्रेष्ठ भन्छन्, 'अहिले काठमाडौं होस् या पोखरा जहाँ पनि नेपालीकै बाहुल्य देखिन्छ ।' न्यु नटराज कवाव रेस्टुराँ लाजिम्पाटका मुकुलकृष्ण प्रसाई भन्छन्, 'हामी त नेपाली ग्राहकलाई नै मुख्य प्राथमिकता दिन्छौं ।'

असहज परिवेशमा नेपालीकै भरमा रेस्टुराँ चल्न थालेपछि अहिले व्यवसायीहरू नेपालीलाई नै लक्षित गरी व्यवसाय टिकाउने निष्कर्षमा पुगेका छन् ।





Probably The Best Pizaa in Town
Firewood Pizza
Restaurant
Forget Microwave Oven
Harihar Bhawan, Lalitpur
Next to Himalayan Bank
Free Delivery (In Patan Area)
Call : 5541592
Open : 10:00 am to 9:30 pm


FOR BEST CHINESE CUSINE IN TOWN
Rice & Bowl
RESTAURANT
SAKET COMPLEX
P.O. Box : 1683, Tripureshwor, Kathmandu, Nepal
Phone : 4260677, 4251678, Fax : 977-1-4251678


FIRE ICE
Kathmandu
FIRE AND ICE
Pizzeria and Ice Cream Parlour
Phone: 4250210
Email: fireandice@mail.com.np
Post Box No. 12998
219 Sanchaya kosh Bhawan
Tridevi Marg, Kathmandu, Nepal






नगरकोटका नवराज बजगाईं भन्छन्, 'यहाँ विशेष गरी परिवार तथा जोडीहरू आउने गरेका छन् ।'

यसैबीच व्यवसायीहरूमाझ रेस्टुराँको पनि वर्गीकरण गर्नु पर्ने आवाज उठेका छन्, जसले गर्दा यो व्यवसायलाई मर्यादायुक्त बनाउन सकियोस् । रेस्टुराँका नाममा खुलेका क्याबिन तथा अश्लील र अर्धनग्न नृत्य हुने र पारिवारिक वातावरणका लागि उपयुक्त मानिएका रेस्टुराँबीच कुनै किसिमको आपसी सम्बन्ध नरहेको मर्यादित तवरमा सञ्चालन गरिएका व्यवसायीको धारणा छ । 'रेस्टुराँ व्यवसायलाई मर्यादायुक्त पेसा बनाउनु पर्छ । त्यसैले यसको वर्गीकरणको आवश्यकता छ', रेबनका अध्यक्ष श्रेष्ठ भन्छन्, 'रेस्टुराँको वर्गीकरण भएमा यसको गुणस्तरको अनुगमन गर्न सजिलो पनि हुन्छ ।' श्रेष्ठका अनुसार रेस्टुराँको वर्गीकरण भएमा यसलाई पर्यटन उद्योगको रूपमा लग्न सकिने धारणा छ ।







वजला
wunjala moskva
Garden Restaurant in the heart of the city
A special part of Kathmandu you can feel at Wunjala Moskva Restaurant.
No more barricade !
Naxal (Opp. Police Headquarter's main gate) Petrol Pump, Tel: 4415236, Fax: 977-1-4440314
E-mail: wunjala@infoclub.com.np, Website: www.nepalicuisine.com


Kwality Fast Food
Cafe
Babarmahal, Kathamndu
Tel: 4215555
9 am - 9.30 pm
Home Delivery, Lunch Box


Best Kwality
Fast Food
Dilli Bazar, Kathamndu
Tel: 4421883
4421884
9 am - 9 pm
Home Delivery, Lunch Box


होम डेलिभरी फ्रि
के तपाई आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ? यदि
तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने आजै
भेलफर्म सौना वेल्ट प्रयोग गरौं ।
रु. २४९५ मात्र
साथै अन्य टिभीमा देखाइने सामानहरु
पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, २००२७९९
शाखा कार्यालयहरु: धरान, फोन नः ५२१७४०,
हेटौडा–नारायणघाट, मोबाइल: ९८४५०४२९२९
यो वेल्टले तपाईंलाई ५५ मिनेटको
प्रयोगमै २ से.मी. पेट घटाउँछ ।
Sauna Belt


Start your day with a swim!
Revitalize your Health with
Shahanshah Splash
• Get 10% discount on Health Club Membership
• Indoor swimming pool
• Special arrangements for Special Events
www.dotsnsquares.com
Hotel Shahanshah International
P.O.Box: 6535, Dhapasi,
Kathmandu, Nepal
Tel: 4355484,
Fax: 977-1-4354454
Email: shansha@mos.com.np

यसका लागि रेस्टुराँले उपलब्ध गराउने खानाको स्वाद त अनिवार्य सर्त भइहाल्यो । तर, स्वास्थ्यवर्द्धक खाना उपलब्ध हुनु पनि त्यत्तिकै जरुरी छ । 'रेस्टुराँमा खाना खाएपछि त्यसबाट ग्राहक विरामी हुन हुँदैन', श्रेष्ठ भन्छन्, 'यो कुरा व्यवसायीहरूले बुझ्नु जरुरी छ ।' तर, रेस्टुराँमा उपलब्ध खानाको गुणस्तर र त्यहाँबाट उपलब्ध हुन सेवाबारे कुनै अनुगमन नहुँदा यसको मारमा गुणस्तरीय सेवा पुऱ्याउने रेस्टुराँ व्यवसायीहरू परेका छन् । रेबनअन्तर्गत काठमाडौं र पोखरामा गरी झन्डै एक सय रेस्टुराँ आबद्ध भएका छन्, जसले रेस्टुराँले उपलब्ध गराउँदै आएको सेवामा गुणस्तरतालाई विशेष प्राथमिकता दिएको छ ।

रेस्टुराँको भीडमा लोकदोहोरी रेस्टुराँले पनि विस्तारै आफ्नो प्रभाव जमाउँदै छन् । विगत केही वर्षयता राजधानीको रात्रि जीवनमा नयाँ सांगीतिक वातावरणका रूपमा व्यवसायिक तवरमा लोकदोहोरी रेस्टुराँले प्रवेश पाएको छ र लोकभाका सहरी परिवेशमा मजाले गुन्जिएका छन् । गाउँबेसी, मेलापात वा चाडपर्वमा विरलै सुनिन थालेका लोकदोहोरीहरूका भाका अहिले राजधानीमा मौलाउँदो छ, नयाँ परिवेशमा ।

राजधानीवासीको रात्रि जीवनको अभिन्न अंग बनेको डिस्को तथा डान्स रेस्टुराँको जति लामो व्यवसायिक इतिहास लोकदोहोरीको छैन । अधिकांश हिन्दी गीतमा अश्लील हाउभाउका साथ प्रस्तुत हुने डान्स रेस्टुराँका बीचमा लोक नृत्यका रेस्टुराँ नभएका होइनन् । तर, व्यवसायिक प्रतिस्पर्धामा त्यो टिक्न गाह्रो भइराखेकै अवस्थामा लोकदोहोरी रेस्टुराँले भने प्रभाव जमाइसकेका छन् । रेस्टुराँ व्यवसायीहरूका अनुसार राजधानीमा लोकदोहोरीका साथ रेस्टुराँ व्यवसाय सञ्चालन भएको पाँच वर्ष मात्रै पुगेको छ । 'पुकार दोहोरी साँझ' नै राजधानीको पहिलो लोकदोहोरी रेस्टुराँ हो, जुन अहिले बन्द भएको छ । तर, अहिले राजधानीमा झन्डै ८० वटाको हाराहारीमा लोकदोहोरी रेस्टुराँ सञ्चालन भएका छन् । लोकदोहोरी रेस्टुराँमा आफ्नो गाउँ ठाउँको भाका सुन्न पाइने हुँदा ग्राहक निकै दंग पर्छन् । पर्यटकको चहलपहल हुने ठमेल, दरबारमार्ग लगायतका ठाउँमा पनि अचेल आक्कल झुक्कल पर्यटक पनि देख्न सकिन्छ, यी दोहोरी रेस्टुराँहरूमा । त्यसैगरी गजल रेस्टुराँले विशेष गरी स्वदेशी तथा भारतीय ग्राहकलाई तान्न सफल भएका छन् । हिन्दी गजल सुन्दै भारतीय परिकारको स्वाद लिन ग्राहक यसखाले रेस्टुराँमा पुग्ने गर्छन् ।

मौलिक नेपाली परिकारका लागि खुलेका केही सस्ता रेस्टुराँ पनि राजधानीवासीमाझ लोकप्रिय छन् । नयाँबजारमा रहेको हारती रेस्टुराँमा साँझको बेला पुग्यो भने टेबल पाउन ठूलै कसरत गर्नुपर्छ । यहाँ पाइने लोकल टेस्ट, स्वास्थ्यवर्धक खाना र सस्तो मूल्यका कारण ग्राहक झुम्मिने यो रेस्टुराँका पारखीहरू बताउँछन् । जे होस्, अहिले राजधानीवासीहरू व्यवसायिक बनेका छन्, जो आनन्दित हुन चाहन्छन् । त्यसैले समय मिलाएर परिवार तथा साथीभाइसँग रमाइलो गर्दै आरामदायी तवरले रेस्टुराँमा खाने बानी बसाल्न थालेका छन् । ■

Promotional Offer
15% DISCOUNT
FOR DINNER(7PM-10PM)
Saffron
An Indian Restaurant
We serve the above cuisine for lunch at Shambala Garden Cafe.



for reservations and enquiries:
4412999, Lazimpat, Kathmandu.

'प्रत्येक साँझ तपाईंकै माझ दोहोरी साँझ'
नेपालकै पुरानो
'दोभान दोहोरी साँझ'
पूर्ण पारिवारिक वातावरणमा पञ्चे बाजाको साथमा
दोभान रेस्टुरेण्ट एण्ड बार
लेखनाथमार्ग, ठमेल, फोन नं. ४४१९९३५

HNR
HARATI
NEWARI RESTAURANT
Naya Bazar, Balaju, Kathmandu, Nepal
Phone: 977-1-4360223, Fax: 997-1-4274666
E-mail: shreedangol@hotmail.com
Sunday to Friday: 1.00 pm to 9.30 pm
Saturday: 3.00 pm to 9.30 pm



New Natraj Kabab Restaurant
Lazimpat, Ph: 4434214

NEW SEA FOOD
Contact us
Kuleswor, Kathmandu
Tel : 4283960, 4302739
Email : nseafood@hotmail.com
For:
MEAT PRODUCTS AND SEA FOODS

# यतीको अर्को विमान



नेपालको अग्रणी वायुसेवा यती एयरलाइन्सले जेटस्ट्रिम-४१ नयाँ विमान नेपाल भित्र्याएको छ। अत्याधुनिक विमान सेवाहरूमार्फत नेपाली आकाशमा उडान भर्ने यतीको योजनानुसार नयाँ विमान भित्रिने क्रम जारी छ। यसअघि एउटा सोही विमानमार्फत यतीले उडान संचालन गरिसकेको छ। ६ वटा जेटस्ट्रिम-४१ विमान थप्ने निर्णय उक्त कम्पनीले गरिसकेको छ। र, यसले यती एयरलाइन्स नेपालको सबैभन्दा ठूलो विमान कम्पनीका रूपमा स्थापित हुनेछ।

ग्राहक सेवामा सर्वाधिक महत्त्व दिने उक्त एयरलाइन्सले नयाँ विमानको यात्रामा नेपाली यात्रुले यसअघि अनुभव नगरेको सेवा उपलब्ध गराइरहेको छ। विमान थपिएपछि विभिन्न क्षेत्रका थप हवाई यात्रुले गुणस्तरीय हवाई सेवाको सुविधा पाउनेछन्। २९ सिट क्षमताका आन्तरिक उडानका यी विमानमा शौचालय समेतको सुविधा उपलब्ध छ।

# पर्वतारोहण संघ विघटनको माग

ट्रेकिङ एजेन्ट्स एसोसिएसन अफ नेपाल (टान)ले नेपाल पर्वतारोहण संघ (एनएमए) अल्पाइन क्लबसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताविपरीत संचालन गरिएको बताउँदै तत्काल विघटन गर्न सरकारलाई आग्रह गरेको छ। अध्यक्ष नरेन्द्र विसी र महासचिव सीताराम सापकोटाद्वारा संयुक्त रूपमा जारी विज्ञप्तिमा पर्वतीय पर्यटन क्षेत्रको मात्रै सहभागितामा संघ पुनर्संरचना गर्न माग गरिएको छ। संघभित्र व्यापक अनियमितता भएको जनाउँदै उनीहरूले त्यसको छानबिन गर्नु पर्नेमा पनि जोड दिएका छन्।

संघको ९५ प्रतिशत आम्दानी ट्रेकिङ कम्पनीहरूबाट हिमचुली आरोहण सलामीबाट संकलन हुने भएकाले उक्त आम्दानीको २५ प्रतिशत रकम उनीहरूको संस्था टानले पाउनु पर्ने जिकिर गरिएको छ। सबै ट्रेकिङ कम्पनीलाई संघको मताधिकार प्राप्त सदस्यता दिइनु पर्ने र वर्तमान विधान खारेज गरी नयाँ बनाउनु पर्ने माग उनीहरूको छ। मन्त्रिपरिषद्को निर्णयानुसार हिमाल आरोहणमा प्राप्त हुने आम्दानीमध्ये वातावरण संरक्षण कोष र हिमचुली रहेको जिल्लामा तोकिएको रकम खर्च गर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनु पर्ने माग पर्यटन मन्त्रालयसमक्ष राखिएको छ। यस्तो रकम प्रशासनिक र दैनिक कार्यमा खर्च गरिएको भन्दै टानले त्यसको विरोध गरेको छ। अनावश्यक विदेश भ्रमणका नाममा लाखौं रुपैयाँ खर्च गरिएको र पोखरा म्युजियम निर्माणमा अनियमितता भएको भन्दै यस्ता हिनामिनाको छानबिन गरिनु पर्ने माग गरिएको छ। नेपालको पर्वतारोहण क्षेत्र व्यवस्थित गर्न टानद्वारा अगाडि सारिएका मागमा गम्भीर बन्न मन्त्रालयलाई आग्रह गर्दै उनीहरूले बेवास्ता गरिएमा आन्दोलनमा उत्रिने चेतावनी पनि दिइएको छ।

## इन्डिकाको 'भी टु जिटा पेट्रोल' नेपालमा



नेपाल अधिराज्यभरिको लागि टाटा मोटर्सको एक मात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्सको नवीनतम उत्पादन इन्डिका भी टु जिटा पेट्रोल बजारमा भित्र्याएको छ। युरो-३ को मापदण्डअनुसार तयार पारिएको जिटाको ७० पिएस एक्स्ट्रा पावरयुक्त पेट्रोल इन्जिनले प्रतिलिटर १४ किलोमिटरको माइलेज दिन्छ। पाँच आकर्षक रंगमा पाइने जिटाका विभिन्न मोडलहरू ९ लाख ४५ हजारदेखि १२ लाख ४६ हजारसम्ममा उपलब्ध छन्।

जिटा पेट्रोल इन्जिनको ३२ बिट माइक्रोप्रोसेसरमा नक सेन्सर समेत छ, जसले इन्धनको मिसावटबाट हुने क्षति कम गर्नुका साथै इन्जिनको कार्यदक्षता समेत कायम राख्छ। सर्वप्रथम जनवरी २००६ मा भारतीय बजारमा ल्याइएको जिटाले भारतमा उल्लेखनीय सफलता पाएको छ, जहाँ पहिलो पाँच महिनामै कम्पनीले १२ बजार वटा भन्दा बढी गाडी बिक्री गरिसकेको छ।

## सिग्नेचर नयाँ प्याकमा



म्याकड्वेल नेपाल लिमिटेडले ३७५ मिलिलिटर सिग्नेचर ह्वीस्की आकर्षक प्याकमा बजारमा ल्याएको छ। सुनौलो र हरियो रंगमा सजाइएको उक्त मदिरा उपभोक्ताले थप मन पराउने विश्वास कम्पनीको छ। कम्पनीका जनरल सेल्स म्यानेजर जी मुलिक भन्छन्, 'गुणस्तर र स्वादमा सिग्नेचर उत्कृष्ट सावित भएको छ।' उपभोक्ताको चाहनानुसार उही अनुपम स्वादमा सिग्नेचर ह्वीस्की बजारमा ल्याइएको कम्पनीको दाबी छ।





# इक्वेडर



स्पाइडर म्यान : पोल्याण्डविरुद्ध गोल गरेका इभान काभिडेस एक बर्षअघि दुर्घटनामा मारिएका आफ्ना सहयात्री खेलाडी ओटिलिनो टेनोरियोको सम्झनामा पहेंलो मास्क लगाउदै ।

**विश्वकपको उद्घाटन खेलमा** युरोपको शक्तिशाली राष्ट्र पोल्यान्डविरुद्ध मैदानमा उत्रिनुअघि लुगा फेर्ने कोठामा दक्षिण अमेरिकी राष्ट्र इक्वेडरको खेलाडीहरूको अनुहार केही मलीन देखिन्थ्यो । उनीहरू एकापसमा मन लगाएर बोलिरहेका थिएनन् । यो कुराको हेक्का प्रशिक्षक लुइस फर्नान्डो सुरेजलाई नभएको होइन । तर, त्यति बेलै सेन्टर डिफेन्स गिओभानी इस्पिनोजाले ल्याटिन अमेरिकाको पारम्परिक 'साल्सा' संगीतको धुन बजाएपछि खेलाडीहरू केही उत्साहित बन्न पुगेका थिए ।

इक्वेडर, हाल जर्मनीमा जारी अठारौं विश्वकपको बलियो प्रतिस्पर्धी, जसले विश्वकपको दोस्रो सहभागितामा नै ठूलो उलटफेर गरेको छ । यो देश सहजै विश्वकपको दोस्रो चरणमा प्रवेश गरेको छ, त्यो पनि सन् १९७४ र १९८२ को विश्वकपमा तेस्रो भएको युरोपको बलियो राष्ट्र पोल्यान्डलाई २-० र लामो समयदेखि विश्वकपको अनुभव बटुलेको छिमेकी कोस्टारिकालाई ३-० ले हराउने क्रममा ।

विश्वकपमा भाग लिन बेलायतको चर्चित क्लब म्यानचेस्टर युनाइटेडको छोटो बसाइँपछि जर्मनी आउनुअघि इक्वेडरको विषयमा थुप्रै आलोचनाका स्वर उठेका थिए । गरिब, समुद्री सतहदेखि ९ हजार ३ सय ५० फिट माथि पर्ने यो देश आखिर कसरी विश्वकपमा छनोट भयो ?

धेरैको तर्क थियो, लेक लाग्ने कारण इक्वेडरलाई विश्वकपमा छनोट हुन सजिलो भयो । हुन पनि छनोट चरणको खेलमा ५ पल्टको विश्व च्याम्पियन ब्राजिललाई १-० र दुईपल्टको विश्व च्याम्पियन अर्जेन्टिनालाई २-० ले राजधानी क्युटोमा हराएपछि ब्राजिलेली प्रशिक्षक कार्लोस अल्बर्टो परेइराले ठोकुवा गरेका थिए, लेकमा भएको खेलकै कारण इक्वेडर विश्वकपमा छनोट भएको हो । तर, दक्षिण अमेरिकी क्षेत्रबाट ब्राजिल र अर्जेन्टिनापछि तेस्रो नम्बरमा छनोट भएको इक्वेडरले यो विश्वकपमा परेइराको आलोचनालाई गलत सावित गर्ने क्रममा जर्मनीको गर्मी मौसममा पनि पोल्यान्डजस्तो बलियो युरोपेली राष्ट्रको चुनौती सुरुमै समाप्त पार्‍यो ।

'हामी अग्लो डाँडामा मात्र होइन, जुन पनि ठाउँ र जस्तोसुकै वातावरणमा खेल्न सक्छौं भन्ने उदाहरण हो यो', सन् २००४ देखि इक्वेडरको राष्ट्रिय टोलीलाई सम्हाल्दै आइरहेका कोलम्बियाका पूर्व सेन्टर मिडफिल्डर सुरेजले पोल्यान्डलाई हराएपछि प्रतिक्रिया दिएका थिए । यो विश्वकपमा इक्वेडरको कीर्तिमानी प्रदर्शनमा सबैभन्दा खुसी हुने प्रशिक्षक नै उनी थिए । २९ वर्षको उमेरमै खेलाडीबाट प्रशिक्षक बनेका ४६ वर्षीय सुरेज आर्थिकरूपले यो विश्वकपकै सबैभन्दा गरिब प्रशिक्षकको रूपमा चित्रित छन् । साइकल चढेर राष्ट्रिय टोलीलाई प्रशिक्षण दिन जाने सुरेजले विश्वकपमा युरोपेली राष्ट्रको सम्भावित खतरा र युरोपेली वातावरणसँग आफ्ना खेलाडीलाई अभ्यस्त तुल्याउन बेलायतको धनी क्लब म्यानचेस्टर युनाइटेडको घरेलु मैदान ओल्ड ट्राफोडमा छोटो समयका लागि भए पनि प्रशिक्षण दिने व्यवस्था मिलाएका थिए । सन् १९६२ देखि विश्वकप छनोट चरणमा सहभागी हुँदै

## आशावादी भविष्य

आइरहेको इक्वेडर ७० को दशकसम्म दक्षिण अमेरिकाभन्दा बाहिर गएर कुनै प्रतियोगिता खेलेको थिएन । गत विश्वकपमा क्रोएसियालाई १-० ले हराएर विश्वकपको पहिलो खेल जित्न सफल भएको इक्वेडर इटालीसंग २-० र मेक्सिकोसँग गोलरहित बराबरीमा खुम्चिदै समूहबाटै बाहिरिएको थियो ।

यो विश्वकपको दोस्रो खेलमा कोस्टारिकाको चुनौतीलाई समाप्त पार्दा इक्वेडरमा लाखौंको संख्यामा विजय जुलुस निस्किएको थियो र अहिले पनि राजधानी क्युटोमा जितको खुसियाली मनाउनेहरूको संख्यामा कमी आएको छैन ।

हालको इक्वेडर टोलीमा गत विश्वकपको अनुभव बटुलेका ९ खेलाडी समावेश छन् । यस टोलीमा ७ जना यस्ता खेलाडी समावेश छन्, जो क्युटोदेखि सय माइल टाढा अल चोटा नाम भएको बस्तीमा बस्ने गर्छन् । इक्वेडरमा राम्रो खेलाडी जन्मिने बस्तीको रूपमा परिचित अल चोटा वास्तवमा एउटा गरिब बस्ती हो, जहाँ अगस्टिन डेलगाडोजस्ता होनहार खेलाडीको जन्म भएको थियो । कलिलो उमेरमै गर्भधारण, जाँडरक्सीको अत्यधिक खपत हुने यो बस्तीका आर्थिक अभावका कारण अहिले पनि किशोरहरू खाली खुट्टा फुटबल खेल्ने गर्छन् । अशिक्षा र गरिबीका कारण सधैं ठगिँदै आएको अल चोटामा थुप्रै विकृति छन् । तर, सबै परिवार आफ्ना सन्तानलाई फुटबल खेलाडी नै बनाउन चाहना राख्छन् । स्कुले मास्टरहरू पनि आफ्ना विद्यार्थीलाई फुटबल खेलाडी बन्न नै जोड दिने गर्छन् । इक्वेडरको अर्को गरिब बस्ती पिक्युचोमा जन्मिएका डिफेन्डर उलिसेस डे ला क्रुज, जो हाल इङ्ल्यान्डको अस्टन भिल्ला क्लबबाट व्यवसायिक फुटबल खेलिरहेका छन्, उनले आफ्नो गाउँको विकासका लागि वार्षिक ७० हजार अमेरिकी डलर अनुदान दिदै आइरहेका छन्, शिक्षा, स्वास्थ्य र शुद्ध पिउने पानीमा ।

विश्वकपको दोस्रो चरणमा पुगेको इक्वेडरका प्रत्येक खेलाडीलाई सरकारले १ लाख ५० हजार अमेरिकी डलर बोनसबापत दिने स्थानीय पत्रिका अल्टिमास नोटिसियाको अपुष्ट समाचारले नै अहिले इक्वेडरभरि ठूलो हल्लाखल्ला मचिएको छ । यतिमात्र होइन, खेलाडीहरूको पैसा गाउँको विकासमा खर्चिने आशामा अल चोटा र पिक्युचोजस्तो गरिब बस्तीहरूमा दसैं र तिहारझैं वातावरण सुखद बन्न पुगेको छ । ■



प्रशिक्षक सुरेज

## विश्वकपमा २ हजार गोल

**इङल्यान्डविरुद्ध** समूहको अन्तिम खेलमा स्विडेनका मार्कुस अलब्याकले टाउकोद्वारा गोल गरेपछि विश्वकपको ७५ वर्षे इतिहासमा नयाँ आयाम थपिएको छ। विश्वकपमा गोलको संख्या २ हजार पुगेको छ। सन् १९३० को जुलाई १३ तारिखमा उरुग्वेको राजधानी मोन्टेभिडियोबाट विश्वकप फुटबल सुरु हुँदा पहिलो गोल फ्रान्सका लुसियन लाउरेन्टले गरेका थिए।

सन् १९३४ मै इटालीका एन्जेलो चियाभिओले विश्वकपमा गोल संख्या सय पुऱ्याएका थिए। यसैगरी जर्मनीका गेर्ड मुलरले सन् १९७० मा विश्वकपको गोल संख्या वृद्धि गर्दै आठ सय पुऱ्याएका थिए। सन् १९७८ मा नेदरल्यान्डका रोब रेन्सेनब्रिन्कले स्कटल्यान्डविरुद्ध गोल गर्ने क्रममा विश्वकपको गोल संख्या हजार पुऱ्याएका थिए। सन् १९८६ को विश्वकपमा तेह्रौं सयको गोलको कीर्तिमानलाई अन्तिम रूप दिन इङल्यान्डका ग्यारी लिनेकरले गोल गरेका थिए। र, पछिल्लो विश्वकपमा इटालीका क्रिस्चियन भियरीले १९ सयौं गोलको रूपमा गोल गरेका थिए।




# दाबेदार पुरानै

**जर्मनीमा सञ्चालन भइरहेको** अठारौं विश्वकपअन्तर्गत ४४ खेल सम्पन्न हुँदा विश्वकपको दाबेदार मानिएका जर्मनी, इङल्यान्ड, अर्जेन्टिना, ब्राजिल र स्पेनले सजिलै दोस्रो चरणमा प्रवेश पाएका छन्। तर, सम्भावना बोकेका पोल्यान्ड र आइभोरी कोस्ट भने पहिलो चरणबाटै बाहिरिएका छन्। त्रिनिडाड एन्ड टोबागो विपक्षी टोलीविरुद्ध एक गोल पनि नगर्दै बाहिरिएको छ। ब्राजिल र अर्जेन्टिनासँगै तेस्रो स्थानमा दक्षिण अमेरिकी क्षेत्रबाट विश्वकपमा छनोट भएको इक्वेडरले भने ठूलो उलटफेर गरेको छ। नेदरल्यान्ड, पोर्चुगल र मेक्सिको पनि दोस्रो चरणमा प्रवेश गरेका छन्। पाराग्वे, इरान, अंगोला र साउदी अरेबिया भने पहिलो चरणबाटै बाहिरिए।

एउटा गरिब राष्ट्रको रूपमा चित्रित इक्वेडरले समूह 'ए'मा पोल्यान्ड र कोस्टारिकाजस्ता बलिया राष्ट्रलाई हराउँदै पहिलोपल्ट दोस्रो चरणमा उक्लियो। यो समूहमा जर्मनी तीनवटै खेलमा विजयी हुँदै समूह विजेताको हैसियतले दोस्रो चरणमा प्रवेश गऱ्यो। जर्मनी दोस्रो चरणमा युरोपको अर्को बलियो राष्ट्र स्विडेनसँग भिड्नेछ भने इक्वेडरको भिडन्त इङल्यान्डसँग हुने पक्का भइसकेको छ।

इङल्यान्ड समूह 'बी'को विजेता हुँदै दोस्रो चरणमा प्रवेश पाएको हो। सन् १९६६ मा आफ्नै भूमिमा विश्वकप जितेको इङल्यान्डले २ खेल जित्दै र एक खेललाई बराबरीमा रोक्दै पहिलो चरण पार गरेको हो। विश्वकपको दाबेदार मानिएको यो देश पाराग्वेसँगको खेलमा विपक्षी टोलीका कप्तान कार्लोस गामाराको आत्मघाती गोलका कारण स्पष्ट ३ अंक जोड्न सफल भएको थियो। दोस्रो खेलमा पोल्यान्डलाई २-० ले पराजित गर्न सफल भए पनि पुरानो प्रतिद्वन्द्वी स्विडेनसँगको खेलमा भने २-२ को बराबरीमा रोकिएको थियो। स्विडेनसँगको खेलमा घाइते हुन पुगेका इङल्यान्डका अनुभवी स्ट्राइकर माइकल ओवेन विश्वकपको अघिल्लो खेलहरूमा इङलिस टोलीमा नदेखिने निश्चित भइसकेको छ। उनको घुँडामा गम्भीर चोट लागेको छ। चिकित्सकहरूले ओवेन कम्तीमा ५ महिना फुटबलबाट बाहिरिने सार्वजनिक गरिसकेका छन्। ओवेन घाइते भएको खेलमा स्विडेनले ३८ वर्षदेखि इङल्यान्डसँग अपराजित रहँदै आएको इतिहासलाई कायमै राख्यो।

विश्वकपको नवागन्तुक राष्ट्र त्रिनिडाड एन्ड टोबागोसँग पहिलो खेलमा गोलरहित बराबरीमा रोकिएको स्विडेनले दोस्रो खेलमा पाराग्वेलाई १-० को झिनो अन्तरले पराजित गर्दै दोस्रो चरण प्रवेशको सम्भावनालाई जीवित राखेको थियो। सन् २००२ को विश्वकपमा अर्जेन्टिना र इङल्यान्ड सम्मिलित 'ग्रुप अफ डेथ'मा सहभागी स्विडेन उक्त विश्वकपमा समूह विजेता हुँदै दोस्रो चरणमा प्रवेश गरेको थियो। यो देश दोस्रो चरणमा अफ्रिकाको नवागन्तुक सेनेगलसँग पराजित भएको थियो। स्विडेन दुई वर्षअघि पोर्चुगलमा सम्पन्न युरोकपमा पनि नेदरल्यान्डसँग पेनाल्टी सुटआउटमा पराजित हुँदै दोस्रो चरणबाट बाहिरिएको थियो।

विश्वकपको बलियो टोली मानिएको अर्जेन्टिना दोस्रो चरणमा मध्य अमेरिकी राष्ट्र मेक्सिकोसँग खेल्ने तय भइसकेको छ। मेक्सिको समूह 'डी'को उपविजेता हुँदै दोस्रो चरणमा प्रवेश गरेको हो। तेह्रौंपल्ट विश्वकप खेलिरहेको मेक्सिको सन् १९७० र १९८६ को विश्वकपमा





ब्राजिलका जे रोबर्टो र अस्ट्रेलियाविरुद्धको खेलमा

**अठारौं विश्वकपअन्तर्गत बिहीवार बिहानसम्म ४४ खेल सम्पन्न हुँदा ९७ गोल भएका थिए । यसमा ३ आत्मघाती गोल भएका छन् । इङ्ल्यान्डविरुद्ध पहिलो खेलमा पाराग्वेका कप्तान कार्लोस गामारा, पाराग्वेविरुद्ध त्रिनिडाड एन्ड टोबागोका ब्रेन्ट सान्चो र अमेरिकाविरुद्ध इटालीका क्रिस्टियान जाकार्डोले आत्मघाती गोल गरेका छन् ।**



क्लोस

**चार गोल–** मिरोस्लाभ क्लोस (जर्मनी)

**तीन गोल –** फर्नान्डो टोरेस (स्पेन)

**दुई गोल–** हर्नान क्रेस्पो र म्याक्सी रोड्रिगेज (अर्जेन्टिना), अगस्टिन डेलगाडो र कार्लोस टेनोरिओ (इक्वेडर), टिम काहिल (अस्ट्रेलिया), टोमस रोसिस्की (चेक गणराज्य), ब्राभो ओमार (मेक्सिको), पाउलो वान्चुप (कोस्टारिका), डेभिड भिला (स्पेन), बार्टोज बोसस्की (पोल्याण्ड), स्टेभन जेराई (इङ्ल्यान्ड) र अरुना डिनडाने (आइभोरी कोस्ट)

**एक गोल–** टोर्सटेन फ्रिङ्स र फिलिप लाहम, ओलिभर नेउभिली र लुकास पोडोलस्की (जर्मनी )


इभान काभिडेस (इक्वेडर), रोनाल्ड गोमेज (कोस्टारिका), पिटर क्राउच र जोए कोल (इङ्ल्यान्ड), नेल्सन क्युभास (पाराग्वे), फ्रेडी लुम्बर्ग, मार्कुस अलब्याक र हेनरिक लार्सन (स्विडेन), लियोनेल मेसी, जाभियर साभिओला, कार्लोस टेभेज र इस्टेबन काम्बिआसो (अर्जेन्टिना), आर्जेन रोबेन, रोबिन भान पर्सी र रुडभान निस्टेलरोय (नेदरल्यान्ड), डिडियर ड्रोग्बा, बोनाभेन्चर कालोउ र बाकारी कोने (आइभोरी कोस्ट), जिन्हा र होसे फोन्सिका (मेक्सिको), याभा गुल मोहम्मद र सोहरब बाख्तियारिजाडे (इरान), फ्लाभियो (अंगोला), पाउलेटा, डेको, क्रिस्चियानो रोनाल्डो, मानिच र सामिओ साब्रोसा (पोर्चुगल), भिन्सेन्जो इक्विन्टा, आन्द्रेइ पिर्लो र अल्बेर्टो गिलार्डिनो (इटाली), आसामोआ गियान र सुले मुन्तारी (घाना), यान कोलर (चेक गणराज्य), काका, आद्रियानो र फ्रेड (ब्राजिल), सुनसुकी नाकामोरा (जापान), जोन अलोइसी (अस्ट्रेलिया), थियरी हेनरी (फ्रान्स), ट्रानक्विलो बार्नेटा र अलेक्जेन्डर फ्रेइ (स्विजरल्यान्ड), आन जुङ हवान, ली चुन सु र पार्क जी सुङ (दक्षिण कोरिया), मोहम्मद कादेर (टोगो), जाभि ओलन्सो र राउल गोन्जालेज (स्पेन), माक्सिम कालिनिचेन्को, आन्द्रेयी सेभचेन्को, सेर्हिया रेबरोभ र आन्द्रेयी रुसोल (युक्रेन), जेइद जजिरी, राधी जाइदी, जाउहार मिनारी (ट्युनेसिया), यासेर अल खातानी, सामी अल जावेर (साउदी अरेबिया), निकोला जिजिक र सासा इलिक (सर्बिया एन्ड मोन्टेनेग्रो) ।

क्वाटरफाइनलसम्म पुगेको थियो । यसपालि विश्वकपको नवागन्तुक अफ्रिकी राष्ट्र अंगोलासँग गोलरहित बराबरीमा रोकिएपछि मेक्सिकोको विश्वकप प्रवेशको सम्भावना गाह्रो बनेको थियो । तर, एसियाली राष्ट्र इरानले महत्त्वपूर्ण अन्तिम खेलमा अंगोलालाई १-१ गोलको बराबरीमा रोकेपछि मेक्सिकोको दोस्रो चरण प्रवेश सम्भव भएको हो । मेक्सिकोले पहिलो खेलमा इरानलाई ३-१ ले हराएको थियो ।

सन् २००२ को विश्वकपमा पहिलो चरणबाटै बाहिरिएको अर्जेन्टिना 'ग्रुप अफ डेथ' अर्थात् समूह 'सी'को विजेता हुँदै दोस्रो चरणमा प्रवेश गरेको छ । दुईपल्ट विश्वकप जितिसकेको अर्जेन्टिनाले समूहगत खेलमा अफ्रिकाको अर्को नवागन्तुक राष्ट्र आइभोरी कोस्टलाई २-१, सर्बिया एन्ड मोन्टेनेग्रोलाई ६-० र नेदरल्यान्डलाई गोलरहित बराबरीमा रोक्दै दोस्रो चरणको प्रवेशलाई सहज बनायो । यही समूहमा गोल अन्तरको आधारले अर्जेन्टिनापछि दोस्रो चरणमा प्रवेश पाएको नेदरल्यान्डले भने क्वाटरफाइनल प्रवेशका लागि युरोपको अर्को शक्तिशाली राष्ट्र पोर्चुगलसँग भिड्नु पर्ने भएको छ । गत विश्वकपमा दक्षिण कोरियासँग पराजित भएपछि पहिलो चरणबाटै बाहिरिएको पोर्चुगल समूह 'डी'मा तीनवटै खेल जित्दै दोस्रो चरणमा उक्लिएको हो । दुई वर्षअघि आफ्नो देशमै सम्पन्न युरोकपको फाइनलमा पुगेको पोर्चुगलले समूहगत खेलमा अंगोलालाई १-०, इरानलाई २-० र मेक्सिकोलाई २-१ ले हरायो । दोस्रो चरणमा पोर्चुगलसँग भिड्न लागेको नेदरल्यान्ड सन् २००२ को विश्वकपमा छनोट हुन असफल भएको थियो । तर, यसपालिको विश्वकपमा आफ्नो प्रभाव कायम राख्दै डच टोलीले विश्वकपको प्रमुख दाबेदार मानिएको अर्जेन्टिनालाई गोलरहित बराबरीमा मात्र रोकेन, समूहगत अरू खेलमा सर्बिया एन्ड मोन्टेनेग्रोलाई १-० र आइभोरी कोस्टलाई २-१ ले हरायो । नेदरल्यान्ड पनि युरोपको अभागी देश मानिन्छ । सन् १९८८ मा युरोपियन च्यापियनसिप जितेको डच टोली अन्तिमपल्ट सन् १९९८ को विश्वकपमा ब्राजिलसँग सेमिफाइनलमा पेनाल्टी सुटआउटमा पराजित भएर बाहिरिएको थियो ।

यसैगरी समूह 'एफ'बाट ब्राजिल सजिलै दोस्रो चरणमा प्रवेश गरेको छ । सन् १९९० को विश्वकपदेखि समूह चरणको सुरुवातको दुवै खेल नै जितेर दोस्रो चरणमा प्रवेश गर्दै आइरहेको ब्राजिलले यसपालि क्रोएसियालाई १-० र अस्ट्रेलियालाई २-० ले हरायो । समूह 'एच'मा विश्वकपको बलियो टोली मानिएको स्पेनले लगातार दुइटा खेल जित्दै दोस्रो चरणमा आफ्नो स्थान सुरक्षित पारेको छ । विश्वकपको अभागी टोली मानिने स्पेनले समूहगत खेलमा युक्रेनलाई ४-० र ट्युनेसियालाई ३-१ ले हरायो । पछिल्लो विश्वकपमा क्वाटरफाइनलमा पुगेर दक्षिण कोरियासँग पेनाल्टी सुट आउटमा बाहिरिन पुगेको स्पेनले ४० वर्षअघि महत्त्वपूर्ण प्रतियोगिताको रूपमा सन् १९६४ को युरोपियन च्याम्पियनसिप जितेको थियो । सन् १९५० को विश्वकपमा सेमिफाइनलसम्मको यात्रा तय गरेदेखि विश्वकपमा स्पेनले कुनै महत्त्वपूर्ण उपलब्धि चुमेको छैन । यसपालि भाग्यले साथ दिएको खण्डमा स्पेनको फाइनल पुग्ने सम्भावना बलियो छ । ■

# जनधनको क्षति




**माओवादीहरू युद्धविराम** गरेर राजनीतिक अवतरण गर्न हतारिएको वर्तमान अवस्थामा एउटा गैरसरकारी संस्थाले माओवादी सशस्त्र द्वन्द्वको एक दशकमा भएका मानवीय र भौतिक क्षतिको फेहरिस्त प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदन 'पुस्तक'ले सशस्त्र द्वन्द्व कति भयानक रह्यो, त्यसबाट गरिब मुलुकको लगानी कसरी बर्बाद भयो भन्ने तथ्य उजागर गर्ने प्रयास गरेको छ।

सामुदायिक अध्ययन तथा कल्याण केन्द्रले सात दल र माओवादीबीच आठबुँदे सहमति हुनुभन्दा अघिल्लो दिन १ असार २००६२ मा 'एक दशकको प्रकोप' शीर्षकको पुस्तक सार्वजनिक गरिएको हो। दस वर्षको द्वन्द्वले नेपालमा कति क्षति भयो भन्ने तस्वीर प्रस्तुत गर्दछ। अंग्रेजीमा प्रकाशित पुस्तकमा विभिन्न स्रोतबाट प्राप्त तथ्य, तथ्यांकहरू एकत्रित गर्ने काम गरिएको छ, एकसरो विश्लेषण गर्ने प्रयास पनि गरिएका छन्। संस्थाले कुनै पूर्वाग्रह नराखेर प्रतिवेदन प्रकाशित गरेको स्पष्ट गर्दै भनेको छ, 'सशस्त्र द्वन्द्वको मूल्य कति चर्को हुन्छ भन्ने सम्बन्धमा तथ्यांक, तथ्य र चित्रहरूलगायत मुख्य मुख्य सार्वजनिक भौतिक सम्पत्तिको क्षति, हानि नोक्सानीको विवरण प्रस्तुत गर्ने, द्वन्द्व समाप्तिपछिको राष्ट्रिय पुनर्मिलन एवं पुनर्निर्माणको लागि आधार प्रस्तुत गर्ने र आमजनमानसलाई द्वन्द्वको परिणामबारे जानकारी एवं सचेत गराई दिगो शान्तिको स्थापनामा योगदान दिने उद्देश्यले अध्ययन गरेको हो।'

सशस्त्र द्वन्द्वका क्रममा आधिकारीक रूपमा २०६१ फागुनसम्मका १३,१९० नेपालीको ज्यान गएको जानकारी छ, जसमा राज्यका तर्फबाट ८,४५७ र माओवादीबाट ४,७३३ मारिएका छन्। माओवादीविरुद्ध सेना परिचालन भएपछिको चार वर्षमा हताहत हुनेको संख्या ह्वात्त बढेको तथ्य एकातिर छ भने द्वन्द्वका क्रममा मारिने १ हजार १ सय बढी सर्वसाधारण छन्, जसमा ४४६ बालबालिका र १७३ शिक्षकमध्ये धेरैजसो माओवादी 'जनक्रान्ति' सिकार बनेको तस्वीरले उनीहरूको क्रूरता र अमानवीयताको तस्वीर प्रस्तुत गर्दछ।

डिल्लीरमण ढकाल प्रमुख अनुसन्धाता भएर गरिएको अध्ययन प्रतिवेदनमा द्वन्द्वका क्रममा भएको मानवीय क्षति, भौतिक क्षति, मुख्य मुख्य आक्रमण जस्ता भिन्न भिन्न अध्याय र उपशीर्षकमा प्रस्तुत गरिएको छ। द्वन्द्वले पुऱ्याएको भौतिक क्षतिको मूल्यलाई रुपैयाँमा रूपान्तरण गर्ने प्रयास गरिएको छ। पुस्तकलाई जसरी दशकको 'राजनीतिक' प्रकोपको रूपमा जसरी नामकरण गरिएको छ, त्यसअनुसार विश्लेषण गर्ने काम गरिएको छैन। विश्लेषणभन्दा विवरण प्रस्तुति प्रधानता रहेको पुस्तक द्वन्द्वको मानवीय र आर्थिक क्षति बुझ्न एउटा सन्दर्भ सामग्री भन्न सुहाउने खालको छ।

# प्रशारण निर्देशिका




**सूचनाको हक** जनताको मौलिक अधिकार हो। मुलुकमा लोकतान्त्रीकरणका निम्ति स्वतन्त्र र जिम्मेवार सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसमा पनि प्रसारण संस्थाले खेलेको प्रभावकारी भूमिकाले जनताको चेतनाको स्तर उकास्न मद्दत पुऱ्याउँछ। स्वतन्त्र रूपमा सूचना सम्प्रेषणको विषयलाई संयुक्त राष्ट्रसंघले पनि आफ्नो घोषणापत्रको धारा १९ मा उल्लेख गरिसकेको छ।

प्रसारण संस्थामा काम गर्ने सञ्चारकर्मीले धेरै समस्या भोग्नुपर्ने हुन्छ, उचित मार्गनिर्देशनको अभावमा। कतिपय सामाजिक विषय जटिलमात्र होइन, विवादास्पद पनि हुन्छन्। सञ्चारकर्मीले समाचार संकलन र लेखनको क्रममा पत्रकारिताका मूल्यमान्यतालाई आत्मसात गर्न सकेनन् भने त्यसले जनतालाई सुसूचित गर्नु त परै जाओस्, सामाजिक समस्या खडा गर्छ। यही आवश्यकता मद्देनजर राखेर युनेस्कोले 'राष्ट्रमण्डल प्रसारण संघ मार्गनिर्देशिका' नामक पुस्तिका तयार गरेको छ।

यस पुस्तिकामा समाचार सम्पादन गर्दा अपनाउनुपर्ने पत्रकारिताका आधारभूत सिद्धान्तबारे चर्चा गरिएको छ। यससाथै स्वच्छता र सन्तुलन कायम गर्न समाचार संकलन र लेखनका क्रममा निष्पक्ष हुनुपर्ने उल्लेख छ। अन्तर्वार्तालाई कसरी अनुसन्धानमूलक, शिष्ट र चोटिलो बनाउने भन्नेबारे विभिन्न उपाय सुझाइएको छ। त्यसमा लेखिएको छ, 'अन्तर्वार्ता पक्षपाती, अशिष्ट र पूर्वाग्रही हुनुहुँदैन।'

समाचार स्रोतको सुरक्षा गर्नु पत्रकारको नैतिक दायित्वभित्र पर्छ। सम्बद्ध स्रोतसँग 'अफ द रेकर्ड' भएका कुराकानीको हकमा गोपनीयता कायम गर्नुपर्छ। गोपनीयता भंग भएमा प्रसारकको पत्रकारिता संकटमा पर्ने कुरा उल्लेख गरिएको छ। पुस्तिकामा बालबालिका, अपराध, निर्वाचन, हिंसा, दैवीप्रकोप लगायत विभिन्न सामाजिक विषयमा काम गर्दा एउटा पत्रकारले निर्वाह गर्नुपर्ने भूमिका उल्लेख छ। ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन, अस्ट्रेलियाली ब्रोडकास्टिङ कर्पोरेसन, क्यानेडियन ब्रोडकास्टिङ कर्पोरेसन, अल इन्डिया रेडियोलगायत विभिन्न प्रसारण संस्थाले तयार पारेका सामग्रीलाई समेत आधार मानिएको छ, यो पुस्तिका तयार पार्न। ५२ पृष्ठको सानो पुस्तिका भए पनि प्रसारण क्षेत्रमा काम गर्ने पत्रकार र सञ्चार अनुसन्धाताको लागि यो पुस्तिका धेरै उपयोगी हुने देखिन्छ।




**किताब** : शब्द स्पर्श र अनुभूति
**सम्पादक** : चंकी श्रेष्ठ
**पृष्ठ** : ८०
**मूल्य** : रु ५०/-
**प्रकाशक** : विवेक सिर्जनशील प्रकाशन



**किताब** : संवाद
**प्रधानसम्पादक** : मनोजमणि आचार्य
**पृष्ठ** : १९६
**मूल्य** : रु १०१/-
**प्रकाशक** : अन्तर संवाद समूह




**किताब** : विम्ब शिविर
**विधा** : कविता
**कवि** : सुरेन्द्र अस्तफल
**पृष्ठ** : ६८
**मूल्य** : रु ५१/-
**प्रकाशक** : चितवन साहित्य परिषद्




**किताब** : उपमा
**विधा** : कथा
**लेखक** : सीता अर्याल
**पृष्ठ** : ११२
**मूल्य** : रु १००/-
**प्रकाशक** : दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान

# फेवातालको सुस्केरा

■ प्रदीप नेपाल



**चिमोट्ने खालको घाम लागेको थियो,** बाराही मन्दिरको वारि किनारमा । भरखरैको कलिलो घाम थियो त्यो । तर, त्यो सिस्नोजस्तो छुस्के थियो । धनबहादुर नेपालीको अनुहारमा पसिना उत्रिएको थियो । म त भ्याप्पै भिजिसकेको थिएँ लुगाभित्र ।

'हाम्रो सुनिदिने कोही भएन', धनबहादुरले सुस्केरा छोड्यो ।

'फेवातालको संरक्षणका नाममा त आधा दर्जनभन्दा बढी संस्थाहरू खोलिएका छन्', मैले सम्झाउन खोजें ।

'तर ती हाम्रा लागि रहेनछन्', मेरो कुरो टुंगिन नपाउँदै धनबहादुरले अस्कोटको गोजीबाट सानो हाते रुमाल निकालेर अनुहारको पसिना पुछ्यो । मेरो अनुहारमा पसिना थिएन र लुगाभित्रको पसिना बाहिरबाट पुछ्न सकिदैनथ्यो । त्यसैले धनबहादुरले पसिना पुछुन्जेल मैले फेवाको पानीतिर आँखा डुलाएँ । फेवाको पानीले मभित्रको पसिना पुछिदिए जस्तो भयो ।

'ती हाम्रा लागि रहेनछन्', धनबहादुरले दोहोऱ्याउँदै भन्यो, 'ती सबै विदेशीका आँखाका लागि रहेछन्, हाम्रो ज्यानका लागि होइन रहेछन् ।'

मैले धनबहादुरको भाका बुझिनँ ।

'सके सरले मेरो कुरो बुझ्नु भएन', मैले नबुझेको कुरा धनबहादुरले बुझेछ । मैले कुनै प्रतिक्रिया जनाइनँ । धनबहादुरले आफैं प्रस्ट पार्दै कुरा अगाडि बढायो, 'सरहरू तालमा आउनु हुन्छ । कोही वाराही मन्दिरको परिक्रमा गर्न आउनु हुन्छ । कोही पारि किनारसम्म जान आउनु हुन्छ । कोही तीन चार घन्टा डुंगामा बिताउन आउनु हुन्छ । सरहरूको आगमन आँखाका लागि हो, मनका लागि हो । फेवाको नाममा गठन भएका ती आधा दर्जन संस्थाहरू सरहरू जस्तै मन र आँखालाई देखाउने हो ।'

'यो त तपाईंहरूलाई पनि हो नि धनबहादुर', मैले सम्झाउन खोजें ।

'होइन सर, हामीलाई होइन' धनबहादुरले फेवा जसरी नै सुसाउँदै भन्यो, 'हाम्रो त जिन्दगी गाँसिएको छ तालसँग । मेरा बाले डुंगा खियाउँथे मैले जान्दा । अहिले म डुंगा खियाइरहेछु र मेरो छोरो बहाना खेलाउन सक्ने भएको छ । डुंगा र बहाना हाम्रा बाबुआमा हुन् छोराछोरी पाल्ने । हाम्रा छोराछोरी हुन् बुढेसकालमा सहारा दिने । ताल हुँदा हामी बाँच्छौं, ताल सकिँदा हामी भोकभोकै मर्छौं । तर, कसले बुझिदिने यो पीर ! फेवाताल संरक्षण भनेको आँखाको रमाइलो भन्ने बुझेका छन् अरूहरूले । फेवा हाम्रो जीवन हो भनेर कसैले बुझेजस्तो लाग्दैन ।'

धनबहादुरको तर्कले मेरो मुटुमा चस्स छोयो ।ताललाई मैले पनि आँखैले हेरेर मन शान्त पार्ने सपनामा सँगालेको थिएँ ।

'सरलाई भनेको होइन मैले', धनबहादुरले अझै विनम्रताका साथ भन्यो, 'तर बाहिरबाट आएर ताल हेर्नेका लागि यो पुरिए अर्को भेटिन्छ, यहाँ जलकुम्भी भरिए अर्को पानीको ताल खोजिन्छ । हाम्रा लागि त सर ताल हुँदा भरिलो पेट, ताल नहुँदा खाली पेट हो ।'

धनबहादुरको पीडा मैले कहिल्यै बुझेको थिइनँ, बुझ्न चाहेको पनि थिइनँ । बेला बेलामा फेवा तालको बारेमा बोल्नुपर्दा म पनि उही पर्यटन व्यवसायको गीत गाउने गर्थें ।

डुंगा व्यवसायीको ताल किनारको कार्यालय अघिल्तिर बसेको थिएँ म । सडकै सडक पूर्वतिर पर एउटा सैनिक, कर्तव्यपरायणताको टोपी लाएर ठिंग उभिएको थियो । तर, त्यो कर्तव्य फेवातालप्रति समर्पित थिएन । त्यो ठूलो पर्खालभित्रको घरप्रतिको कर्तव्यपरायणता थियो । सायद त्यो घरको ढल पनि फेवातालमै झर्दो हो !

मन बैरागिएको थियो बिहानै । चर्को घाम, धनबहादुरको दुःखेसो र बाटाको दक्षिणतिर ठिंग उभिएको सैनिक सबैले एकैचोटि मन दुख्ने गरी गाली गरेका थिए ।

चिया आइपुग्यो । मन खुसी भयो ।

'म आफैं पामेसम्म डुंगा लिएर गएको थिएँ, जनमत संग्रह सकिएपछि' धनबहादुरको चियाबाट बाफ उडिरहेको थियो कि उसको सुस्केराबाट धुवाँ निस्किइरहेको थियो मैले थाहा पाउन सकिनँ । मैले पामेतिर नियालेजस्तो गरेँ, 'अहिले आधाभन्दा बढी, ताल सुकिसकेको छ । ताल झन् झन् खुम्चिँदै जाँदो छ । कहिलेकाहीँ त सर रातभर निद्रा लाग्दैन । बाउका पालामा यहाँदेखि पामेसम्मै पानी नै पानी थियो । अहिले आधा ताल पुरिइसकेको छ । छोराछोरीका पालामा वाराहीसम्मै पुरिन्छ कि भन्ने डर लाग्छ । मेरा नातिनातिना के गरेर बाँच्लान् भनेर पीर लाग्छ ... ... ...।'

चियाको चुस्की तानुन्जेल धनबहादुरले लामो गथेसो सुनायो । मेरा आँखाहरूमा प्रश्न थिए धेरै धेरै । तर, मेरो मुखबाट सान्त्वनाका दुई शब्द पनि निस्कन मानिरहेका थिएनन् ।

'हल्ला करोडौंको सुन्छौं, तर काम लाखको पनि हुँदैन । यो जलकुम्भी झार टिपेर फ्याँक्न वर्षको पाँच लाख भए पुग्छ । तर, त्यसैका लागि फरक फरक नाउँका संस्थाहरूले लाखौं खर्च गरेको समाचार सुनाउँछन् । कहाँबाट आउँछ त्यो पैसा, कहाँ जान्छ त्यो पैसा, हामीजस्ताले छन्को समेत पाउँदैनौं ।'

मन झन् बिरसिलो भयो । फेवातालको सुन्दरता झनै मरेजस्तो भयो । आएको पैसा कहाँ जान्छ ? पाँच लाखमा सकिने काममा किन पच्चीस लाख देखाइन्छ ? मैले धनबहादुरको अनुहारमा हेरेँ । दर्जनौँ प्रश्न उसको अनुहारमा खेलिरहेका थिए । मैले अर्को एउटा प्रश्न त्यहाँ खप्टिन सकिनँ ।

'गरिब हुनु, अछुत हुनु साह्रै नराम्रो हुँदोरहेछ सर', धनबहादुरले अमिलिएको स्वरमा भन्यो । बाउआमाले हामीलाई पढाउनु पर्छ भनेर जानेनन् । उही प्राइमरी स्कुलको कखरामा हाम्रो पढाइ टुंगियो । प्रपोजल लेखेर देऊ, हामी सहयोग गर्छौं भन्छन् यसो डुंगामा घुम्न आउने विदेशीहरू जलकुम्भी झार देखेर । प्रपोजल पनि सित्तै लेखिदिँदा रहेनछन् । त्यो लेखाउने पैसो हामीसित छैन । एकपल्ट एउटा ठूलो विदेशी डाक्टर पनि लिएर आएका थिए कसैले । त्यसले पनि हाम्रा लागि केही गरेन । यो झार कहाँबाट आएको हो ? कसरी आएको हो ? भनेर सोधिरहनु पर्थ्यो र सर ! यो त आइसकेको छ । यसलाई नाश गर्न हामी आफैँ सक्छौँ भनेर हामी कराइराखेका छौँ । हामीलाई पाँच लाख पैसा भए पुग्छ भनिराखेका छौँ । कसैले सुन्दैन ... ।'

'सरले हाम्रो दुःखेसो सबैलाई सुनाइदिनु पर्‍यो । हाम्रो जातिको, हाम्रा सन्तानको अकाल मृत्यु नहोस् भनेर सबैलाई झकझक्याइदिनु पर्‍यो ।'

'फेवातालको आँगनमा लै लै माछापुच्छ्रे छायाँ' भन्ने मिठो गीत धेरै वर्ष पहिलेदेखि सुन्दै आएको थिएँ । अहिले पनि त्यो छायाँ पानीमा पर्छ होला भन्ठानेरै मैले धनबहादुरसँग सोधेँ, 'अहिले पनि तालको पानीमा माछापुच्छ्रे देखिन्छ धनबहादुर ?'

'लौ किन नदेखिने, देखिन्छ नि सर', धनबहादुरको उत्साही स्वर सुनेर मेरो मन फुरुंग भयो ।

धनबहदुरले मलाई धेरैबेर खुसी भैरहन दिएन, 'तर सर, पैले पैले जस्तो आनन्द आउँदैन शिखरको छायाँ हेर्दा पानीमा । ताल नै कच्याककुचुक भएर निचोरिएजस्तो भएको छ । निचोरिएको तालमा राम्रो शिखर कहाँ भेटिन्छ र ?'

मैले केही भनिनँ । मेरो अनुहारमा एक टक नियालिरहेको धनबहादुरले भन्यो, 'सर, समय छ भने एकछिन तालतिर जान भ्याइन्छ ?'

'केही काम छ र धनबहादुर ?', मैले उत्सुक स्वरमा सोधेँ ।

'यसो एक चक्कर घुमेर आएदेखि सर आफैँले प्रत्यक्ष देख्न पाउनु हुनेथियो ।'

प्रत्यक्ष देख्ने लोभलाई मैले पनि रोक्न सकिनँ । धनबहादुर डुंगाव्यवसायी समितिको सदस्य थियो । उसले दुईजना साथीलाई बोलाउँदै भन्यो, 'माइला, सरलाई एकछिन तालतिर घुमाएर ल्याऊँ । बाहिरबाट आएको मान्छे, यसो देख्नु हुन्छ, हाम्रो बारेमा बोल्नु हुन्छ ।'

धनबहादुर र म सँगै बस्यौँ । माइलाको परिष्कृत हातले बहाना खेलाउन थाल्यो । लामो डुंगालाई उसको हातले फुत्त फुत्त यता र उता सारेजस्तो देखियो ।

'माइला, ऊ त्यहाँ झारको पोको छ, डुंगा त्यतै लग त', धनबहादुरले भन्नुमात्र थियो, डुंगा फनक्क बटारिएर पाथी घोप्टिएको झारको छेउमा पुग्यो ।

धनबहादुरले झारको पोको झिक्यो र डुंगामा राख्यो । मैले जिज्ञासु आँखाले उसको अनुहारमा हेरेँ । उसले प्रश्न बुझे जसरी मलाई सम्झायो, 'यही हो सर, तालको शत्रु । एउटा झार मात्रै देख्ता पनि मन भाउन्निएर आउँछ ।'

'यसरी एउटा एउटा झार टिपेर कसरी सकिन्छ र धनबहादुर ?' मेरो प्रश्न सुनेर धनबहादुर मुसुक्क हाँस्यो । त्यतिबेलै पारिको जंगलमा हावाले सुसेली खेल्यो ।

'यसरी टिपेर फालेरै त यो झार नाश गर्ने हो सर', धनबहादुरले मलाई सम्झाउँदै भन्यो, 'हिउँदमा सनक्क सोहोरेर यो ज्याद्रेलाई तालको किनारमा लानुपर्छ, आगोमा डढाउनु पर्छ र तालको शत्रुलाई मार्नुपर्छ ।'

'एकपल्ट फ्याँकेपछि यो सकिन्छ ?'

'कहाँ सकिनु सर ? वर्षैपिच्छे नसोहोरिई यसलाई रित्याउनै सकिँदैन ।'

'कुनै न कुनै दिन त यो सकिएला नि धनबहादुर', मैले आशाको स्वरमा सोधेँ ।

'फूलै फुल्न नदिने हो भने त सकिएला', धनबहादुर एकछिन टोलायो, 'तर सर यो नाथे जे भए नि झारै त हो । हामी जे भए नि मान्छे हौँ । यो उही जाँतो जस्तो घुमिरहने हो, हामी त यसलाई कसरी बिमाखै गर्न सकिन्छ भनेर सोच्न पनि सक्छौँ नि !'

किन किन मलाई हाँस्न मन लाग्यो तर म हाँसिनँ । हाँसो रोक्न खोज्दा सायद मेरो अनुहारमा विद्रुप छायो होला । त्यही विद्रुपलाई नियाल्दै धनबहादुरले अप्ठ्यारो स्वरमा सोध्यो, 'कि मैले बढी बोलेँ सर, हाडविनाको जिब्रो ।'

त्यति बेला भने मलाई हाँसोले छोप्यो । मैले हाँस्तै भनेँ, 'होइन धनबहादुर, तपाईंले बढी बोल्नु भएको छैन । हाड नभए पनि तपाईंको जिब्रोले बढी बोल्नै सक्तैन । तपाईं भाषण गरिहरनु भएको छैन, तपाईंले आफ्नो लागि केही खोजिरहनु भएको छ । तपाईं एउटा पुस्ता मात्र होइन, पुस्तौँ पुस्ताको पीडा बोलिरहनु भएको छ । हामी हाम्रो आँखाबाहेक केही देखिरहेका छैनौँ । भरखरै मात्र मैले तपाईंसँग सोधेको थिएँ, तालमा माछापुच्छ्रेको छायाँ देखिन्छ कि देखिँदैन भनेर । मैले, डुंगा व्यवसायीका नानीहरूले पढेका छन् कि छैनन् भनेर सोध्न सकिनँ । तिनीहरूले पेटभरि खान पाएका छन् कि छैनन् भनेर पनि सोध्न सकिनँ । धनबहादुर, मैले मेरै बारेमा सोचेँ । तर, तपाईंले मलाई जिन्दगीको गतिशील चक्रको शिक्षा दिनुभयो । त्यसैले तपाईंले बढी बोल्नु भयो भन्ने कुरै आउँदैन ।'

धनबहादुर चिसो पानीमा उम्रिएको न्यानो घाम जसरी मुस्कुरायो ।

'लौ सर, सरलाई घुमाउन ल्याएको राम्रो भयो', धनबहादुर सानो केटाकेटीजस्तो प्रफुल्ल भएर करायो ।

'के भो धनबहादुर ?', मैले सोधेँ ।

'ऊ पर छ नि फूल फुलेको झार । त्यै मोरो त हो ताल पुर्ने बैगुनी झार ।'

'तर फूल त राम्रो फुलेको छ नि धनबहादुर', मैले भनेँ ।

'आँखाको राम्रो न हो सर, हाम्रो सर्वस्व लुट्ने त्यै बैगुनी मोरो हो ।' मेरा आँखाले फूलमा हल्लिइरहेको जलकुम्भीलाई राम्रै देखिरहेको थियो । तर, त्यसले अर्को धनबहादुरको नातिलाई भोकभोकै मार्ने घोषणा गरिरहेको थियो । ■

कविता

# नौलोमान्छे

■ **बुद्धिसागर चपाईं**

तिम्रा गालाभरि बैंसमा नै खोपिल्टा पर्नेछन्
तिम्रा आँखाहरू बैंसमा नै भित्रभित्र पस्नेछन्
तिम्रा खुट्टाहरू कुजिनेछन्

घामले तिम्रो तालु डढाउनेछ
सडकले तिम्रा पाइताला पगाल्नेछ
र, तिमी हिँडिरहेका हुनेछौ
आत्तिँदै त्यो दिशातिर
जसको कुनै अन्त्य नै छैन !

तिम्रो नशाभरि यहाँकै पानी सिँचिनेछ
तिम्रो शरीरभरि यहाँकै माटो हुर्किनेछ
माटै मगमगाउनेछ, तिम्रो पसिनामा !

एकपल्ट आफैलाई नियालेर हेर्नु
तिम्रा आँखाहरूमा फुल्नेछ, अर्कै फूल
तिम्रा ओठहरूमा मुस्कुराउनेछ, अर्कै सूर्य !

अहिले म
तिम्रो नरम तालुमा यो तोरीको तेल थपथपाउँदै
कल्पना गरिरहेछु, त्यो दिनको
जुन दिन तिमीले यै तालुमा राख्नेछौ सिंगै पृथ्वी !

पहिलोपल्ट जुन धर्तीमा तालुले टेक्दै
प्रवेश गर्‍यौ,
त्यहाँ तिमीजस्तै करोडौं मान्छेहरू छन्
मान्छेसँगै
करोडौं दुःखहरू छन्
करोडौं आँसुहरू छन्
यिनै करोडौं मान्छेहरूमाझमा
तिमी एक्लो हुनेछौ !

त्यस बेला
हिँड्नु पर्छ तिमीले, यौटा नौलो बाटो
बोक्नु पर्छ तिमीले, यौटा नौलो झन्डा
गाउनु पर्छ तिमीले, यौटा नौलो गीत

जुन धर्तीमा तिम्रा बाबु मारिए
तिम्रो घर जल्यो
तिम्री आमाको सपना डढ्यो
फेरि,
तिमीले पनि यहीँ नै पिउनु पर्छ एकपल्ट
घटघटी पानी पिएसरी मृत्यु
तनतनी हावा पिएसरी अन्त्य !

यी करोडौं मान्छेहरूमाझ
यिनै मान्छेहरूले खोजेको
तिमी भने कतै छैनौ
सबैभन्दा नौलो मान्छे !

मेरो छोरा !
ल त बाबु, थिरी थिरी उठ
अगाडि हिँड !




# साज- खर्चिलो अनुभव

**तीस वर्षीय श्यामकृष्ण** पोखरेलले सामान्य काम गरिरहेको देखेर कमैले अनुमान लगाउँछन्- उनी एउटा राम्रा गायक पनि हुन् भनेर। उनले हालै निकालेको पहिलो एल्बम सुनेर मात्र साथीसँगी र उनलाई सामान्य मजदुरका रूपमा चिनिरहेकाहरूले पोखरेलको सिर्जनात्मक क्षमताबारे भेउ पाए। उनको एल्बम 'साज'ले बजार राम्रो नपाए पनि संगीत पारखी र सिर्जनाकारले उनको गायन क्षमता चिन्ने मौका पाए यसमार्फत।

१० वर्ष अघि गायन क्षेत्रमा प्रवेश गरेका पोखरेलले ०५२/५३ सालतिर साथीसँगीसँग मिलेर एउटा ब्यान्ड खोलेका थिए- सुस्केरा। यसको आयु लामो रहेन, न यसका अन्य सदस्यले संगीतलाई निरन्तरता नै दिए। तर, पोखरेलमा गायनको लत बसिहाल्यो जसलाई उनले अहिलेसम्म निरन्तरता दिइरहेकै छन्। 'कहाँसम्म भने पहिलो एल्बम निकाल्दा खर्च भएको झन्डै १ लाख रुपैयाँले पनि गायन छोड्न निरुत्साहन गरेको छैन', पोखरेल सुनाउँछन्।

हुन पनि साथीभाइले जोस्याएपछि कसैले लगानी नगरे पनि पोखरेल आफैं हौसिए र बजारमा आयो- साज। यसमा पोखरेलले आठवटा गीत गाएका छन्, जसमा कृष्णहरि बराललगायत चिनिएका गीतकारहरूका रचना परेका छन्। 'लोक-पप' भाकामा गाइएका गीतहरूले पोखरेलको गायन क्षमता राम्रोसँग उजागर गरेका छन्। तर, प्रचारप्रसार र वितरण राम्रोसँग नहुँदा उनको स्वरले न्याय पाएन। उनले आफ्नै खर्चमा बनाएको म्युजिक भिडियो पनि राम्रोसँग नबनेको भन्दै टेलिभिजन च्यानलहरूले प्रसारण गरिदिएनन्। 'यो क्षेत्रको अनुभव नभएकाले मलाई अहिले ठगिएको महसुससमेत भएको छ', पोखरेल भन्छन्, 'तर, पहिलो एल्बमले मलाई प्रशस्त अनुभव भने दिएको छ।' संगीत क्षेत्रको बढ्दो प्रतिस्पर्धामा प्रतिभाले मात्र गायक बन्न नसकिँदो रहेछ, यसका लागि बजारको अनुभव र सामाजिक सम्बन्ध पनि चाहिँदो रहेछ भन्ने पोखरेलमा देखिएको छ।

मजदुरी पेसामा रहेरै पनि उनी भजन, राष्ट्रिय गीत र लोकभाकाहरू गाइरहन्छन्। 'गीत त म छोड्नै सक्दिनँ', उनी हाँस्दै भन्छन्, 'पहिलो एल्बमले मलाई निराशामात्र दिएको छैन, प्रशस्त आशा, अनुभव र सीमित ठाउँमा भए पनि मेरो प्रतिभा उजागर गरेको छ।' ■

**'बढ्दो प्रतिस्पर्धामा प्रतिभाले मात्र गायक बन्न नसकिँदो रहेछ, यसका लागि बजारको अनुभव र सामाजिक सम्बन्ध पनि चाहिँदो रहेछ'**





# तस्वीरमा द्वन्द्व

**नेपालको एक दशक** लामो द्वन्द्व विस्तारै इतिहास बन्ने तयारीमा छ। तर, यो एक दशकले नेपालीलाई प्रशस्तै आँसु, पीडा र दुःख दिएको छ। यही द्वन्द्वमय एक दशक अब पुस्तकमा चित्रण हुने भएको छ। त्यो पनि तस्वीरहरूमा। धेरै तस्वीरहरू र कम शब्दमा द्वन्द्वलाई पुस्तकाकार गर्ने योजना बनाएको हो, नेपालयले।

पुस्तकमा मुलुकभरका फोटोग्राफर र सर्वसाधारणका तस्वीर समेटिनेछन्। पत्रकार कुन्द दीक्षितले पुस्तकको सम्पादन गर्ने भएका छन्। 'पुस्तकका लागि तस्वीर छनोट गर्नु चुनौतीपूर्ण हुनेछ', दीक्षित भन्छन्। उनको सम्पादन रहने भए पनि पुस्तकका लागि तस्वीरको छनोट दुई अन्तर्राष्ट्रिय सदस्यहरूको सहयोगमा गरिनेछ। पुस्तकका लागि दुर्गम क्षेत्रका फोटोग्राफरहरूले पनि तस्वीर पठाइरहेका छन्। अघिल्लो वर्ष पत्रकार नारायण वाग्लेको उपन्यास 'पल्पसा क्याफे' प्रकाशन गरेको नेपालयको यो दोस्रो पुस्तक हुनेछ। तीन महिनाभित्र यो पुस्तक सार्वजनिक गर्ने नेपालयले योजना बनाएको छ। ■

# आँखा- आँखा बोलिरहे




**'मनले छामेँ आँखाले हेरेँ** अरूलाई देखिनँ। सासैमा तिमी गाँसैमा तिमी बिर्सन सकिनँ।' उदय-मनिला सोताङको आवाज नेपाली संगीतप्रेमीहरूका लागि नौलो होइन। त्यसमाथि झन् कर्णदास, सपनाश्री, आनन्द कार्की जस्ता गायकगायिकाको आवाजको माधुर्य थपियो भने गीत कस्तो बन्ला ? उनीहरूकै स्वर संयोजन गरेर मनकामना म्युजिक प्रालिले नयाँ क्यासेट एल्बम बजारमा ल्याएको छ।

'आँखाको नानीमा' शीर्षक गीति क्यासेटमा आठवटा गीतलाई आठैजना गायकगायिकाले स्वरबद्ध गरेका छन्। हरिभक्त बुढाथोकीका मन छुने गीतहरूलाई शक्ति बल्लभले दिएको संगीतले क्यासेटको तौल झन् बढाएको छ। ■

# अब जी शाह मात्र बाँकी !

**प्रगतिशील लेखक** संघको सातौं राष्ट्रिय सम्मेलन चलिरहेको समयमा गत साता कवि तथा व्यंग्यकार विमल निभाले आफ्ना अनुयायी चंकी श्रेष्ठलाई चुनाव जिताउने प्रचार गरे । तर, निभाले गरेको प्रचारशैली अनौठो र अप्रिय थियो । उनले भनेका थिए, 'लेखकहरू पनि २० प्रतिशत जति आरक्षण गरेर केन्द्रमा पठाउनुपर्छ । त्यसैले चंकीजीलाई भोट दिनुहोला ।'

लेखकहरूको त्यसमा पनि वामपन्थी चिन्तन भएका प्रगतिशील सर्जकहरूको थलो भएकाले सिद्धान्ततः सबै राजनीतिक रूपमा समेत प्रस्ट व्यक्तिहरूको बाहुल्य प्रगतिशील लेखक संघमा हुनुपर्ने हो । कवि निभाले व्यक्त गरेको धारणा कटु जस्तो लागे पनि त्यसले धेरै कुराको संकेत गरेको थियो । प्रथमतः संघमा संगठित र नेतृत्वमा पुगेका व्यक्तिहरू लेखक भएको कारणले होइन कि राजनीतिक दलसँग निकटता रहेका कारण कोटा छुट्याएको आधारमा पुग्छन् भन्ने निभाको व्यंग्यात्मक आशय थियो । दोस्रो, सदस्यता वितरण कार्यमा समेत साहित्य र साहित्य नजिकको लेखकभन्दा राजनीतिक लेखकलाई बढी प्राथमिकता दिने गरिएको परम्पराप्रतिको व्यंग्य पनि थियो यो । अर्को कुरा, यसपटक संविधानसभा र उन्नत लोकतान्त्रिक चिन्तनसहितको समावेशीकरणको मुद्दाले संघको सम्मेलनमा प्राथमिकता पाएको थियो । यसपटक दलित, महिला, जनजाति, मधेसीलगायतको समुदायबाट प्रतिनिधित्व गराउनुपर्ने भएकाले वास्तविक लेखक उम्मेदवार बनेको भेट्न गाह्रो पर्ने अवस्था थियो । यी तीनवटै विषयमाथि व्यंग्य गरिएको थियो ।

विगतका केही वर्षलाई आधार मान्ने हो भने प्रगतिशील लेखक संघ सम्पूर्ण वामपन्थी दलभित्रका लेखकहरूको साझा संगठन बनेको छ । संवैधानिक राजतन्त्र स्वीकार गरेको नाममा राजा ज्ञानेन्द्रलाई दाम चढाएर राजाको रूपमा स्थापित गर्ने शक्तिहरूदेखि लिएर मार्क्सवादका शास्त्रीय मान्यतामा मात्र विश्वास गर्ने वामपन्थीहरूसम्मको साझा संगठन बन्न यो संघ सफल भएको छ । तर, प्रश्न के उठ्छ भने संघ वामपन्थीहरूको साझा मोर्चा मात्र हो वा लेखकहरूको पनि संगठन हो ? सिंगो मुलुक आन्दोलित भएको समयमा आन्दोलनकै लागि विभिन्न विचारका दर्जनौं साहित्यिक र सांस्कृतिक संगठन खोल्नुपर्ने आवश्यकता पऱ्यो । लामो इतिहास बोकेको प्रलेसको झन्डाबाट किन आन्दोलन सुरु हुन सकेन ? यो संस्थाको नामलाई सबैले अविश्वासको नजरबाट किन हेर्न पुगे ? साहित्यिक र सांस्कृतिक क्षेत्रका व्यक्तिहरू आफैं प्रस्ट भइरहेको अवस्थामा यो संस्थाको नाममा एउटा पनि अग्रगामी कार्यक्रम किन हुन सकेन ? यस्ता प्रश्न जीवन्त रूपमा उठ्ने क्रमसँगै सम्मेलनले आफैंभित्र बहस सिर्जना गरेको छ ।

प्रगतिशील लेखक संघको यसपटकको सम्मेलनले केही बहस आम लेखकबीच छोडेर गएको छ । लोकतान्त्रिक आन्दोलन थाल्नुपर्ने बाध्यता सँगसँगै देशका हरेक पेसाकर्मी र सचेत जनसमुदाय राजनीतिक घेराबन्दीबाट केही बाहिर पुगेका छन् । विगतमा जस्तो दलगत तानातानी र गुटबन्दी कम भएको छ । तर, त्यस सँगसँगै विगतका हरेक क्षेत्रले सिकाएको पाटो के हो भने समयमै सही नीति र व्यक्तिको पहिचान गर्न नसक्दा निकै गम्भीर धोका पाइने रहेछ ।

प्रलेसको यसपटकको सम्मेलन लेखक खगेन्द्र संग्रौलाले बहिष्कार गरे । संग्रौलाले के तर्क गरेका थिए भने विगतमा राजाको शासनमा राजाको फोटो अगाडि राखेर प्राज्ञ बनेका गोविन्द भट्ट र जीवेन्द्रदेव गिरीहरू संस्थाबाट हटाइनुपर्छ । एउटा मूल्यको वकालत गर्दै हिँड्ने व्यक्तिले सिंगो मुलुकको एक चौथाइ जनता हप्तौं सडकमा ओर्लिंदासमेत पदको लोभमा प्राज्ञ बनिरहने व्यक्ति कसरी प्राज्ञ बन्न सक्छ ? त्यो पनि प्रगतिशील खेमाबाट ? संग्रौलाका यी प्रश्नको यसपटकको सम्मेलनले जवाफ दिएन ।

**एउटा मूल्यको वकालत गर्दै हिँड्ने व्यक्तिले सिंगो मुलुकको एक चौथाइ जनता हप्तौं सडकमा ओर्लिंदासमेत पदको लोभमा प्राज्ञ बनिरहने व्यक्ति कसरी प्राज्ञ बन्न सक्छ ? त्यो पनि प्रगतिशील खेमाबाट ? खगेन्द्र संग्रौलाका यी प्रश्नको यसपटकको सम्मेलनले जवाफ दिएन ।**

बरु, सम्मेलनमा भट्टलाई अझै पनि देउतासरह पूजा गर्नुपर्छ भन्नेहरू नै बढी क्रान्तिकारी नारा लगाएर उपस्थित भएको देखिएको थियो । वामपन्थी चिन्तन मात्र होइन, पार्टी सदस्य नै रहेर सक्रिय रहेका व्यक्तिहरू राजाको शासनमा प्रज्ञा-प्रतिष्ठानमा तलबी प्राज्ञ बन्ने र केहीले विभिन्न जिम्मेवारी सम्हालेर जागिर खाने परम्परालाई सैद्धान्तिकीकरण गरेका थिए । यसविरुद्ध सम्मेलनमा निभाकै शैलीमा टिप्पणी गर्दै स्वयं उम्मेदवार रहेका एक युवा लेखकले भने, 'अब जी शाह बाहेक यो संस्थामा सबै सदस्य बनिसके ।' उनले जी शाहको नाममा गीत लेख्ने राजा ज्ञानेन्द्र मात्र सदस्य बन्न बाँकी रहेको संकेत गरेका थिए ।

प्रगतिशील लेखक संघको विगत हेर्दा केही गौरवपूर्ण भने अवश्य देखिन्छ । तर, यसले समय सँगसँगै आफूलाई न परिवर्तन गरेर उदारवादी भएको घोषणा गर्न सक्यो न त विवादरहित ढंगले वैचारिक रूपमा प्रस्ट जमात उत्पादन गर्न सक्यो । धेरै टाढाको कुरा नगरी निकट विगतको कुरा गर्ने हो भने युवा पुस्ताको ठूलो जमात अग्रगामी र वामपन्थी चिन्तनमा विश्वास राखे पनि संस्था बाहिर बस्न पुग्यो । अहिले पनि स्थिति त्योभन्दा पृथक् छैन । बरु विगतमा राजाको कदमले सामान्य अग्रगमनको पक्षमा मात्र रहेका व्यक्तिहरूले त्यस्ता संस्थालाई पनि सघाउनुपर्छ भन्ने मान्यताले मात्रै विगतमा जस्तो ठूलो असंगठित समूहले बहिष्कार गर्नुपर्ने स्थिति सिर्जना नभएको हो भन्ने विषयमा नेतृत्व प्रस्ट हुनु जरुरी छ ।

यी मात्र होइन उपत्यकाबाहिरका सदस्यहरूमध्ये चुनिएर २५ प्रतिशतले मात्र मतदान गर्न पाउँछन् । तर, उपत्यकाभित्रका सम्पूर्ण सदस्यले साधारण सदस्य भएकै भरमा भोट हाल्न पाउने विशेष अधिकार राख्छन् । यस्तो अप्रगतिशील विधान र प्रावधान भएको संस्था कसरी प्रगतिशील हुनसक्छ ? यो विषय यसपटक पनि नउठेको होइन । तर, विगतको नेतृत्व र सम्मेलन आयोजकहरूले यसको पनि जवाफ दिन सकेनन् ।

मुलुक कुनै पनि समयमा फेरि जनतान्त्रिक धारबाट विचलिएकाहरूको नेतृत्वमा जाकिन सक्छ । त्यस समयमा अग्रगामी चिन्तन राख्ने, साहित्यलाई जनताको पक्षमा उपयोग गर्नुपर्ने सोच राख्ने र मार्क्सवादी चिन्तन मात्र राख्दै पार्टीमा संगठित नभएका व्यक्तिहरूलाई समेट्ने प्रयास संस्थाले नगरेमा उत्तरआधुनिकताको पेलान र युवाहरूको झन् प्रगतिशील चिन्तनका कारण संस्थाको अस्तित्व नै लोप हुने देखिन्छ ।

■ **पदम गौतम/काठमाडौं**

# मेधावी ठिटो

**चौबीस वर्षीय** छिरिङ लामाले सायदै सोचेका थिए होला, बेलायतजस्तो मुलुकको सरकारप्रमुखको हातबाट गहकिलो सम्मान पाइएला भन्ने । सिन्धुपाल्चोकको विकट गाउँ सेर्माथाङमा जन्मिएका छिरिङलाई ब्रिटिस काउन्सिलले उत्कृष्ट विद्यार्थीको रूपमा छनोट गरेपछि 'साइन' अवार्डबाट सम्मानित भएर बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरको हातबाट उनले गत महिना उक्त अवार्डसमेत लिइसकेका छन् ।

१२५ मुलुकका २ हजारभन्दा बढी मेधावी विद्यार्थीलाई उछिनेर पदक हात पार्नु कहाँ साधारण कुरा हो र ? छिरिङको सम्मानसँगै बेलायतमात्र होइन, युरोपभरि नै नेपालको नाम चर्चामा रह्यो, गत महिनाभरि । जीवनमा कहिल्यै नेपालको नाम नसुनेका विदेशीले समेत ग्लोब पल्टाएर नेपाल भन्ने मुलुक खोज्ने ध्याउन्नमा लागे । चार वर्षअघि 'हेल्थ डेभलपमेन्ट'मा उच्च शिक्षा अध्ययन गर्न बेलायत आएका छिरिङले ए लेभलसम्मको शिक्षा काठमाडौंबाट पूरा गरेका हुन् ।

अहिले बेलायतको नर्थुम्बिया विश्वविद्यालयमा पब्लिक हेल्थमा स्नातकोत्तर गरिरहेका छिरिङ हाल काठमाडौं आएका छन् । अध्ययनपछि सामान्य विरामी पर्दासमेत उपचार अभाव पर्ने आफ्ना गाउँवासीका लागि केही गर्ने सोच छ, उनको ।

स्वास्थ्यसम्बन्धी अनुसन्धान प्राथमिकताको विषय हो, छिरिङको । त्यसैले उनी 'टेलिमेडिसन'मा शोध गरिहेका छन् । ■



एजेन्सी



ज्योति देवकोटा

# जिरीका नायक

**तेह्र वर्ष अगाडिसम्म** नाँगै थियो जिरीभन्दा पूर्वको डाँडो । तर, धन जिरेलले आफ्नै हातले त्यहाँ एक हजार सल्लाका विरुवा रोपेर त्यसको संरक्षण थाले । आज त्यो डाँडो हरियो बनेको छ र त्यो डाँडा स्थानीय समुदायलाई हस्तान्तरण गरेर दंग छन्, धन ।

साँच्चिकै भन्ने हो भने जिरी जाने जो कसैले जिरीको नालीबेली जान्न खोज्यो भने सबैको औंला सोझै धन जिरेल र उनको बहुउद्देश्यीय घट्टप्रति सोझिन्छ ।

राजनीतिक रूपमा सदरमुकाम चरिकोटभन्दा सधैं टाढा रहने जिरीको समाजसेवामा लागेका नमुना व्यक्ति हुन्, धन जिरेल । पञ्चायतका बेला स्थानीय मानिसको आग्रहमा उनी प्रधानपञ्च समेत बने । तर, त्यस बेला उनले राजनीति मन पराएनन् । उनी भन्छन्, 'माथिल्ला तहका हाकिमहरूको आदेश शिरोपर गर्नुपर्ने त्यो बेलाको मान्यता मलाई मन परेन । त्यसपछि राजनीति त्यागेँ ।'

त्यति बेला राजनीतिसँगै सुरु भएको समाज सेवाको चस्काले भने उनलाई अझै छोडेको छैन । जिरी गाविसको आधा भू-भाग ओगटेको जिरी पशु विकास केन्द्रमा जागिरे हुँदा उनले स्विस नागरिकबाट सिकेको रचनात्मक विकासलाई अझै पनि मूर्तरूप दिन तल्लीन छन् उनी । अहिले जिरीमा एउटा मात्र बहुउद्देश्यीय घट्ट स्थापना गरेर सामाजिक पेसालाई अगाडि बढाइरहेका धन जिरेल भन्छन्, 'मलाई सबैले माया गरेर सामाजिक काम सुम्पिन्छन् ।' स्थानीय बजार सरसफाइ गर्नेदेखि घोडेटो बाटो बनाउने जिम्मा उनको उपस्थितिविना हुँदैन । ■



शून्य समय



युवराज घिमिरे

# प्रचण्डलाई 'आतंक'बाट मुक्ति देऊ

**साँच्चै नै प्रचण्डमा उत्कट चाहना भए उनी बुद्ध बन्न सक्छन्। तर, के उनका सहयोगीहरू, उनको दल र त्योभन्दा पनि बढी वर्तमान सरकारले उनलाई बुद्ध बन्न देला ? किनकि प्रचण्ड र आतंकलाई अलग हुन दिएमा यी तीनवटैको निहित स्वार्थमा बाधा उत्पन्न हुनसक्छ।**

**झन्डै अढाई दशकको** भूमिगत राजनीति त्याग्दै प्रचण्ड खुलारूपमा देखापरे औपचारिक रूपमै असार २ गते शुक्रबारका दिन। परिवर्तन र प्रगतिशीलताको पक्षसँग आफ्नो तादात्म्य बनाएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष प्रचण्ड त्यो रूपमा प्रधानमन्त्रीको निवासमा सार्वजनिक हुनुले सम्भवतः जारी वार्ता प्रक्रियाबाट उनी सन्तुष्ट रहेको देखाउँछ। त्यो स्वभाविक पनि हो।

विगत केही सातामा माओवादी र सरकार पक्षबीच पच्चीसबुँदे आचारसंहितामा हस्ताक्षर भएको छ। संविधानसभाको निर्वाचन र त्यसबाट भावी राजनीतिक पद्धति निर्दिष्ट हुनेबारे सैद्धान्तिक सहमति बनेको छ। माओवादी नेता तथा कार्यकर्ताहरू रिहा गरिएका छन्। माओवादीविरुद्धको 'आतंकवादी बिल्ला' तथा 'रेड कर्नर' नोटिस फिर्ता गरिएको छ। र, प्रचण्ड स्वयंले आफूलाई शान्ति, करुणा, त्याग र क्षमाका अस्त्रबाट झन्डै छब्बीस सय वर्षअघि आमूल परिवर्तनसहितको क्रान्ति पूरा गर्न सफल महात्मा बुद्धलाई अनुसरण गर्न आतुर रहेको आभास दिन पनि चुकेनन्।

साँच्चै नै प्रचण्डमा उत्कट चाहना भए उनी बुद्ध बन्न सक्छन्। तर, के उनका सहयोगीहरू, उनको दल र त्योभन्दा पनि बढी वर्तमान सरकारले उनलाई बुद्ध बन्न देला ? किनकि प्रचण्ड र आतंकलाई अलग हुन दिएमा यी तीनवटैको निहित स्वार्थमा बाधा उत्पन्न हुनसक्छ। र, प्रचण्डका लागि १० वर्षको सशस्त्र आन्दोलन नेतृत्व गर्नुभन्दा बुद्ध बन्ने प्रयासका व्यवधान हटाउन धेरै कठिन हुनेछ।

बुद्धका जीवनका घटनालाई कथाका रूपमा धेरै पुस्तक र साहित्यहरूमा संगृहीत गरिएको छ। स्वामी विवेकानन्दले त्यस्तै एउटा प्रसंग उद्धृत गरेका छन्, बुद्धबारे आफ्नो एउटा लेखमा। अहिंसाको सिद्धान्त र व्यवहारमा पशुबलिलाई पनि सामेल गर्ने अभियानको क्रममा बुद्धले एकजना राजालाई भने, 'यदि पशुबलिले तिम्रो स्वर्गको मार्ग प्रशस्त गर्छ भने नरबलिले झन् छिटो स्वर्ग उपलब्ध गराउनेछ तिमीलाई। त्यसैले मलाई बलि चढाऊ।'

सायद प्रचण्डले बुद्धजस्तै १० वर्षमा आफ्नो ज्यान 'बलि' चढ्न सक्ने तयारीमा राखी राखे। तर, बुद्ध कुनै राजनीतिक स्वार्थ र पदको प्रतिस्पर्धामा थिएनन्। निर्दोष या अपराधीको ज्यान जानुलाई बुद्धले उपलब्धि मानेनन्। बुद्धमार्गमा यात्रा सुरु गरेका छन्, प्रचण्डले शान्ति वार्ता प्रारम्भ र युद्धविरामबाट।

तर त्यसबाट उनलाई भड्काउने अनेक प्रयास भइसकेका छन्- आन्तरिक र बाह्य रूपमा। आन्तरिक रूपमा उनको दल र अनुयायीहरू प्रचण्डलाई आतंककै रूपमा प्रस्तुत गर्ने क्रम बन्द गरेमा माओवादी कमजोर हुने मान्यता राख्छन्। चन्दा 'आतंक'को निरन्तरता एउटा त्यस्तो पक्ष हो। जबसम्म प्रचण्डको निर्भरता (सुरक्षा) हतियारधारी छापामारहरूमा रहन्छ तब उनी बुद्धमार्गबाट टाढिई नै रहनेछन्। प्रधानमन्त्री निवासमा उनको आफ्नो आशय जति स्पष्ट थियो, त्यति नै स्पष्ट उनको लाचारी पनि प्रदर्शित थियो। महत्त्वाकांक्षी र लाचार नेताले अनेक सम्झौता गर्न सक्छन्, जसमा मुलुकको हित र स्वार्थमा ठूलो धक्का पुग्न सक्छ।

शुक्रवारको सात दलका शीर्षस्थ नेता र उनीहरूसँग भएको आठबुँदे सम्झौता प्रक्रियामा पनि स्पष्ट रूपमा प्रचण्डलाई 'आतंक'कै रूपमा प्रस्तुत गरियो, खासगरी वार्ताटोलीका संयोजक गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा। माधव नेपाल, शेरबहादुर देउवा र नारायणमान बिजुक्छे मात्र नभएर कांग्रेसकै वरिष्ठ नेताहरूको पनि मान्यता के छ भने प्रचण्डको 'आतंक' देखाएर गृहमन्त्रीले आठ बुँदामा हस्ताक्षर गर्न लगाए नेताहरूलाई। यसबाट नेताहरू जवाफदेहिताबाट मुक्त हुन सक्तैनन्। तर, प्रचण्डबाट उनीहरू त्रस्त छन् भन्ने कुरा उनी सार्वजनिक हुँदाको 'प्रेस कन्फरेन्स'मा स्पष्ट देखिएको थियो। प्रचण्डलाई यसरी 'आतंक'का रूपमा प्रस्तुत गर्ने क्रिया जारी रहेसम्म उनी न बुद्ध बन्न सक्छन्, न आमजनताका नेता।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा अभूतपूर्व स्वागत र सम्मान पाउनुपछाडिको कारण स्वभाविक थियो, कोइरालाले जनआन्दोलनको सफलताको प्रतिनिधित्व गरेका थिए। तर, त्योसँगैको अर्को कारण पनि थियो- उनले राज्यलाई प्रतिनिधित्व गरेका थिए विदेशमा। तर, कोइरालानिवासमा प्रचण्डको प्रेस कन्फरेन्स हुँदा उपप्रधानमन्त्री अमिक शेरचनदेखि गृहमन्त्री सिटौलासम्म कसैले पनि राज्यलाई प्रतिनिधित्व गर्न चाहेनन्। राज्यलाई प्रतिनिधित्व गर्न नचाहने व्यक्तिहरू मन्त्रीका रूपमा रहनु आफैमा राजनीतिक असंगति हो। अर्को त्यस्तो व्यक्तिमा या मन्त्रीमा राज्यको तर्फबाट माओवादी या अन्य कसैसँग वार्ता गर्ने या सहमतिमा पुग्ने आधिकारिकता या हैसियत हुँदैन कमसेकम नैतिक रूपमा।

राज्य र उसका अंगहरूमा सुधार गर्नु सरकारको कर्तव्य हो। तर, राज्यलाई अस्वीकार गर्नु या नअपनाउनु मन्त्रीहरूको पदीय अपराध हो। सैनिकलाई ९० हजारबाट २० हजारमा ल्याउनुपर्ने प्रचण्डको तर्क उचित हुनसक्छ। नेपाली सेनाका केही जवान या अफिसरहरूबाट बलात्कार भएका घटना पनि यदाकदा सार्वजनिक हुँदै आएका छन्। त्यसमा दण्डहीनता र उन्मुक्ति नहोस् भनी सुनिश्चित गर्ने काम सरकारको हो। तर, जनताबाट उठाइएको करमा मस्ती र महिलाहरूमाथि बलात्कार गर्नुबाहेक' नेपाली सेनाले अरू के गरेको छ र ? भन्ने सार्वजनिक बयान दिँदा नतमस्तक हुने मन्त्रीहरूले राज्यलाई प्रतिनिधित्व गर्ने अधिकार त्यसै क्षणबाट गुमाएनन् र ?

कल्पना गरौं, प्रधानमन्त्री कोइरालाले जनसेनालाई प्रचण्डकै अगाडि र सार्वजनिक कार्यक्रममा त्यही रूपमा प्रस्तुत गरे, जुन रूपमा प्रचण्डले सेनालाई चित्रित गरे अनि प्रचण्डले त्यसलाई प्रतिवाद गरेनन् भने के उनीसँग माओवादीलाई प्रतिनिधित्व गर्ने या नेतृत्व गर्ने अधिकार रहन्छ ? प्रचण्डले शुक्रवारको प्रेस कन्फरेन्समा राज्यप्रतिको मान्यता र समझदारी या त्यसको सर्वथा अभाव प्रस्ट हुने गरी सार्वजनिक रूपमा खुलाइदिएका छन्।

यसको अर्को पक्ष पनि छ- के ती अभिव्यक्तिहरू बुद्धवाणीको मर्यादा सीमाभित्र अड्छन् ? बुद्धमार्गमा हिँड्न अभ्यस्त नभएसम्म वाणी र कार्यमा अन्तर आई नै रहनेछ। त्यसैले यो प्रचण्डका लागि सम्भवतः परीक्षण काल पनि हुनेछ नयाँ मार्गमा। राज्य प्रतिनिधित्वविहीन अवस्थामा रहेको परिस्थितिमा यदि साँच्चै प्रचण्डले बुद्धलाई आदर्श मान्ने सोच बनाएका छन् भने त्यसले एउटा सफल रचनात्मक र राजनीतिक क्रान्ति जन्माउनेछ, जहाँ प्रचण्डलाई हतियारको डरभन्दा आदरको दृष्टिकोणले समर्थन गर्नेछन् जनताले र यो मालेमा वादको विरुद्ध जाँदैन।

तर कुनै ठोस र प्रतिकात्मक कदमबाट प्रचण्डले बुद्धमार्गमा यात्रा सुरु गरेमा उनी छिट्टै अगाडि बढ्न सक्नेछन्। यदि काजल खातुनका बाबुआमासँग उनले प्रत्यक्ष भेट गरी माफी मागेमा भोलिको राजनीतिमा न त प्रचण्ड कसैसँग डराउनुपर्नेछ, न उनीसँग कोही डराउनुपर्ने अवस्था आउनेछ। अभय (भयरहित) अवस्था बुद्धमार्गको आवश्यक सर्त हो। ■